सं.द.नं. : २७२(१२)०५९/०६०

पान नं.: ३०३८७५२७५

"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, BASUCOL सेवाका मूल आधार"

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

**(वातावरण भवन)**

वीरेन्द्रनगर-८, सुर्खेत




# वार्षिक प्रतिवेदन
## २०८२

**(गत आ.व. २०८१/०८२ को यथार्थ, चालु आ.व. २०८२/०८३ को संशोधन र आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित बजेट, कार्यक्रम र नीति समेत)**

(२३औं वार्षिक साधारणसभाको एकाई बैठकहरूको कार्यतालिका यसभित्र छ)



व्यवसायिक सिलाई कटाई व्यवसाय गर्नुभएको शेयर सदस्य



व्यापार व्यवसाय गर्नुभएको शेयर सदस्य आफ्नो पसलमा






यस संस्थामा संलग्न फिल्ड कर्मचारीहरूका लागि सञ्चालन गरिएको फिल्ड म्यानेजमेन्ट तथा उत्प्रेरणा सम्बन्धी तालिम कार्यक्रममा सहभागी कर्मचारी तथा उपस्थित संस्थाका पदाधिकारीहरू




सञ्चालक समितिको अध्ययन अवलोकन भ्रमणको क्रममा संस्थाका सल्लाहकार तथा पदाधिकारीहरू




सेवाकेन्द्र प्रमुखहरूको अध्ययन अवलोकन भ्रमणको क्रममा सहभागी प्रबन्धक तथा सेवाकेन्द्र प्रमुखहरू




संस्थाद्वारा सञ्चालित दुग्धशाखा

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

**वातावरण भवन**
**वीरेन्द्रनगर–८, सुर्खेत**

प.स. : ०८२/०८३
च.नं. : २३३

मिति : २०८२/०७/०२

**विषय : २३औं वार्षिक साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

***श्री आदरणीय शेयर सदस्यज्यू,***

संस्था सञ्चालक समितिको मिति २०८२ भाद्र २३ गतेको बैठकको निर्णयानुसार यस संस्थाको २३ औं **वार्षिक साधारणसभाको एकाई बैठक सम्बन्धी कार्यक्रमहरू** तपसिल बमोजिमको **मिति र स्थानहरुमा बिहान १०:०० बजेदेखि नाम दर्ता र औपचारिक शुरुवात ११:०० बजेदेखि** हुने भएको हुँदा सो एकाई बैठकहरुमा तपाईंको अनिवार्य र महत्वपूर्ण उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**एकाई बैठकमा छलफल हुने विषयहरू :**

१) वार्षिक साधारणसभामा उठेका र भएका विषयवस्तुको टिपोट र निर्णय प्रमाणित प्रतिनिधी छनौट ।
२) संस्थाको वार्षिक कार्यक्रम तथा नीति (अनुसूची १ देखि अनुसूची २ सम्मको) माथि छलफल र निर्णय ।
३) संस्थाको वार्षिक बजेट प्रतिवेदन (अनुसूची ३ देखि अनुसूची ४ सम्मको) माथि छलफल र निर्णय ।
४) लेखापरीक्षण प्रतिवेदन माथि छलफल र निर्णय ।
५) आ.व. ०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धी निर्णय ।
६) शेयर लाभांस तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७) संस्थाको विनियम संशोधन सम्बन्धमा ।
८) एकाई प्रतिनिधिहरुको सभाका लागि प्रतिनिधि छनौट सम्बन्धमा ।
९) संचालक समिति तथा लेखा समितिको निर्वाचन सम्बन्धमा ।
१०) विविध (खुल्ला छलफल तथा निर्णय) ।

**साधारणसभाको एकाई बैठक हुने मिति र स्थान तथा सहभागी हुने सदस्यहरूको विवरण :**

| क्र.सं. | एकाई बैठक नं. | एकाई बैठक हुने | | | कैफियत |
|---|---|---|---|---|---|
| | | मिति | स्थान | सहभागी हुने सदस्यहरु | |
| १ | ६ | २०८२ कार्तिक २१ | गुराँस ८, धरमपोखरा दैलेख | मेहेली धरमपोखरा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| २ | ७ | २०८२ कार्तिक २४ | दुल्लु ७, दैलेख | डुंगेश्वर, दुल्लु र चामुण्डा सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ३ | १ | २०८२ कार्तिक २७ | वराहताल ५, वड्डीचौर सुर्खेत | वड्डीचौर र बाबियाचौर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ४ | ५ | २०८२ कार्तिक ३० | सिम्ता ६, जामुनेबजार सुर्खेत | राकम र देवस्थल सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ५ | ३ | २०८२ मंसिर ३ | भेरीगंगा ११, राताचौर, सुर्खेत | मेहेलकुना र रामघाट सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ६ | ४ | २०८२ मंसिर ६ | कालिमाटी ३, सल्यान | रामपुर सेवाकेन्द्र अन्तर्गतका सदस्यहरु | |
| ७ | २ | २०८२ मंसिर ९ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | वीरेन्द्रनगर, यरिचोक र बचत तथा ऋण कार्यक्रम अन्तर्गतका सदस्यहरु | |
| ८ | | २०८२ मंसिर १६ | संस्था परिसर, वीरेन्द्रनगर ८, सुर्खेत | सबै एकाई बैठकबाट चयन भएका प्रतिनिधिहरु | एकाई प्रतिनिधिहरुको सभा |

**नोट :** १) एकाई बैठकहरुको कार्यक्रम संचालन तालिका सेवाकेन्द्रहरुले तय गरेअनुसार हुनेछ ।

**(चन्द्रलाल आचार्य)**
**अध्यक्ष**

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

**वातावरण भवन**

वीरेन्द्रनगर–८, सुर्खेत

# वार्षिक प्रतिवेदन

## २०८२

**सम्पादन सल्लाहकार**

श्री कमलराज रेग्मी
श्री कृष्णप्रसाद पौडेल
श्री डम्वरप्रसाद अर्याल
श्री देवकुमार सुवेदी
श्री चन्द्रलाल आचार्य

**बजेट तथा कार्यक्रम मस्यौदा उपसमिति**

| | | |
|---|---|---|
| कोषाध्यक्ष (सं. समिति) | श्री ताराकेशर पौडेल | : **संयोजक** |
| संयोजक (लेखा समिति) | श्री हेमलाल पन्त | : **सदस्य** |
| संयोजक (दुग्धशाला उ.स.) | श्री प्रेमप्रसाद चालिसे | : **सदस्य** |
| संयोजक (शिक्षा ता.उ.स.) | श्री राधाकुमारी ढकाल | : **सदस्य** |
| संयोजक (लघुवित्त उ.स.) | श्री हिरा बुढा मगर | : **सदस्य** |
| संयोजक (महिला बा.उ.स.) | श्री खगिकुमारी बास्तोला | : **सदस्य** |
| वरिष्ठ प्रवन्धक | श्री किरण बस्नेत | : **सदस्य** |
| बचत तथा ऋण का. प्रबन्धक | श्री अम्बिका खनाल | : **सदस्य** |
| लघुवित्त कार्यक्रम प्रबन्धक | श्री श्यामलाल न्यौपाने | : **सदस्य** |
| कार्यकारी प्रबन्धक | श्री सुरजप्रसाद आचार्य | : **सदस्य सचिव** |

**सम्पादन सहयोगी**

श्री झंकप्रसाद अर्याल
श्री सागर खड्का
श्री राजेश अधिकारी
श्री सोमप्रसाद थारु
श्री नारायण भट्टराई
श्री खगेन्द्र पौडेल (ख)
श्री महेशकुमार ढकाल
श्री गंगाराम सापकोटा
श्री हरिप्रसाद चालिसे
श्री श्यामलाल कँडेल
श्री उर्मिला रोकाय
श्री पूर्णबहादुर रोका
श्री ठुम्राकुमारी गिरी
श्री कृष्णबहादुर अधिकारी
श्री पारसकुमार खड्का

**कम्प्यूटर**

श्री देवेन्द्रकुमार सेजुवाल

**प्रकाशक**

**संचालक समिति, BASUCOL वीरेन्द्रनगर–८, सुर्खेत**

**सर्वाधिकार**

**प्रकाशकमा सुरक्षित**

**मुद्रण सहयोगी**

विन्ध्यावासिनी प्रिन्टर्स एण्ड सप्लायर्स

*वीरेन्द्रनगर–६, सुर्खेत*

# हार्दिक शुभ-कामना

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. आर्थिक, सामाजिक, व्यवसायिक लगायतका विभिन्नखाले सेवा क्रियाकलापहरु संचालन र व्यवस्थापन गर्दै सदस्य तथा समुदायको मन जित्न सफल कर्णाली प्रदेशकै एक अग्रणी सहकारी संस्था रहेको व्यहोरा सर्वविदितै छ । यसै परिप्रेक्ष्यमा सदस्य तथा समुदायका आवश्यकता र माग बमोजिमका विभिन्न सेवा क्रियाकलापलाई अझ परिस्कृत किसिमले संचालन गर्दै संस्था अहिले २३औं वार्षिक साधारण सभाको पूर्वसन्ध्यामा आइपुगेको छ । संस्थाको **२३औं वार्षिक साधारण सभा**को यस पावन अवसरमा संस्थाका संस्थापक तथा वातावरण परिसरमा अवस्थित विभिन्न संघ-सस्थाहरूका तर्फबाट हामी सम्पूर्ण शेयर सदस्यहरु, बचतकर्ता, संचालक, कर्मचारीहरू, यस संस्थाका शुभचिन्तक एवं समग्र संस्थाप्रति **हार्दिक बधाई तथा शुभ-कामना** व्यक्त गर्न चाहन्छौं । अहिलेको अवस्थासम्म आईपुग्दा यस संस्था समुदाय र अन्य संघ-सस्थाहरूमाझ स्थापित हुँदै कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा प्रभावकारी सेवाका साथ आफ्नो उत्कृष्ट पहिचान स्थापित गर्न सफल भएको छ। संस्थाको यस २३औं वार्षिक साधारण सभाको अवसरमा आगामी दिनमा सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने संस्थाको परिकल्पनालाई अझ सार्थक बनाउनुको साथै उत्तरोत्तर प्रगति गर्दै जाओस् भन्ने **शुभ-कामना** समेत व्यक्त गर्न चाहन्छौं ।

सँधै झैं यस वर्ष पनि संस्थाले आफ्नो वार्षिक साधारण सभाको अवसरमा वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन गर्न लागेकोमा हामी अत्यन्त खुशी भएका छौं । आफ्ना गतिविधिहरूको सूचना सम्प्रेषण गर्ने क्रममा प्रतिवेदन मार्फत सु-सूचित गराउने प्रयत्नका निम्ति संस्था सँधै बधाईको पात्र रहँदै आईरहेको छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायका क्षेत्रमा सहकारी सेवा विस्तार गर्नुका साथै संस्थाको मानवीय तथा सामाजिक सेवामा समेत संलग्न भई संस्थाको गरिमालाई अझ माथि उठाउने कार्य अति प्रशंसनीय छ। दैवी प्रकोप एवं प्राकृतिक प्रकोपको समयमा मात्र होईन विभिन्न महामारी तथा संकटको अवस्थामा पनि समुदाय तथा सदस्यलाई यस संस्थाले उदारताका साथ राहत तथा सहयोगका हात अगाडी बढाएको देखिन्छ। यसरी समुदायस्तरमा संस्था अझ जिम्मेवार भई प्रस्तुत हुने गरेकोमा हामी सबैले गर्वको महशुस गर्दै आएका छौं ।

अन्तमा, आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूको प्रभावकारी संचालन र विस्तार एवं निरन्तरता दिँदै थप व्यवसायिक क्षेत्रको खोजी गरी संस्था एवं सदस्यहरुको सीप विकास गर्दै थप परियोजना एवं कार्यक्रमहरू जन्माउँदै सहकारी आन्दोलन एवं सामाजिक सेवामा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं । जय सहकारी ॥

..............................
**नेत्रा रेग्मी**
**अध्यक्ष**
वातावरण सुधार समाज
(EDS) परिवार

..............................
**कमलराज रेग्मी**
**संस्थापक सल्लाहकार**
BASUCOL तथा EDS

..............................
**शरद पौड्याल**
**कम्पनी अध्यक्ष**
चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि. तथा
सञ्चालक एवं शेयर सदस्य परिवार

..............................
**होमलाल भण्डारी**
**सभापति**
नेपाल रेडक्रस सोसाईटी उपशाखा
वीरेन्द्रनगर ८, सुर्खेत परिवार

..............................
**मीनराज पन्त**
**अध्यक्ष**
तथा
प्रेरणा पुस्तकालय परिवार

# परिकल्पना, ध्येय, लक्ष्य तथा कार्यनीति (VMGS)

**परिकल्पना (Vision)**

सहकारी व्यवसायमुखी स्वस्थ, सुन्दर, स्वावलम्बी एवं सहयोगी सहकारी समाज निमार्ण गर्ने ।

**संस्थाप्रतिको सोच (Thinking About The Organization)**

सहकारिताको मूल्य र मान्यतामा आधारित बहु-व्यवसायात्मक अति उत्तम बहुउद्देश्यीय सहकारी संस्था ।

**ध्येय (Mission)**

आर्थिक विपन्नताका कारण गरिबीको कुचक्रमा परेका विपन्न वर्गका महिला, पुरुषहरूलाई सहकारी शिक्षाको कुशल सहजीकरणको माध्यमबाट उनीहरूमा जागरण ल्याउने कार्यक्रमहरु संचालन गरी सहकारी व्यवसाय तथा कृयाकलापमा स्वःस्फुर्त संलग्न भई सामुहिक रूपमा आफ्नो आर्थिक, सामाजिक एवं सांस्कृतिक विकास गर्न सक्षम तुल्याउने ।

**लक्ष्य (Goal)**

आर्थिक विपन्नतामा रुमल्लिएका हुँदा खाने र गरी खाने पिछडिएको वर्ग, समान आर्थिक स्थिति र उद्देश्य भएका महिला र पुरुष सदस्यहरूलाई बहुउद्देश्यीय सहकारी संस्थाको माध्यमबाट सामुहिक रूपमा बचत परिचालन बाट उत्पादन तथा व्यवसायिक ऋण वितरण, उपभोक्ता भण्डार, गुणस्तरीय शिक्षा, स्वास्थ्य, कृषि तथा विभिन्न आयमूलक व्यवसाय सञ्चालन गरी सदस्य तथा लक्षित वर्गहरूमा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता पूरा गर्न राष्ट्रिय सहकारी आन्दोलनमा सरिक हुने ।

**कार्यनीति (Stratagies)**

१. लक्षित वर्गसम्म सेवा पुऱ्याउनका लागि प्रत्येक वर्ष क्रमिक रूपले कार्यक्षेत्र विस्तार गर्दै खुला सदस्यताको नीति अवलम्बन गर्ने ।
२. सदस्य तथा समुदायको विकासका लागि कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र उद्योगसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू विभिन्न समुदायहरुमा सदस्यहरुको आवश्यकता अनुसार सेवाकेन्द्र कार्यालयहरु मार्फत सञ्चालन गर्ने ।
३. सदस्यहरूको आवश्यकता र रुचि अनुरूप बचत तथा अन्य सेवाहरू विस्तार गर्नुको साथै गुणस्तरीय तथा सुलभ सेवा प्रदान गर्ने ।
४. सदस्यहरूले गरेको शेयर लगानीमा वार्षिक लाभांश वितरण गर्ने ।
५. प्रत्येक आर्थिक वर्षमा निम्नआय भएका विपन्न वर्गहरूलाई संगठित गरी लघुवित्त कार्यक्रम, लघुउद्यम कार्यक्रम तथा पशुपालन व्यवसायका लागि ऋण तथा बचत परिचालनमा प्राथमिकता दिई ततसम्बन्धी क्षमताको अभिवृद्धि गर्दै जाने ।
६. संस्थाले भविष्यमा बैंकिङ्ग सेवा पनि सञ्चालन गर्ने उद्देश्य लिएको र सो उद्देश्य परिपूर्तिका लागि सदस्यहरूलाई आवधिक तथा स्वेच्छिक बचतजस्ता स्वेच्छिक कारोबार खाता खोल्न उत्प्रेरित गर्ने र कारोबार खाताको संख्या क्रमिक रूपले वृद्धि गरि बैंकिङ्ग सेवा सञ्चालन सम्बन्धी अनुभवहरू समेत हाँसिल गर्ने ।
७. संस्थागत कोषका रकमहरूलाई सुरक्षित तथा अधिक आय-आर्जन हुने क्षेत्रमा लगानी गर्ने ।
८. सामाजिक विकास निर्माणका कार्यमा संलग्न रहन सामाजिक विकास कोषको स्थापना गरी परिचालन गर्ने ।
९. संस्थाको मानवीय संसाधन, सदस्यहरुको सीप विकास तथा क्षमता अभिवृद्धिका लागि क्षमता अभिवृद्धि कोष स्थापना गरी उचित व्यवस्थापन र परिचालन गरी सीपयुक्त र दक्ष जनशक्ति तयार पार्दै जाने ।
१०. प्रत्येक वर्ष शेयर सदस्यहरूलाई सहकारी शिक्षाका सन्दर्भ सामाग्री, स्वास्थ्य र सहकारी अवलोकनजस्ता कार्यमा निरन्तर रूपमा संलग्न गराई राख्न प्रत्येक आर्थिक वर्षमा संस्थाको आम्दानीलाई मध्यनजर राखी आर्थिक सहयोग वितरणको व्यवस्था गर्ने ।
११. सामाजिक तथा आर्थिक विपन्नताको वातावरणलाई सन्तुलन राख्न संस्थाको कार्यक्षेत्रभित्र क्रमिक रुपमा गुणस्तरीय सहकारी विद्यालय, सुलभ र भरपर्दो सहकारी औषधालय, सहकारी यातायात, उपभोक्ता भण्डार, कृषि उद्योग, रेमीटान्स कार्यक्रम संचालनजस्ता सेवाहरू सदस्यहरूलाई संस्थागत रुपमा प्रदान गर्दै जाने ।
१२. समाजका बेरोजगार युवायुवतीहरूलाई उनीहरूको चाहना र सीपअनुसारको रोजगार प्रदान गर्न आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, उपभोक्ता भण्डार, साना तथा मझौला उद्योगहरू, कृषि व्यवसाय, होटल, रेष्टुरेन्ट जस्ता व्यवसायहरू सामुहिक रूपमा सञ्चालन गर्न उत्प्रेरित गरी उनीहरुको योजना अनुसार आर्थिक ऋण सहयोग प्रदान गर्दै सामुहिक लगानीको क्षेत्रमा जोड दिदैं जाने ।
१३. सञ्चालकहरूको व्यवसायकीरणमा जोड दिदै संस्थाभित्र असल संस्कृति निर्माणमा जोड दिने ।
१४. समान प्रकृतिका व्यवसाय गर्ने संघ-संस्थाहरूसँग नेटवर्क र सरोकारवालाहरूसँग सम्पर्क समन्वय सुदृढ गर्ने ।
१५. सेवाग्राही सदस्यहरूमा हुने दोहोरोपनाको पहिचान गरी त्यसको अन्त्य गर्न त्यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
१६. सदस्यहरुको आवश्यकता र संस्थाको स्रोत साधनको मध्यनजर गरी संस्थाका नीति नियमहरु समय सापेक्ष परिमार्जित गर्दै जाने ।
१७. सम्पादित तथा संचालित कार्यक्रमहरुको निरीक्षण, अनुगमनलाई प्रभावकारी बनाउँदै उपलब्धीहरुको समिक्षा गरी सदस्य तथा समुदायबाट प्राप्त सुझावहरुको आधारमा सहकारीको मूल सिद्धान्त र आदर्शको जगमा रहेर कार्यक्रमहरु तय गर्दै जाने ।
१८. सदस्य सर्वोच्चताको आधारमा सेवा तथा कार्यहरु सम्पादन गर्ने ।
१९. सदस्य, संचालक तथा कर्मचारीहरुमा सहकारी शिक्षा, संस्थाका गतिविधी एवं नीति नियमहरुका बारेमा पारदर्शी तरिकाले सुसूचित हुन प्रभावकारी संचार प्रणाली सुदृढिकरण गर्दै जाने ।
२०. वर्तमान वित्तीय बजार, मुद्रा स्फ्रीति, संस्थाको लागत तथा संचालन खर्च, आर्थिक अवस्था र सेवाको स्थिति विश्लेषण गरी लिने र दिने ब्याजदर समय सापेक्ष निर्धारण गर्दै जाने ।
२१. संस्थाका सदस्य, संचालक तथा कर्मचारीहरुको मूल्याङ्कनका आधारमा उचित पुरस्कार, सम्मान तथा जरिवानाको व्यवस्था गरी संस्था सुदृढिकरण एवं सुशासन कायम गर्दै जाने ।
२२. सहकारी सम्बन्धी सरकारी कानुन, नीति नियम र मापदण्ड तथा निर्देशनको पूर्ण रुपमा लागु गर्दै जाने अवस्था सिर्जना गर्ने ।

# विषयसूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | अध्यक्षको भनाई | १ |
| २. | संस्थाका परम्पराहरू | २ |
| ३. | संस्थाका मूल मन्त्रहरू | ३ |
| ४. | संस्थाको वर्तमान संक्षिप्त गतिविधि | ४ |
| ५. | लेखापरिक्षण प्रतिवेदन (आ.व. २०८१/०८२ को) | ८ |
| ६. | कार्यक्रम प्रतिवेदन (सचिवबाट प्रस्तुत कार्यक्रम र संशोधित नीतिसहित) | २० |
| ६.१ | अनुसूची १ : २०८१/०८२ को उपलब्धी, चालु आ.व.को संशोधन र आगामी प्रस्तावित कार्यक्रमहरू | २२ |
| ६.२ | अनुसूची २ : नीति, नियम तथा नियमावलीहरूमा थप, परिमार्जन तथा संशोधन २०८२ | २५ |
| ७. | बजेट प्रतिवेदन (कोषाध्यक्षबाट प्रस्तुत गत समिक्षा, चालु संशोधन र आगामी प्रस्तावित बजेटसहित) | २९ |
| ७.१ | अनुसूची ३ : गत आ.व. २०८१/०८२ को स्वीकृत बजेटको आय व्यय उपलब्धी समिक्षा | ३१ |
| ७.२ | अनुसूची ४ : चालु आ.व.को संशोधन प्रस्ताव र आगामी आ.व. २०८१/०८२ को लागि प्रस्तावित बजेट | ३२ |
| ८. | लेखा समितिको प्रतिवेदन २०८१/०८२ | ३४ |
| ९. | ऋण लगानी तथा असुली उपसमितिको प्रतिवेदन २०८१/०८२ | ३७ |
| १०. | शिक्षा तथा तालिम उपसमितिको प्रतिवेदन २०८१/०८२ | ३९ |
| ११. | दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उपसमितिको प्रतिवेदन २०८१/०८२ | ४० |
| १२ | रोजगार प्रवर्द्धन तथा व्यवसायिक सम्भाव्यता अध्ययन उपसमितिको प्रतिवेदन २०८१/०८२ | ४१ |
| १३ | महिला, युवा तथा बालबालिका उपसमितिको प्रतिवेदन २०८१/०८२ | ४२ |
| १४ | अनुसूची ५ : संस्थाको स्थापनादेखि हालसम्मको मुख्य कारोबार विवरण | ४३ |
| १५. | अनुसूची ६ : आ.व. २०८१/०८२ मा प्रदान गरिएको जी.आ. सुविधाको विवरण | ४४ |
| १६. | अनुसूची ७ : पुरस्कार तथा सम्मान विवरण | ४५ |
| १७. | अनुसूची ८ : संस्थाद्वारा संचालित विद्यालय (चिल्ड्रेन्स प्याराडाईज स्कुल)को संक्षिप्त गतिविधि | ४८ |
| १८. | अनुसूची ९ : व्यवस्थापकीय कर्मचारीहरूको नामावली | ४९ |
| १९. | सफलताका कथाहरू | ५२ |

# अध्यक्षको भनाई



– चन्द्रलाल आचार्य
*अध्यक्ष, BASUCOL*

***आदरणीय शेयर सदस्य ज्यूहरु,***

सामाजिक क्षेत्रमा क्रियाशील एक अग्रणी संस्था वातावरण सुधार समाज (EDS) ले वि.सं. २०५४ मा शुरु गरेको बचत तथा ऋण कार्यक्रमको जगमा यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना भएको कुरा हामी सबैमा विदितै छ। यस संस्थाको संस्थागत विकास गर्ने क्रममा हामी सहयोगी साथीहरुको सकारात्मक सोच तथा निरन्तरको प्रयत्नले अनेक प्रकारका समस्या र चुनौतीहरुसँग मुकाविला गर्दै सदस्य तथा सामुदायिक सेवालाई केन्द्रमा राख्दै समर्पित भावका साथ सक्रिय रहेका कारण आज संस्थाले आफ्नो यो उचाई ग्रहण गर्न सफल भएको महशुस भइरहेको छ। समुदाय तथा सदस्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारीका मूल्य र मान्यताहरुलाई आत्मसाथ गर्दै सहकारी आन्दोलनमा औपचारिक रुपमा संलग्न भएको आज २३ वर्ष पुरा भएको छ। स्थापनाकालमा १०० जना सदस्यहरुबाट शुरु भएको यस संस्था अहिलेको अवस्थासम्म आईपुग्दा संस्थामा ३१ हजार भन्दा बढी सदस्यहरु स्वस्फूर्त रुपमा संलग्न रही आफ्नो तथा समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक साथै व्यक्तित्व विकास गर्न सामुहिक रुपमा लागिपरेका छौं । संस्थाले पस्केका कार्यक्रमहरुबाट आज कर्णाली प्रदेशका सुर्खेत सहित दैलेख, जाजरकोट तथा सल्यान जिल्लामा पनि सकारात्मक प्रभाव परेको छ। जसको फलस्वरुप उक्त जिल्लाहरुका गाउँ, शहर तथा समुदाय स्तरमा संस्थाका क्रियाकलापहरुको प्रसंशा हुनुका साथै संस्थाको वकालत र संरक्षण गर्ने हजारौ हजार हातहरु हामीसँग सँगसँगै छन् । तसर्थ यस पावन अवसरमा हामी हाम्रा आदरणीय शेयर सदस्यज्यूहरु, संचालक समितिका साथीहरु, सल्लाहकार, अन्य शुभचिन्तक महानुभावहरु एवं कर्मचारी वर्गहरुमा संस्थाको तर्फबाट धन्यवाद सहित सहकारीताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

सहकारी संस्थाहरु सदस्यद्वारा नियन्त्रित संस्था भएको ब्यहोरा सर्वविदितै छ। तसर्थ सदस्यहरुले चासो नराखेमा संस्थाले सोचेअनुसारको प्रगति हासिल गर्न नसक्ने र पतन उन्मुख हुने हुँदा संस्थाका सम्पूर्ण सदस्यहरु पूर्ण रुपले क्रियाशील हुन आवश्यक देखिन्छ। सहकारी संस्थामा प्रजातान्त्रिक प्रक्रियाबाट आर्थिक प्रणालीमा पारदर्शिता, सुशासनयुक्त व्यवस्थापन, प्रभावकारी सूचना तथा मूल्याङ्कन प्रणालीको अवलम्वन गरिएको हुन्छ। आजको युग सूचना, सञ्चार र प्रविधिको युग भएको हुँदा अन्य क्षेत्रमा जस्तै सहकारीमा पनि सूचना सञ्चारको महत्वलाई आत्मसाथ गर्दै सदस्य सर्वोच्चतालाई ध्यानमा राखी सहकारी संस्थामा सूचना सञ्चारको पहुँचलाई पनि महत्व दिनुपर्ने हुन्छ। यसै यथार्थतालाई महसुस गरी संस्थाका सेवा क्रियाकलापहरुको यथार्थ सूचना सदस्य तथा शुभ चिन्तकहरु समक्ष पुर्‍याउन सँधै झैं यस वर्ष पनि यो वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशित गरिएको छ ।

सदस्यहरुलाई संस्थाका गतिविधिको पूर्व जानकारी गराई २३ औं वार्षिक साधारणसभामा गरिने महत्वपूर्ण निर्णयहरु गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले साधारणसभा अगावै यो प्रतिवेदन पुस्तिका प्रस्तुत गरिएको छ। सदस्यज्यूहरुबाट यस प्रतिवेदनको अध्ययन गरी २३ औं वार्षिक साधारणसभा अन्तर्गत एकाई बैठकहरुको बन्दसत्रहरुमा सक्रिय सहभागिता जनाई आवश्यक छलफलका साथै रचनात्मक सुझाव सहित कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई स्वीकृत गरी कार्यान्वयनका लागि संचालक समितिलाई सहयोग प्रदान गर्नुहुनेछ भन्ने विश्वास लिएका छौ । यो प्रतिवेदन तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका पदाधिकारी, संचालक समितिका पदाधिकारी, सल्लाहकार तथा सदस्यहरु, कर्मचारी, उपसमिति र तमाम शेयर सदस्यज्यूहरुको जिम्मेवारी, मेहनेत र लगनशीलताबाट यो प्रतिवेदन पुस्तिका तयार भएको छ। यस प्रतिवेदनमा संलग्न सबै विवरण तथा क्रियाकलापहरुको अध्ययनबाट यस संस्थाको क्रियाकलाप तथा आर्थिक बजेट र नीति नियमहरुका सम्बन्धमा अझ स्पष्ट हुनुहुनेछ भन्ने विश्वास समेत लिएको ब्यहोरा अनुरोध छ ।

अन्तमा, गतवर्ष सम्पन्न संस्थाको साधारणसभा पश्चात यस २३ औं वार्षिक साधारणसभासम्म आईपुग्दा हामीसँग हातेमालो गर्दै आउनुभएका संस्थाको दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उप-समितिका सदस्य दिनेश प्रसाद न्यौपाने सहित केही शेयर सदस्यहरुको स्वर्गारोहण भएको छ। ती दिवंगत सदस्यहरुको आत्माको चीर शान्तिको कामनाका लागि श्रद्धाञ्जली व्यक्त गर्दछौं । यस समयमा संस्थामा आवद्ध हुनुहुने नयाँ सदस्य महानुभाव र सहकारी सेवाको भावनाले संस्थामा नियुक्त हुनुभएका नयाँ कर्मचारी साथीहरुलाई स्वागत एवं बधाई दिन चाहन्छौं। संस्थाको विकासका लागि सल्लाह, सुझाव प्रदान गर्ने सहकारीसँग सम्बन्धित सबै सरकारी निकायहरु, सहकारी तथा अन्य गैर सरकारी संघ सस्थाहरु तथा शुभेच्छुक महानुभावहरुप्रति पनि कृतज्ञता व्यक्त गर्दछौ । निरन्तर रुपमा संस्थाका सेवा क्रियाकलापहरुमा संलग्न हुनुहुने आदरणीय शेयर सदस्य महानुभावहरु, समिति-उपसमितिका साथीहरु, कर्मचारी वर्ग एवं शुभेच्छुक सबैको महत्वपूर्ण योगदानको उच्च कदर र सम्मानका साथ संस्थागत हितलाई सँधै उच्च महत्व दिई निरन्त रुपमा संस्थागत गतिविधिहरुमा संलग्न हुनुहुन अनुरोध गर्दै आगामी दिनहरुमा पनि सँधैं झैं सकारात्मक र रचनात्मक किसिमको सहयोग, सल्लाह, समन्वय र सहकार्यको अपेक्षा राखेका छौं ।

*धन्यवाद ! जय सहकारी !!*

# संस्थाका परम्पराहरु




## BASUCOL संस्थागत गान

सत्य बोल्छौं, अनुशासित परिश्रमी हुन्छौं ।
फजुल खर्च नगरेर बचत गर्ने गर्छौं ॥

सफा राख्छौं घर-आँगन, बाल-बच्चालाई ।
सहकारीमा मिली बस्छौं, सधैं-सधैंलाई ॥

बिंडी, चुरोट, खैनी, रक्सी अब खाने हैन ।
परिवार सानो राख्छौं, झुठो बोलिँदैन ॥

गरिँदैन अन्याय त सहिँदैन पनि ।
जे-जे बोल्छौं गरिछाड्छौं हामी स्वाभिमानी ॥
हामी स्वाभिमानी ॥

## सदस्य प्रतिज्ञा

| | |
|---|---|
| १. समूहमा सधैं | - मिलेर बस्छौं । |
| २. जहाँ दोहोरोपना | - ताहाँ हाम्रो आलोचना । |
| ३. कसैको कुभलो | - चिताउने छैनौं । |
| ४. झुटो कहिल्यै | - बोल्दैनौं-बोल्दैनौं । |
| ५. लिएको कर्जा | - सदुपयोग गर्छौं । |
| ६. कर्जाको किस्ता | - नियमित तिर्छौं । |
| ७. नियमित बचत | - गर्छौं-गर्छौं । |
| ८. घर-आँगन, बालबच्चालाई | - सफा राख्छौं । |
| ९. बालबच्चालाई स्कूल | - पठाउँछौं-पठाउँछौं । |
| १०. चर्पीको प्रयोग | - नियमित गर्छौं-गर्छौं । |
| ११. परिवार सानो | - राख्छौं-राख्छौं । |
| १२. आफू अन्याय | - गर्दैनौं-गर्दैनौं । |
| १३. कसैले अन्याय गरे | - सहने छैनौं । |
| १४. एक सदस्य, एक संस्था | - हाम्रो अठोट प्रतिवद्धता । |
| १५. ईश्वर साक्षी छन् | - जे बोल्छौं गरिछाड्छौं । |

नमस्कार ।

## कर्मचारी प्रतिज्ञा

हामी निस्वार्थ भावले संस्था, सदस्य तथा विपन्न वर्गका मानिसहरूको सामाजिक, सांस्कृतिक र आयस्तर वृद्धिका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.का विभिन्न कार्यक्रमहरुबाट परिचालित भई सदस्य तथा समुदायको सहयोगी बन्नेछौं । संस्थाका विविध सेवा तथा कर्जा वितरण गर्दा एक संस्था एक सदस्यको अवधारणा अनुसार दोहोरोपना नपर्ने गरी विपन्न वर्गका महिलाहरूलाई प्रथम प्राथमिकता दिनेछौं । यसो गर्दा हामी जातजाति, धर्म, वर्ग, वर्ण तथा राजनैतिक आस्थाका आधारमा कसैलाई पनि भेदभाव गर्ने छैनौं । हामी हाम्रो कर्तव्य पालना गर्ने गराउने क्रममा बिनामूल्य कसैबाट केही लिने/दिने छैनौं । ईश्वर साक्षी छन् जे बोल्छौं, सोही गर्छौं ।

नमस्कार ।

⌘

# संस्थाका मूल मन्त्रहरु

**"कृषि, शिक्षा, स्वास्थ्य र रोजगार, BASUCOL सेवाका मूल आधार"**

## सहकारीका सात सिद्धान्तहरु:

- ✯ स्वेच्छिक तथा खुल्ला सदस्यता ।
- ✯ सदस्यहरूद्वारा आर्थिक सहभागिता ।
- ✯ नियमित शिक्षा, तालिम र सूचना ।
- ✯ समुदायप्रति चासो ।
- ✯ सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण ।
- ✯ स्वायत्तता र स्वतन्त्रता ।
- ✯ सहकारीबीच पारस्परिक सहयोग ।

## संस्थाका विश्वास (मूल्य)हरु:

- ✯ लैङ्गिक समानता र समता ।
- ✯ स्वावलम्बन र स्व-उत्तरदायित्व ।
- ✯ विपन्नता न्यूनीकरण ।
- ✯ ऐक्यबद्धता ।
- ✯ संस्था विकास ।
- ✯ प्रजातन्त्र र समावेशीकरण ।
- ✯ सामाजिक उत्तरदायित्व ।
- ✯ अरुको हेरचाह ।
- ✯ क्षमता अभिवृद्धि ।
- ✯ आत्म सहयोग ।
- ✯ इमान्दारिता ।
- ✯ खुल्लापन ।

## संस्थाका आचरण (मान्यता)हरु:

- ✯ भेदभावरहीत मानवीय व्यवहार ।
- ✯ स्वावलम्वी र पारस्परिक सहयोगपूर्ण व्यवहार ।
- ✯ अग्रजहरूको विश्वास र आदर ।
- ✯ सादा जीवन उच्च विचार ।
- ✯ आर्थिक अनुशासन ।
- ✯ आत्मालोचना र भूल स्वीकार ।
- ✯ क्रमबद्ध बचत दर ।
- ✯ सेवामूखी कार्यक्रम ।
- ✯ राजनीतिक, धार्मिक तटस्थता ।
- ✯ समान सहभागिता तथा समानुपातिक वितरण
- ✯ एक सदस्य, एक संस्थामा आवद्धता ।
- ✯ मानवीय मूल्य-मान्यताको कदर ।
- ✯ निस्वार्थता र त्यागको भावना ।
- ✯ विपन्नवर्गलाई प्राथमिकता ।
- ✯ सु-शासनमूखी प्रबन्धकीय व्यवस्था ।
- ✯ सहकारी सिद्धान्त, विनियमको पूर्ण पालना ।
- ✯ उचित मूल्य र प्रमाणित नापतौल ।
- ✯ पारदर्शी लेखा व्यवस्था ।
- ✯ स्वयंसेवकीय सेवा ।
- ✯ न्याय, शान्ति र एकता ।
- ✯ सन्तुलित ब्याज दर ।
- ✯ निरन्तर सेवामा समर्पण ।

समुदायमा धनीले गरिबलाई, विद्वान्ले अशिक्षितलाई, शहरीयाले गाउँलेलाई, एउटा जातले अर्को जातलाई, माथिल्लो तहकाले तल्लो तहकालाई हेप्नेलगायत धेरैखालका असामाजिक व्यवहार र संरचनात्मक हिंसाहरू छन् । सामाजिक रूपान्तरणका लागि यस्तो स्थितिबाट समाजलाई मुक्त गर्न, लोकतान्त्रिक र सहमत विधिलाई प्राथमिकता दिनुपर्दछ । त्यसको लागि सबैभन्दा उत्तम र भरपर्दो विधिको रूपमा सहकार्य र सहकारी पद्धति बढी सहज र वैज्ञानिक हुने कुरामा शंका गरिनुहुँदैन ।

*- BASUCOL मान्यता*

**"सम्पत्ति नभएर होईन, नचिनेर गरिब होईन्छ ।"**

**– सहकारी दर्शन**

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर–८, सुर्खेत*

# संस्थाको वर्तमान संक्षिप्त गतिविधि

**१. सदस्य सहभागिता तथा अन्य संस्थागत विवरण : (२०८२ भाद्र मसान्तसम्मको)**

| सदस्य संख्या | | | | सेवाकेन्द्र संख्या | लघुवित्त केन्द्र संख्या | लघुवित्त समूह संख्या | शेयर कित्ता संख्या | शेयर रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | अन्य | जम्मा | | | | | |
| २८४७२ | ३२२३ | २१ | ३१७१६ | १३ | १६६३ | ८५४८ | २८८०२४३ | २८८०२४३०० |

**२. संस्थाको स्वीकृत कार्यक्षेत्र :**

– सुर्खेत, दैलेख र जाजरकोट जिल्लाभरी तथा सल्यान जिल्लाका बनगाड कुपिण्डे, कालिमाटी, सिद्ध कुमाख, शारदा, कुमाख गरी ५ वटा स्थानीय तह (साविकका देवस्थल, मुलखोला, वामे, माझकाँडा, कुभिण्डेदह, घाँजरीपिपल, निगालचुला, चाँदे, काभ्रेचौर, मार्के, कालिमाटी काल्चे, कालिमाटी रामपुर र सुईकोट गा.वि.स.हरु)।

**३. संस्थाका कार्यालयहरुको विवरण :**

| क्र.सं. | कार्यालयको नाम | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | बचत तथा ऋण कार्यक्रम, केन्द्रीय कार्यालय | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२४९७७ |
| २ | लघुवित्त कार्यक्रम, केन्द्रीय कार्यालय | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३४२८ |
| ३ | वीरेन्द्रनगर सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-८, सुर्खेत | ०८३-५२३७५९, ९८०२५१४७०१ |
| ४ | मेहेलकुना सेवाकेन्द्र | गुर्भाकोट न.पा.-८, सुर्खेत | ०८३-४१००२२, ९८०२५१४७०२ |
| ५ | बड्डीचौर सेवाकेन्द्र | वराहताल गा.पा.-५, सुर्खेत | ९८०२५१४७०३ |
| ६ | राकम सेवाकेन्द्र | सिम्ता गा.पा.-६, सुर्खेत | ९८०२५१४७०४ |
| ७ | बाबियाचौर सेवाकेन्द्र | पञ्चपुरी न.पा.-५, सुर्खेत | ०८३-४१६०२४, ९८०२५१४७०५ |
| ८ | मेहेली धरमपोखरा सेवाकेन्द्र | गुराँस गा.पा.-८, दैलेख | ९८०२५१४७०६ |
| ९ | डुंगेश्वर सेवाकेन्द्र | डुंगेश्वर गा.पा.-७, दैलेख | ९८०२५१४७०७ |
| १० | यरिचोक सेवाकेन्द्र | वीरेन्द्रनगर न.पा.-४, सुर्खेत | ०८३-५२४५३४, ९८०२५१४७०८ |
| ११ | रामघाट सेवाकेन्द्र | भेरीगंगा न.पा.-११, सुर्खेत | ९८०२५१४७०९ |
| १२ | देवस्थल सेवाकेन्द्र | बनगाड कुपिण्डे न.पा.-१, सल्यान | ०८८-४११०१७, ९८०२५१४७१० |
| १३ | रामपुर सेवाकेन्द्र | कालिमाटी गा.पा.-३, सल्यान | ९८०१३६९९४३ |
| १४ | दुल्लु सेवाकेन्द्र | दुल्लु न.पा.-७, दैलेख | ०८९-४११०५५, ९८०१३६९९४४ |
| १५ | चामुण्डा सेवाकेन्द्र | चामुण्डा बिन्द्रासैनी ८, दैलेख | ९८०२५३६२४७ |
| १६ | वातावरण दुग्धशाला | वीरेन्द्रनगर न.पा. ८, सुर्खेत | ०८३-५२३०९३ |

**४. संस्थाले संचालन गरेका मुख्य सेवा तथा कार्यक्रमहरु :**

– सहकारी वचत तथा ऋण कार्यक्रम।
– लघुवित्त कार्यक्रम।
– लघुउद्यम कार्यक्रम।
– गुणस्तरीय शिक्षा कार्यक्रम (चिल्ड्रेन्स प्याराडाईज स्कूल प्रा.लि.)।
– वातावरण दुग्धशाला कार्यक्रम।
– वातावरण खाद्य उद्योग कार्यक्रम।
– रेमिटान्स सेवा कार्यक्रम (आई.एम.ई., प्रभु, हिमाल, मुक्तिनाथ, सिटी एक्सप्रेस, वेष्टर्न युनियन, पानस रेमिट, वुम रेमिट आदि)।
– वैकल्पिक उर्जा कार्यक्रम।
– तालिम तथा सहजीकरण कार्यक्रम (आन्तरिक तथा वाह्य संघ संस्थाहरुका लागि)
– अन्य सामाजिक सेवाका क्रियाकलापहरु।

**५. पूँजी संरचना तथा परिचालन (२०८२ भाद्र मसान्तसम्मको) :**

| पूँजी स्रोत | जम्मा सम्पत्ति रु. | २८७१८९०५१०.८७ | कैफियत |
|---|---|---|---|
| | रकम रु. | प्रतिशत | |
| शेयर पूँजी रकम | २८८०२४३००.०० | १०.०३ | |
| जगेडा तथा अन्य कोषमा रहेको रकम | २४१९७०४३४.०२ | ८.४२ | |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्वको जम्मा रकम | ४९४७२९७५८.०१ | १७.२३ | |
| सदस्यहरूको बचत रकम | १८००३९३८९४.७१ | ६२.६९ | |
| वित्तीय संस्थाबाट लिएको ऋण रकम | ४३४४०६४२.७४ | १.५१ | |
| चालु आम्दानी (मोटामोटी बचत) | ३३३१४८१.३९ | ०.१२ | |
| **जम्मा** | **२८७१८९०५१०.८७** | **१००** | |

**६. सदस्यहरुसँग बाँकी ऋणसम्बन्धी अवस्था (२०८२ भाद्र मसान्तसम्मको) :**

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | ऋणी संख्या | १३३३२ | |
| २ | कूल लगानीमा रहिरहेको ऋण रकम | २०८०६९९२१८ | |
| ३ | भाखा नाघेको ऋण रकम | २५२६३२५४६.३३ | |
| ४ | भाखा नघाउने ऋणी संख्या | २५४० | |
| ५ | असुली दर (प्रतिशत) | ८७.८६ | |
| ६ | ऋण जोखिम कोषमा रहेको रकम | १७४३२७८४०.२७ | |

**७. संस्थाबाट भाग लिइएका बाहृय कार्यक्रमहरुको विवरण (२०८१ असोजदेखि २०८२ भाद्रसम्म) :**

| क्र.सं. | कार्यक्रमको नाम | स्थान | आयोजक | अवधि | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | वित्तीय पहुँच तथा स्तरीकरण तालिम | वीरेन्द्रनगर | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | २ दिन | १ जना |
| २ | सहकारी व्यवसाय प्रवर्द्धन तालिम | काठमाण्डौं | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | ८ दिन | १ जना |
| ३ | सम्पत्ति शुद्धिकरण निवारण तालिम | काठमाण्डौं | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | २ दिन | १ जना |
| ४ | क्षमता विकास तथा वार्षिक समिक्षा गोष्ठी | नेपालगंज | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | १ दिन | २ जना |
| ५ | कर्जा असुली व्यवस्थापन तालिम | कोहलपुर, बाँके | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १ दिन | २ जना |
| ६ | सहकारी लेखा व्यवस्थापन तालिम | वीरेन्द्रनगर | सहकारी रजिष्ट्रारको कार्यालय, सुर्खेत | २ दिन | २ जना |

**८. कार्यालय तथा जग्गा भवन अवस्था :**

- सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ मा २१२८ वर्ग मिटर तथा सुर्खेतकै गुर्भाकोटको भुल्केमा २४४८.२९ वर्ग मिटर गरी जम्मा ४५७६.२९ वर्ग मिटर क्षेत्रफलको जग्गा संस्थाको स्वामित्वमा रहेको छ ।
- सुर्खेतको वीरेन्द्रनगरमा भएको उल्लेखित जग्गाभित्र हेल्भीटेट मोडेलको २ कोठे भवन र अर्को सिमेन्ट स्लावबाट निर्मित ४ कोठे हेविटाट मोडेलको घरमा वातावरण दुग्धशाला तथा ३ तलाको ठूलो भवनमा संस्थाले आफ्ना अन्य सम्पूर्ण दैनिक क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ ।

९. संस्थाको गतिविधि विश्लेषण (२०८२ असार मसान्तसम्मको) :

क) PEARLS विश्लेषण :

| | मापन | हुनुपर्ने सूचक | यथार्थ सुचाङ्क | कैफयत |
|---|---|---|---|---|
| **Protection** (सुरक्षणको अवस्था) | | | | |
| P1 | ऋणी हानी कोष व्यवस्था | १०० | ११० | |
| P2 | खुद नोक्सानको व्यवस्था | ३५ | ३५ | |
| P3 | अ. ऋण नोक्सान कोष व्यवस्था | १ | १ | |
| **Effecftive Financal Structure** (प्रभावकारी वित्तीय संरचना) | | | | |
| E1 | उठ्न बाँकी ऋण रकम | ७० देखि ८० | ७५ | |
| E2 | सदस्य वचत रकम | ७० देखि ८० | ६५ | |
| E3 | लिएको ऋण अवस्था | ० देखि ५ | २ | |
| E4 | शेयर पुँजी | १० देखी २० | ११ | |
| E5 | संस्थागत पुँजी | १० भन्दा माथि | १६ | |
| | **Assets Quality** (सम्पत्तिको गुणस्तर) | | | |
| A1 | भाखा नाघेको ऋणको अवस्था | ५ भन्दा कम | ६ | |
| A2 | भाखा नाघेको ऋणी संख्या | | २५८२ | |
| A3 | प्रतिफल आर्जन नगर्ने सम्पत्ति अवस्था | ५ प्रतिशत भन्दा कम | १.२५ | |
| **Rate of Returns and Costs** (प्रतिफल र लागत दर) | | | | |
| R1 | ऋणमा आम्दानीको अवस्था | प्रत्यक्ष अप्रत्यक्ष खर्च | १३.६२ | |
| R2 | बचतमा तिरेको ब्याज अवस्था | बजार मुल्य र मुद्रा स्फुर्ति | ८ | |
| R3 | ऋण रकमको लागत अवस्था | खुद बचतभन्दा कम | ८.६५ | |
| R4 | जम्मा संचालन खर्च अवस्था | मार्जिन भन्दा कम | ७.५३ | |
| R5 | शेयर लाभांस अवस्था | मूद्रा स्फूर्तिभन्दा बढि | ७.५ | |
| **Liquidity** (तरलता) | | | | |
| L1 | तरलताको अवस्था | १० प्रतिशत | ३४ | |
| L3 | नगद तरलता खाताको अवस्था | ३ प्रतिशत भन्दा कम | ०.५ | |
| **Sign of Growth** (बृद्धिको चिन्ह) | | | | |
| S1 | सम्पत्ति तथा जाय जेथामा वृद्धि अवस्था | मुद्रा स्फुर्ति दर बराबर | ५.९७ | |
| S5 | सदस्य बृद्धि अवस्था | १० प्रतिशत भन्दा बढि | १.३६ | |
| | संचालन स्वक्षमता | १०० प्रतिशतभन्दा बढि | १२१ | |

**ख) अन्य वित्तीय तथा व्यवस्थापकीय सूचकहरु :**

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | संचालन स्वसक्षमता (Operational Self-sufficiency) | १२१% | |
| २ | वित्तीय स्वसक्षमता (Financial Self-sufficiency) | ११४% | |
| ३ | ऋणबाट व्याज आम्दानी प्रतिशत (Yield on Portfolio) | १३.५९% | |
| ४ | प्रति शाखा केन्द्र संख्या (Center per branch) | १२८ | |
| ५ | प्रति शाखा सदस्य संख्या (Member per branch) | २२१२ | |
| ६ | प्रति शाखा लगानीमा रहेको ऋण (Outstanding Loan per branch) | १४,०१,३४,८५० | |
| ७ | प्रति कर्मचारी सदस्य संख्या (Member per Staff) | २७३ | |
| ८ | प्रति फिल्ड कर्मचारी केन्द्र संख्या (Center per field staff) | ३० | |
| ९ | प्रति फिल्ड कर्मचारी सदस्य संख्या (Member per field staff) | ५१३ | |
| १० | प्रति फिल्ड कर्मचारी ऋणी संख्या (Borrower per field staff) | २३२ | |
| ११ | प्रति फिल्ड कर्मचारी लगानीमा रहेको ऋण (Outstanding Loan per field staff) | ३,२५,३१,३०४ | |
| १२ | हालसम्मको समूह छाड्ने दर | ३५% | |
| १३ | ऋणको औसत आकार (Average Loan size) | १,४०,०३८ | |
| १४ | ऋणको औसत आकार (यस वर्षको लगानीमा) (Average Loan size this year) | १,४३,७१६ | |
| १५ | ऋणी र सदस्यको अनुपात (Borrower per member) | ४२.६५% | |
| १६ | बाँकी ऋणमा वचतको अनुपात (Saving percentage) | ८५.५०% | |
| १७ | असूली दर (Repayment rate) | ८७.७९% | |
| १८ | जोखिममा रहेको ऋण (Poartfolio at risk) | २६,२२,३२,५८५ | |
| १९ | भाखा नाघेको दर (Over due rate) | १२.२१% | |

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

**वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष**

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**प्रतिदाबी राय *(Disclaimer of Opinion)***

हामीले **वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको** (यस पछि 'संस्था' भनिएको) यसै साथ संलग्न २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

प्रतिदाबी सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद (Basis for Disclaimer of Opinion Para) मा उल्लेखित कुराहरुका कारण वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार नगर्दा त्यसले पार्नसक्ने संचित असरका हकमा हामीले पर्याप्त तथा उपयुक्त लेखा प्रमाणहरु प्राप्त गर्न सकेनौ । तसर्थ, हामी यस वित्तिय विवरणहरु माथि आफनो राय व्यक्त गर्न असमर्थ छौ ।

**प्रतिदाबी सहितको राय व्यक्त गर्ने आधार (*Basis for Disclaimer of Opinion*)**

१. नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले मिति २०८० श्रावण १ देखि नेपाल वित्तिय प्रतिवेदनमान अनिवार्य लागु गरेको छ । सो बमाजिम संस्थाले यस आ. व. को वित्तिय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार पार्नुपर्ने हुन्छ । तर, यस संस्थाले वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानको व्यवस्था अनुरुप तयार नगरी साबिकको नेपाल लेखामान अनुरुप वित्तिय विवरण तयार गरेको छ । वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम नगर्दा त्यसले पार्नसक्ने संचित असर अनिश्चित हुनुका साथै सारभुत र व्यापक हुन सक्दछ ।

२. कर्मचारी बोनस, बोनस ऐन अन्तर्गत नभई सहकारी ऐन, २०७४ अनुसार भएको पाइयो तथा आ. व. २०८१।०८२ मा शेयर लाभांश वाफत रु. २,१६,९६,३५७.२२ शेयर लाभांश कोषवाट र संरक्षित पुंजी फिर्ता कोषाट रु. ९५,३४,०१९ शेयर सदश्यहरुलाई वितरण गरिएको छ ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तिय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले लेखापरिक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस संस्थाबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी**

संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागी जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन । वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ ।

P. Bhatta & Associates * Chartered Accountants *

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ।

यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिपोंट गर्नु आवश्यक छ। हामीसगं यस सम्बधमा रिपोर्ट गर्न केही छैन।

**वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ।

वित्तीय विवरण तयार गर्दा संस्थाको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यबस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ। सुशासनसँग जिम्मेवारको जिम्मेवारी संस्थाको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नुपर्दछ। सञ्चालक समिति संस्थाको वित्तीय रिपोंटिङ प्रक्रियाको निरीक्षणको लागी जिम्मेवारी छ।

**वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्यहरु सम्पूर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रूटीरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो। लेखापरीक्षण लेखामान सिद्धान्त अनुरुप गरिएको भएतापनि सारभूत त्रुटीहरु सधै पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुँदैन। सारभूत त्रुटीहरु जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र त्यी त्रुटीहरु अलग अलग रुपमा वा समग्ररुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ।

नेपाल लेखामान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौं र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौं। क्रमश हामी :

- वित्तीय विवरणमा चाहे जालसाजी वा त्रुटी बाट हुन सक्ने सारभूत गल्तीहरुको जोखिम पहिचान मुल्याङकन गरी, ती जोखिमहरुको लागी उत्तरदायी लेखापरीक्षण प्रकियाहरु डिजाइन र अबलम्बन गर्दैछौ। त्रुटीहरु हुने सारभूत गल्तीहरु पत्ता लगाउन भन्दा जालसाजी बाट हुने सारभूत गल्तीहरु पत्ता लगाउन नसक्ने जोखिम अधिक हन्छ किनकी जालसाजी सामुहिक सम्बन्ध, जानाजानी चूक, गलत प्रतिनीधीत्व वा आन्तरिक नियन्त्रण प्रणालिको ओभराइड समावेश हुन सक्छ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामा राय व्यक्त गर्ने उद्धेश्यका नभई, लेखापरीक्षणको परिस्थितिमा उपयुक्त हुने लेखापरीक्षण प्रकियाहरु डिजाइन गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य मूल्याङ्कन र लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धित खुलासाहरु अध्ययन गर्दछौ।

Chartered Accountants * P. Bhatta & Associates *

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants
Bhimdatt-6, Mahendranagar, Kanchanpur

COP No.: 650
PAN No.: 305088848
Firm regd.no.: 547
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

हामीले व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरु मार्फत लेखापरीक्षणको समय तालिका, योजना गरिएको क्षेत्र र महत्वपूर्ण खोजहरु, लगायत संस्थाको आन्तरिक नियन्त्रण विधिमा रहेको कमी कमजोरीहरु जनकारी गरायौं ।

माथी उल्लेख गरिएका कुरासंगै हामीले स्वतन्त्रताको प्रासंसनिक नैतिक आवश्यकताहरु पालना गरेको र हाम्रो स्वतन्त्रतामा बाधा पुऱ्याउने सबै तत्वहरु लेखापरीक्षण गर्ने दौरान आएको खण्डमा संचालक समितिलाई जानकारी गराउनेछौ भन्ने कुराको बयान दियौ ।

**अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

१) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।
२) संस्थाले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पायौं ।
३) हाम्रो रायमा संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानून तथा प्रचलन बमोजिम राखेको छ ।
४) हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।
५) हाम्रो रायमा, हामीले प्राप्त गरे सम्मको सूचना, स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा व्यवस्थापन समिति वा अन्य कुनै कर्मचारीले लेखा सम्बन्धि कानूनी व्यवस्था विरुद्ध काम काज गरेको वा संस्थालाई हानी नोक्सानी पुऱ्याएको वा संस्थाको कोषको हिनामीना गरेको हाम्रो जानकारीमा आएको छैन ।

पि. भट्ट एण्ड एशोसिएट्स
*(चार्टर्ड एकाउन्टेन्ट्स)*

सिए. प्रकाश दत्त भट्ट
(प्रिन्सीपल)
मिति : २०८२।०४।१३
स्थान : महेन्द्रनगर, कचंनपूर, नेपाल
**UDIN: 250729CA00811BQ8uU**

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

वीरेन्द्रनगर - ८, सुर्खेत

## वासलात

२०८२ आषाढ मसान्तको

| विवरण | अनुसूची | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| पूंजी तथा दायित्व | | | |
| शेयर पूंजी | १ | २८६,७३७,७००.०० | २७२,८०५,८००.०० |
| अनिवार्य कोषहरु | २ | २४२,०४३,९०४.०२ | २२१,११०,४६१.३९ |
| लिएको ऋण | ३ | ४८,५४१,६५३.२९ | १५६,९१२,८५९.६४ |
| बचत (निक्षेप) दायित्व | ४ | १,७८५,१७८,५६५.३० | १,५९९,८५८,६५६.१८ |
| चालु दायित्व | ५ | १५३,४२५,०३१.९० | १३७,३८५,२६७.९० |
| अन्य दायित्व | ६ | ६२,१३५,८९६.४३ | ५३,७६५,०१९.१० |
| कर्जा जोखिम व्यवस्था | ७ | १७४,३२७,८४०.२७ | १५५,५६९,०९३.२१ |
| जम्मा | | २,७५२,३९०,५९१.२१ | २,५९७,४०७,१५७.४२ |
| सम्पत्ति तथा जायजेथा | | | |
| नगद मौज्दात | ८ | १०९,७३१.८० | ७४,७८९.८० |
| बैंक मौज्दात | ९ | ६११,०८४,४७८.३६ | ३९२,७९६,४६६.४५ |
| मौज्दात, धरौटी तथा पाउनुपर्ने | १० | ४१,४८२,२३३.५८ | ४१,२३१,७५८.४५ |
| कर्जा लगानी | ११ | २,०६२,६२६,५०६.०० | २,१२०,४९४,५२५.०० |
| लगानी | १२ | ४,३२५,२००.०० | ७,३२५,२००.०० |
| स्थिर सम्पत्ति | १३ | ३२,७६२,४४१.४७ | ३५,४८४,४१७.७२ |
| जम्मा | | २,७५२,३९०,५९१.२१ | २,५९७,४०७,१५७.४२ |
| सम्भावित दायित्व (Contingent Liabilities) | १४ | - | - |
| प्रमुख लेखानीतिहरु | २३ | | |
| लेखा सम्बन्धि टिप्पणीहरु | २४ | | |

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणहरुका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न प्रतिनेदन अनुसार,

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

ताराकेशर पौडेल
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८२।०४।१३

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (**BASUCOL**)

वीरेन्द्रनगर - ८, सुर्खेत

नाफा/नोक्सान हिसाब

२०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२ गते सम्मको

| विवरण | अनुसूची नं. | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|---|
| ब्याज आम्दानी | | | |
| कर्जा लगानिमा ब्याज | | २८४,८६२,६०३.०० | २९६,९००,११३.०० |
| वैङ्क मौज्दातमा ब्याज | | ६,०४३,४९६.१९ | ७,८३२,४९३.५३ |
| कुल ब्याज आम्दानी (क) | | २९०,९०६,०९९.१९ | ३०४,७३२,६०६.५३ |
| ब्याज खर्च | | | |
| बचतमा ब्याज | | १३३,९६७,५५४.०६ | १२७,४२७,११०.२५ |
| लिएको ऋणमा ब्याज | १५ | १०,६६१,४५०.५८ | २८,९६१,५५१.३८ |
| कुल ब्याज खर्च (ख) | | १४४,६२९,००४.६४ | १५६,३८८,६६१.६३ |
| खुद ब्याज आम्दानी (ग=क-ख) | | १४६,२७७,०९४.५५ | १४८,३४३,९४४.९० |
| अन्य संचालन आम्दानी | | | |
| दुग्धशालाको बिक्री | १६ | ५८,९९७,६९२.०२ | ६०,०६५,९६३.०९ |
| दुग्धशालाको बिक्रीको लागत | १७ | (५०,५१०,१२८.९४) | (५३,६९५,९५२.३१) |
| अन्य संचालन आम्दानी | १८ | १५,०३४,५४९.०३ | १६,२११,६०७.६१ |
| कुल अन्य संचालन आम्दानी (घ) | | २३,५२२,११२.११ | २२,५८१,६१८.३९ |
| कुल संचालन आम्दानी (ङ=ग+घ) | | १६९,७९९,२०६.६६ | १७०,९२५,५६३.२९ |
| संचालन खर्च | | | |
| कर्मचारी तलब भत्ता | १९ | ६८,३७१,०२५.०० | ६०,९५९,७७५.०० |
| कार्यालय संचालन खर्च | २० | १७,०४६,४१३.७३ | १९,७९१,९४५.०९ |
| अन्य संचालन खर्च | २१ | ३२८,७४१.०० | ३३२,२५५.०० |
| कर्जा जोखिम कोष व्यवस्था खर्च | ७ | १८,७५८,७४७.४४ | २२,०८४,२०९.०५ |
| ह्रासकट्टि तथा अपलेखन | १३.१ | २,४४८,८९५.२४ | २,८३०,७६७.६५ |
| कूल संचालन खर्च (च) | - | १०६,९५३,८२२.४१ | १०५,९९८,९५१.७९ |
| खुद संचालन आम्दानी (छ=ङ-च) | | ६२,८४५,३८४.२५ | ६४,९२६,६११.५० |
| गैर संचालन आम्दानी/(खर्च) | | - | - |
| लगानिमा प्रतिफल | २२ | ९६८,७२९.०० | १,५१९.८१ |
| कुल गैर संचालन आम्दानी/(खर्च) (ज) | | ९६८,७२९.०० | १,५१९.८१ |
| यस वर्षको नाफा/(नोक्सान) (झ=छ+ज) | | ६३,८१४,११३.२५ | ६४,९२८,१३१.३१ |
| गत वर्ष सम्मको संचित नोक्सान (ञ) | | - | - |
| कर अघिको नाफा रकम (ट=झ-ञ) | | ६३,८१४,११३.२५ | ६४,९२८,१३१.३१ |
| आयकर व्यवस्था @१०% | | ८,४७७,६४८.९३ | ९,०७८,६८७.४५ |
| आयकर पछिको खुद नाफा (ड=ट-ठ) | | ५५,३३६,४६४.३२ | ५५,८४९,४४३.८६ |

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणहरुका अभिन्न अंग हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

ताराकेशर पौडेल
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण वस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८२।०४।१३

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)
वीरेन्द्रनगर - ८, सुर्खेत

## नाफा बाँडफाँड हिसाब

२०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२ गते सम्मको

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| गत वर्ष सम्मको संचित नोक्सान | | |
| यस वर्षको खुद नाफा | ५५,३३६,४६४.३२ | ५५,८४९,४४३.८६ |
| जम्मा नोक्सान | | |
| जम्मा | ५५,३३६,४६४.३२ | ५५,८४९,४४३.८६ |

बितरणयोग्य नाफा

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| साधारण जगेडा कोष (२५%) | १३,८३४,११६.०८ | १३,९६२,३६०.९७ |
| वाकी जम्मा | ४१,५०२,३४८.२४ | ४१,८८७,०८२.९० |
| संरक्षित पुंजी फिर्ता कोष (२५%) | १०,३७५,५८७.०६ | १०,४७१,७७०.७२ |
| सहकारी प्रवर्धन कोष (०.५%) | २०७,५११.७४ | २०९,४३५.४१ |
| वाकी जम्मा | ३०,९१९,२४९.४४ | ३१,२०५,८७६.७६ |
| सहकारी शिक्षा कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| शेयर लाभांस कोष (७०%) | २१,६४३,४७४.६१ | २१,८४४,११३.७३ |
| कर्मचारी बोनस कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| सहकारी बिकास कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| घाटा पुर्ति कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| सामुदायिक बिकाश कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| अन्य जोखिम व्यवस्थापन कोष (५%) | १,५४५,९६२.४७ | १,५६०,२९३.८४ |
| जम्मा | ५५,३३६,४६४.३२ | ५५,८४९,४४३.८६ |

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

शिव प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

ताराकेशर पौडेल
कोषाध्यक्ष

सुरेश प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८२।०४।१३

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि. (**BASUCOL**)

बीरेन्द्रनगर - ८, सुर्खेत

<u>नगद प्रवाह विवरण</u>

२०८१ श्रावण १ गते देखि २०८२ आषाढ ३२ गते सम्मको

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| <u>संचालन गतिविधिवाट नगद प्रवाह</u> | | |
| आयकर पछिको खुद नाफा | ५५,३३६,४६४.३२ | ५५,८४९,४४३.८५ |
| <u>समायोजन</u> | | |
| ह्रास कट्टि तथा अपलेखन | २,४४८,८९५.२४ | २,८३०,७६७.६५ |
| लगानिमा प्रतिफल | ९६८,७२९.०० | १,५१९.८१ |
| कार्यगत पूँजी परिवर्तन अघिको नगद प्रवाह | ५८,७५४,०८८.५६ | ५८,६८१,७३१.३१ |
| संचालन सम्बन्धी चालु सम्पत्तिमा कमि वा (वृद्धि) | ५७,६१७,५४३.८७ | ७,०४२,२०५.९४ |
| कर्जा लगानीमा कमि वा (वृद्धि) | ५७,८६८,०१९.०० | ९,२७४,१३५.०० |
| अन्य सम्पत्तिमा कमि वा (वृद्धि) | (२५०,४७५.१३) | (२,२३१,९२९.०६) |
| संचालन सम्बन्धि चालु दायित्वमा वृद्धि वा (कमि) | २२८,४८९,२९७.५३ | १६९,१७०,५६४.३२ |
| बचत (निक्षेप) दायित्वमा वृद्धि वा (कमि) | १८५,३१९,९०९.१२ | ४०२,८३२,८६५.८० |
| चालू दायित्वमा वृद्धि वा (कमि) | १६,०३९,७६४.०० | ६८,९८०,६५४.४७ |
| अन्य दायित्वमा वृद्धि वा (कमि) | ८,३७०,८७७.३५ | (३२४,७२७,१६५.००) |
| कर्जा जोखिम व्यवस्था वृद्धि वा (कमि) | १८,७५८,७४७.०६ | २२,०८४,२०९.०५ |
| संचालन गतिविधिबाट नगद प्रवाह | ३४४,८६०,९२९.९६ | २३४,८९४,५०१.५७ |
| <u>लगानी गतिविधिबाट नगद प्रवाह</u> | | |
| लगानीमा कमि वा (वृद्धि) | ३,०००,०००.०० | (३,५००,०००.००) |
| लगानिमा प्रतिफल | (९६८,७२९.००) | (१,५१९.८१) |
| स्थिर सम्पत्ति (खरिद) वा बिक्रि | २७३,०८१.०० | (४,५८७,२७१.३७) |
| लगानी गतिबिधिबाट नगद प्रवाह | २,३०४,३५२.०० | (८,०८८,७९१.१८) |
| <u>वित्तीय गतिबिधिबाट नगद प्रवाह</u> | | |
| शेयर पूँजीमा वृद्धि वा (कमि) | १३,९३१,९००.०० | १८,३६५,४००.०० |
| लिएको ऋणमा वृद्धि वा (कमि) | (१०८,३७१,२०६.३५) | (१४३,८२५,७६१.३६) |
| अनिवार्य कोषहरुमा परिवर्तन | (३४,४०३,०२१.७०) | (३९,६२७,५२५.५१) |
| वित्तीय गतिबिधिबाट नगद प्रवाह | (१२८,८४२,३२८.०५) | (१६५,०८७,८८६.८७) |
| यस बर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | २१८,३२२,९५३.९१ | ६१,७१७,८२३.५३ |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ३९२,८७१,२५६.२५ | ३३१,१५३,४३२.७२ |
| नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात | ६११,१९४,२१०.१६ | ३९२,८७१,२५६.२५ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

राधा कुमारी ढकाल
सचिव

चन्द्रलाल आचार्य
संचालक अध्यक्ष

सिए प्रकाश दत्त भट्ट
पि. भट्ट एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

तारकेशर पौडेल
कोषाध्यक्ष

सुरज प्रसाद आचार्य
कार्यकारी प्रबन्धक

किरण बस्नेत
वरिष्ठ प्रबन्धक

मिति : २०८२।०४।१३

प्रमुख लेखा नीतिहरू

अनुसूची २३

१. सामान्य जानकारी

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, विरेन्द्रनगर ८, सुर्खेतको सीमित दायित्व रहेको संस्था हो। यो संस्थाको कार्यक्षेत्र सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्ला रही रजिष्टर्ड कार्यालय सुर्खेतको विरेन्द्रनगर ८ मा रहेको छ। यस संस्था सहकारी विभागमा वि.सं. २०५९ मा दर्ता भई वित्तीय कारोबार गर्दै आएको छ। चालु आ. व. को मसान्तसम्ममा यस संस्थाको सदस्य संख्या ३१,६६५ रहेको छ। यो संस्थाको आन्तरीक राजश्व कार्यालय विरेन्द्रनगर सुर्खेतमा दर्ता रही स्थायी लेखा नं ३०३८७५२७५ रहेको छ।

२. संस्थामा समावेश गरिएका वित्तीय विवरण

लेखामानको सर्वमान्य सिद्धान्त अनुसार संस्थाको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व सञ्चालक समितिमा निहित रहेको छ। वित्तीय विवरणमा देहायका विवरणहरु समावेश गरिएका छन् :

(क) संस्थाको वित्तीय स्थितिको सूचना खुलस्त पारिएको "वासलात",
(ख) समीक्षा अवधिमा संस्थाले गरेको वित्तीय कार्य सम्पादन खुलाईएको "नाफा नोक्सान हिसाब",
(ग) नगद तथा नगद सरहको सम्पत्तीश्रृजना गर्नमा संस्थाको क्षमता खुलाई तयार पारिएको "नगद प्रवाह विवरण", तथा
(घ) संस्थाको प्रमुख लेखा नीति तथा अन्य सान्दर्भिक बुँदाहरु समावेश भएको टिप्पणी, जुन वित्तीय विवरणका पाठकवर्गलाई आवश्यक निर्णय लिन सहायक सिद्ध हुनेछ।

३. लेखा अवधारणा :

३.१. वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकामा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन तथा नियमावली बमोजिम तयार पारिएका छन्।

३.२. संस्थाले लेखाको सर्वमान्य सिद्धान्त अनुसार सहकारी ऐन नियम समेतलाई ध्यानमा राखी दोहोरो लेखा प्रणाली अनुसार हिसाब व्यवस्थित गरेको छ ।

४. आय तथा खर्च लेखांकनका आधार

४.१. संस्थाबाट लगानी गरिएको कर्जा रकम तथा संस्थाको निक्षेपमा ब्याज खर्च हिसाब गर्दा संस्थामा बचत गरिएको रकममा ब्याज हिसाब गर्दा ३६५ दिनलाई एक बर्ष मानी कम्प्युटराईज्ड लेखा प्रणालीद्धारा ब्याज गणना गरीएको छ।

४.२. संस्थाको सम्पुर्ण लेखा खाताहरु आम्दानी नगद प्राप्ती (Cash Basis) को आधारमा र खर्चहरु प्रोदभावी (Accrual Basis) को आधारमा लेखांकन गर्ने निति रहेको छ।

४.३. बचत दायित्वमा ब्याज दिदा र कर्जामा ब्याज लिदा ३६५ दिनलाई एक बर्ष मानी गणना गरिएको र प्राप्त भएको ब्याज मात्र आम्दानीमा लेखांकन गर्ने निति लिएको छ। ब्याज खर्च भने प्रोदभावी आधार (Accrual Basis) मा दिने गरेको छ।

५. वित्तीय विवरण तयारीको आधार

वित्तीय विवरणहरू सामान्य रूपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्धति, प्रचलित मान्यताको आधारमा रहि तयार गरिएका छन्। अन्यथा उल्लेख गरिएको बाहेक पाकेको (Accrual) आधारमा वित्तीय विवरणहरू तयार पारिएको छ। अन्यथा उल्लेख गरिएको बाहेक सहकारी ऐन, २०७४; सहकारी नियमावली, २०७५; संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, सहकारी लेखा तथा लेखापरीक्षण दिग्दर्शन र सहकारी लेखामानको अधिनमा रहि यो वित्तीय विवरण तयार गरिएका छन्।

६. प्रमुख लेखा नीतिहरू :

यो वित्तीय विवरण तयारीको सिलसिलामा संस्थाले लागु गरेका प्रमुख लेखा नीतिहरू देहाय बमोजिमका छन्। अन्यथा उल्लेख भएकोमा बाहेक यी नीतिहरू निरन्तर रूपमा पालना हुँदै आएको छ :-

६.१. कर्जा लगानी:

क) कर्जाको वर्गीकरण तथा ऋण जोखिम व्यवस्था

यस शीर्षक अन्तर्गत सदस्यलाई प्रत्यक्ष रूपमा प्रदान गरिएका विभिन्न किसिमका ऋणहरू पर्दछन्। कुल कर्जा लगानीलाई सहकारी ऐन, नियमावली अनुसार संस्थाले आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्दा देहाय बमोजिम कर्जा नोक्सानी कोषको व्यवस्था गर्नुपर्नेछ।

P. Bhatta & Associates Chartered Accountants

| कर्जाको वर्गीकरण | भाखा नाघेको अवधी | कर्जा नोक्सानी कोषको व्यवस्था |
|---|---|---|
| असल कर्जा | तिन महिना सम्म भाखा ननाघेको वा भाखा नाघी तीन महिना व्यतित नभएको | १ प्रतिशत |
| कमसल कर्जा | ६ महिना सम्म भाखा नाघेको | २५ प्रतिशत |
| शंकास्पद ऋण | ६ महिना देखि १२ महिनासम्म भाखा नाघेका | ५० प्रतिशत |
| खराव ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

**ख) कर्मचारी ऋण**

संस्थाको कर्मचारीलाई नीतिगत व्यवस्था गरी प्रदान गरिनेऋण कर्मचारी ऋण हुन् र ऋण प्रवाह भएका वखत यसलाई ऋणको रुपमा लेखाङ्न गरिन्छ । ऋण असुली भएपछि ऋण घटाइन्छ ।

६.२. लगानी :

सूचीकृत कम्पनीको शेयरमा गरेको लगानीलाई बजार मूल्य वा परल मोल जुन घटी हुन्छ, सोही मूल्यमा लेखाङ्न गरिएको छ । सूचीकरण नभएका शेयरहरूलाई परल मोलमा नै देखाइएको छ ।

६.३. स्थिर सम्पत्ति, न्हास कट्टी तथा अपलेखन :

क) स्थिर सम्पत्ति

स्थिर सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणाको आधारमा देखाइएको छ । एक वर्षभन्दा कम आयु भएका वस्तुहरु खरिद गरिएको वर्षमै खर्च जनाइएको छ ।

ख) ह्रास कट्टी

देहायका सम्पत्तिमा संस्थाको आर्थिक निमावलीमा उल्लेख भए बमोजिम घट्दो ह्रास कट्टी दर प्रणाली अनुसार अनुमानित उपयोग अवधिको आधारमा ह्रास कट्टी गरी नाफा-नोक्सान हिसाबमा खर्च लेख्ने गरिन्छ ।

| सम्पत्तिको प्रकृति | ह्रास कट्टी दर |
|---|---|
| परिवहन साधन | २०% |
| कार्यालय फर्निचर | २५% |
| कार्यालय साधन | २५% |
| अन्य सम्पत्ति | २५% |
| मेसिनरी तथा उपकरण | १५% |
| कम्प्युटर सफ्टवेयर | ५ वर्ष |

ग) भुक्तानी प्राप्त गर्न बाँकी ब्याज

भुक्तानी प्राप्त गर्न बाँकी ब्याज अन्तर्गत प्रत्येक दिनको अन्त्यमा असुल हुन बाँकी ऋणको साँवा तथा लगानीमा अर्जित हुने ब्याज पर्दछन् । ऋणमा भुक्तानी प्राप्त गर्न बाँकी ब्याजलाई पूर्ण मूल्यमा लेखाङ्न गरिन्छ र यसबाट सहकारी विभागद्वारा जारी गरिएको मापदण्ड बमोजिम ब्याज मुल्तवी हिसाब (Interest Suspense A/c) लाई घटाई अनुसूची ६ र १० मा प्रस्तुत गरिएको छ ।

६.४. अग्रिम भुक्तानी

भविष्यमा प्राप्त गर्न सकिने सेवाको व्यवस्थाका लागि अग्रिम रुपमा भुक्तानी गरिएको रकम नै अग्रिम भुक्तानी हुन् । अग्रिम भुक्तानीलाई भुक्तानी गरेको मितिमा नै पूर्ण मूल्यमा सम्पत्तिका रुपमा लेखाङ्न गरिन्छ । सेवा प्राप्त गरेपछि वा सेवाको समयावधि समाप्त भए पछि त्यस्ता अग्रिम भुक्तानीको रकम अपलेखन गरिन्छ ।

६.५. वचत/निक्षेप :

संस्थाको वचत निक्षेप अन्तर्गत आवधिक निक्षेप, बचत निक्षेप, क्रमिक निक्षेप र अन्य निक्षेपहरू पर्दछन् । संस्थामा वचत/निक्षेप जम्मा भएको मितिदेखि नै पुरा मूल्यमा लेखाङ्न गर्ने गरिन्छ । भुक्तानी भईसकेपछि वचत/निक्षेपको फछ्यौट (**Derecognize**) भएको मानिन्छ ।

६.६. ब्याज आम्दानी :

सहकारी विभागद्वारा जारी ऐन, नियमावली तथा विभिन्न परिपत्र बमोजिम सहकारीले प्रदान गरेको ऋणमा प्राप्त हुने ब्याजलाई नगद प्राप्तिको आधारमा आम्दानी जनाइएको छ ।

P. Bhatta & Associates Chartered Accountants

६.७. अन्य आम्दानी :
अन्य आम्दानीलाई पाकेको आधारमा लेखांकन गरिएको छ । अन्य आम्दानीमा, बैंक व्याज, हर्जाना आम्दानी, सेवा शूल्क तथा विविध आम्दानी आदि रहेका छन् ।

६.८. व्याज खर्च :
बचत/निक्षेप दायित्व तथा सापटीमा तिर्नुपर्ने व्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ ।

६.९. कर्मचारी बोनस व्यवस्था :
बोनस ऐन बमोजिम आयकर व्यवस्था नगरी कर, जगेडा तथा अन्य अनिवार्य कोष पछिको नाफाको ५ प्रतिशत कर्मचारी बोनस व्यवस्थाको लागी छुट्याई उक्त रकमबाट बोनस बमोजिम कर्मचारीलाई बोनस वितरण गरिने छ ।

६.१०. आयकर व्यवस्था :
आयकर व्यवस्था आयकर ऐन २०५८ बमोजिम गरिएको छ र स्थगन करको गणना गरीएको छैन ।

६.११. **PEARLS अनुगमन प्रणालीको अवलम्बन :**
संस्थाको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return and Cost, Liquidity & Sign of Growth) अनुगमन प्रणाली लागु गर्न सहज हुनेगरी राखिएको छ ।

६.१२. गत वर्षका अंकहरू :
वित्तीय विवरणहरू निकटतम अङ्कमा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छन् । गत वर्षका अंकहरूलाई तुलना गर्न सजिलो बनाउन आवश्यकता अनुसार पुनः सामुहिकीकरण गरिएको छ ।

P. Bhatta & Associates, Chartered Accountants

लेखा सम्बन्धि टिप्पणीहरू

अनुसूची २४

१. शेयर पुंजी

संस्थाको शेयर पुंजी तथा सदस्य संख्या निम्नलिखित छन् :

| आर्थिक बर्ष | शेयर पुंजी (रु.) | सदस्य संख्या |
|---|---|---|
| २०८१।०८२ | २८,६७,३७,७००।०० | ३१,६६५ |
| २०८०।०८१ | २७,२८,०५,८००।०० | ३१,२४० |

२. कोषको बाडफाड

साधारण जगेडा कोषमा सहकारी ऐन अनुरुप आय कर पछिको नाफाबाट २५% रकम बाँडफाँड गरिएको छ। साधारण जगेडा कोषमा बाँडफाँड पश्चात बचेको रकमलाई १००% मानी संरक्षित पूजी कोषमा २५% र सहकारी प्रर्वधन कोषमा ०.५% बाँडफाँड गरिएको त्यस पछि बाँकी रकमलाई १००% मानी देहाय बमोजिमका विभिन्न कोषमा संस्थाले निर्धारण गरे बमोजिम निम्नानुसार बाँडफाँड गरिएको छ।

| कोषको नाम | विवरण |
|---|---|
| साधारण जगेडा कोष | कर पछीको मुनाफाको २५ प्रतिशत |
| संरक्षित पुजि फिर्ता कोष | जगेडा कोष पछी बाकी रहेको रकमको २५ प्रतिशत |
| सहकारी प्रवर्न्धन कोष | जगेडा कोष पछी बाकी रहेको रकमको ०.५ प्रतिशत |
| शेयर लाभांश कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ७०% |
| सहकारी विकास कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |
| सदश्य शिक्षा कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |
| कर्मचारी बोनस कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |
| सामुदायिक विकास कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |
| धाटा पुर्ति कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | जगेडा, संरक्षित पुजि फिर्ता र सहकारी प्रवर्न्धन कोष पछी बाकी रहेको रकमको ५% |

३. कर्जा लगानी

यस आर्थिक वर्षमा प्रवाह, असुली र अपलेखन गरिएको कर्जाको विवरण यस प्रकार रहेको छ।

| विवरण | यस वर्ष | गत वर्ष | फरक |
|---|---|---|---|
| कर्जा लगानी | २,०६,२६,२६,५०६ | २,१२,०४,९४,५२५ | ५,७८,६८,०१९ |

कर्जा लगानीमा २.७३ प्रतिशतले घटी भएको छ।

४. बचत/निक्षेप :

यस आर्थिक वर्षमा बचतमा भएको परिवर्तनको विवरण यस प्रकार रहेको छ।

| विवरण | यस वर्ष | गत वर्ष | फरक |
|---|---|---|---|
| बचत | १,७८,५१,७८,५६५.३० | १,५९,९८,५८,६५६.१८ | १८,५३,१९,९०९.१२ |

निक्षेपमा ११.५८ प्रतिशतले बृद्धि भएको छ।

५. कर्जा जोखिम कोष व्यवस्था :

संस्थाले कर्जा प्रवाह गर्दा धितोका साथै सामुहिक जमानी तथा ब्यक्तिगत धन जमानीमा कर्जा प्रवाह गरेको र लघुवित्त कार्यक्रम र बचत तथा ऋण कार्यक्रम तर्फ १, २५, ५० र १०० प्रतिशतका दरले कर्जाको जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ।

यस कोषमा अघिल्लो आ.व २०८०/८१ वर्ष सम्म छुट्टाईएको रु. १५,५५,६९,०९३.२१ थियो भने यस आ. व. मा थप रु. १,८७,५८,७४७.४४ गरि आ.व २०८१/८२ वर्ष सम्म जम्मा रु. १७,४३,२७,८४०.२७ देखाइएको छ।

६. स्थिर सम्पत्ति

क) स्थिर सम्पत्ति

स्थिर सम्पत्तिहरू परलमोलमा लेखाङ्कन गरि असाधारण क्षति तथा कुल ह्रास कट्टी घटाई देखाइएको छ। एक वर्षभन्दा कम आयु भएका वस्तुहरु खरिद गरिएको वर्षमै खर्च जनाइएको छ।

ख) स्थिर सम्पत्तिको प्रस्तुतिकरण

P. Bhatta & Associates
Chartered Accountants

स्थिर सम्पत्तिलाई वित्तीय विवरणमा खरिद मूल्य (Historical Cost) को आधारमा प्रस्तुतिकरण गर्नुपर्ने हुन्छ ।

७. **सामान मौज्दात**
डेरी तथा मसलन्दको मौज्दात मालसामानको मूल्याङ्कन पद्धती क्रमबद्ध आगमन र निगमन (FIFO) को आधारमा गरिएको छ, साथै यसको मौज्दात व्यवस्थापनले प्रमाणित गरे बमोजिम रहेको छ । अन्य प्याकिंग तथा नाप्ने उपकरणहरुलाई सामान मौज्दातकोरुपमा देखाइएको छ ।

८. **प्रविधि (Technology) :**
संस्थाको कारोबारलाई व्यवस्थित, छिटो छरितो तथा सरल रुपमा राख्न र व्यवस्थित ढंगले लेखाङ्कन गर्न संस्थालाई पूर्ण रुपमा कम्पुटरराइज गरिएको छ । संस्थाको विधान, सहकारी ऐन तथा नियमावली बमोजिम कम्प्युटराईज्ड लेखा प्रणालीमा कोपको विभाजन गरेको छैन । त्यसको साथै सदस्यहरु संगको वित्तिय कारोबारलाई विश्वसनिय तथा व्यवस्थित गर्नका लागि संस्थामा सफ्ट्वेयर जडान गरी कार्य भई रहेको छ ।

९. **निकटतम रुपैयाँमा प्रस्तुति**
संलग्न लेखा विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ । आर्थिक विवरणमा लेखिएका रकमहरु नेपाली रुपैयामा लेखिएका छन् ।

बैंक मौज्दात बैंकले तथा नगद मौज्दात र अन्य सम्पती व्यवस्थापनले प्रमाणित गरे बमोजिम छ ।

१०. कोष सुरक्षा तथा उपयोग
विनियम अनुसार कोषहरुको खाता खोलि संस्थाको नाममा बेग्ला बेग्लै बैंक खाता खोलि जम्मा गर्नु पर्नेमा हाल सो नगरेको ।

११. संचालक समितिका सदस्यहरुलाई प्रदान गरेको सुविधा
समिति तथा उपसमितिका सदस्यहरुलाई दिएको भुक्तानी र सुविधा संस्थाको नियमानुसार गरिएको र उक्तमा आयकर अनुसार अग्रिम कर कट्टी गरिएको छ ।

१२. व्यवस्थापनमा रहेका प्रमुख व्यक्तिहरू:
सञ्चालक समितिका सदस्य निम्नानुसार रहेको छ ।

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री चन्द्रलाल आचार्य | अध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| २ | श्री प्रेमप्रसाद चालिसे | उपाध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| ३ | श्री राधाकुमारी ढकाल | सचिव | वीरेन्द्रनगर ८, सुर्खेत |
| ४ | श्री ताराकेशर पौडेल | कोषाध्यक्ष | वीरेन्द्रनगर ८, सुर्खेत |
| ५ | श्री चित्रा वली | सदस्य | गुरांस ८, दैलेख |
| ६ | श्री खगिकुमारी वास्तोला | सदस्य | वराहताल ५, सुर्खेत |
| ७ | श्री हिरा बुढा मगर | सदस्य | वीरेन्द्रनगर १०, सुर्खेत |
| ८ | श्री डिले वली | सदस्य | गुर्भाकोट ६, सुर्खेत |
| ९ | श्री काँशीमाया राना | सदस्य | कालिमाटी ४, सल्यान |
| १० | श्री प्रमिला खत्री (वि.सी.) | सदस्य | सिम्ता १, सुर्खेत |
| ११ | श्री यामकुमारी हमाल | सदस्य | गुरांस ४, दैलेख |

श्री प्रमिला खत्री (वि.सी.) को मिति २०८१।०१।०५ मा स्वर्गारोहण भई पद खाली रहेको ।

संस्थाको लेखा समितिका सदस्यहरु देहाय बमोजिम छ ।

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | श्री हेमलाल पन्त | संयोजक | वीरेन्द्रनगर ८, सुर्खेत |
| २ | श्री हरिमाया पुलामी | सदस्य | वीरेन्द्रनगर ८, सुर्खेत |
| ३ | श्री तिलक खनाल | सदस्य | वीरेन्द्रनगर ८, सुर्खेत |

P. Bhatta & Associates
Chartered Accountants

# संचालक समितिको तर्फबाट प्रस्तुत नीति तथा कार्यक्रम सम्बन्धी मन्तव्य



**- राधाकुमारी ढकाल**
*सचिव, BASUCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL) आफ्नो २३ औं वार्षिक साधारणसभा भव्यताका साथ सम्पन्न गर्दै २४ औं वर्षमा प्रवेश गर्दै छ । हालसम्म आईपुग्दा सदस्यहरुलाई उनीहरुको चाहना अनुसारका सेवाहरु उत्पादन गर्दै समुदायका बिचमा निरन्तर गरिएको सहकारीमय हातेमालोबाट सदस्य समुदायको मन जित्दै परिस्कृत, परिपक्व र सफल संस्थाको रुपमा स्थापित हुँदै गईरहेको कुरा हामी सबैमाझ छर्लङ्ग छ। संस्थालाई यस अवस्थासम्म ल्याईपुऱ्याउने हाम्रा अग्रज एवं संस्थापकहरु, समिति/उपसमितिका साथीहरु, शेयर सदस्य मित्रहरु, कर्मचारी वर्ग, सरकारी तथा गैर सरकारी निकायहरु, शुभचिन्तक एवं समुदायका महानुभावहरु सबैमा संस्थाको २३ औं वार्षिक साधारणसभाको पूर्व सन्ध्यामा हाम्रो सहकारीताको न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

संस्थाको यस २३ औं वार्षिक साधारणसभाको पावन अवसरमा हामी सँधैझैं सहकारीकर्मीहरुका स्मरणीय पात्रहरु फ्रान्ज शुल्ज, एफ.डब्लु. राईफेसन तथा रोचडेल अग्रदुतहरु जस्ता सहकारी आन्दोलनका राष्ट्रिय अन्तर्राष्ट्रिय अग्रजहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छौं । त्यस्तै गरीब तथा विपन्न वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि सहयोगीको रुपमा लघुवित्त कार्यक्रमको माध्यमबाट प्रसिद्धी प्राप्त गर्ने गरिबका अग्रणी तथा पथप्रदर्शक आदरणीय डा. मुहम्मद युनुसप्रति समेत सभक्तिपूर्वक श्रद्धा र सम्मान समेत व्यक्त गर्न चाहन्छौं ।

साथै, यसै अवसरमा संस्थाका क्रियाकलापहरुमा हातेमालो गर्दै आउने क्रममा असामयिक निधन भई हामीबाट बिछोड हुनुभएका संस्थाको दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उप-समितिका सदस्य दिनेशप्रसाद न्यौपाने लगायत हाम्रा अन्य सयौं सहकर्मी आत्माहरुको समेत चीर-शान्तिको कामनाका साथ हार्दिक श्रद्धाञ्जली पनि अर्पण गर्न चाहन्छौं ।

**शेयर सदस्य महानुभावहरु,**

सहकारी संस्थाको सर्वोच्च निकाय वार्षिक साधारणसभा नै हो । साधारणसभाबाट संचालन गर्न स्वीकृति दिएका कार्यक्रमको प्रगति समिक्षाका साथै आगामी वर्षमा गर्नुपर्ने सुधार तथा क्रियाकलापहरु र यसका लागि चाहिने स्रोत साधनको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको छिनोफानो पनि हामीले संस्था स्थापनाकालदेखि नै साधारणसभाबाट गर्दै आईरहेका छौ । यस वर्ष पनि संस्थाको २३ औं वार्षिक साधारणसभा अन्तर्गत विभिन्न ७ वटा एकाई बैठक पश्चात एकाई प्रतिनिधिहरुको सभा गरेर वार्षिक साधारणसभा सम्पन्न गर्न गइरहेकोका छौं । यसै प्रक्रियानुसार संचालक समितिबाट पेश गरिने वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि आ.व. २०८१/०८२ को प्रगति समिक्षा, चालु आ.व. २०८२/०८३ लागि गत स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव तथा आ.व. २०८३/०८४ का लागि प्रस्तावित कार्यक्रमहरुको पूर्ण विवरण यसै वार्षिक प्रतिवेदन २०८२ को **अनुसूचि १ मा** प्रस्तुत गरिएको छ । सो को विस्तृत अध्ययन गरी बन्दसत्रमा रचनात्मक सुझाव सहित कार्यक्रम स्वीकृत हुने आशा एवं विश्वास लिएका छौं ।

विशेषगरी राज्यको आर्थिक, सामाजिक तथा वित्तीय पहुँचबाट पछाडी परेको एवं भौगोलिक कारणले समेत विकट क्षेत्रमा अवस्थित यस कर्णाली प्रदेशको वास्तविक अवस्था हो । यस्तो अवस्थामा रहेका विभिन्न समुदायका गरिब विपन्नहरुको उत्थान गर्न उपयुक्त ठहराई संस्थाले हाल विशेषत: लघुवित्त कार्यक्रमको माध्यमबाट कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्लामा संस्थागत क्रियाकलापहरु संचालन गरी लक्षित वर्गसँग हातेमालो गर्दै आईरहेको व्यहोरा अवगत नै छ ।

**सहकर्मी सदस्य साथीहरु,**

अब यहाँ गत आ.व. २०८१/०८२ का लागि स्वीकृत गरिएका कार्यक्रम र सो को उपलब्धीको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छौं । उक्त आ.व मा पनि सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएका विभिन्न चुनौतीहरुका कारणले तोकिएको लक्ष्यमा अपेक्षित उपलब्धी हालिस गर्न नसकिएपनि सदस्यहरुको सकारात्मक समन्वय, भूमिका र कर्मचारीवर्गको जिम्मेवारीवोधका कारण अधिकतम रुपमा संस्थागत गतिविधिहरु संचालन गर्ने प्रयास गरिएको थियो । सो आ.व.मा स्वीकृत कार्यक्रमको आधारमा ७७.३५ प्रतिशत उपलब्धी हासिल गरिएको व्यहोरा अनुरोध छ । सोको विस्तृत विवरण **अनुसूचि १ मा** नै समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको जानकारी गराउँदै उक्त आ.व.मा भएगरेका केही मुख्य मुख्य गतिविधि तथा उपलब्धीहरुको बारेमा यहाँ बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छौं ।

**गत आ.व. २०८१/०८२ मा सम्पादन गरिएका केही मुख्य मुख्य क्रियाकलापहरु :**

- गत आ.व. संस्थाको जीवन तथा परिवार सुरक्षण योजनामार्फत मृत्यु, सुत्केरी, आवाश क्षति, औषधी उपचार तथा राहत सहयोग लगायतका सुविधामा गरी कूल २७७ जना शेयर सदस्यलाई रु.८३,५७,६००।- रुपैयाँ सुविधा उपलब्ध गराइएको छ । जसको विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकाको **अनुसूचि नं. ६ मा** देखाइएको छ ।

- संस्थामा संलग्न जनशक्तिहरुको क्षमता अभिवृद्धिलाई मध्यनजर गर्दै विशेषगरी संस्थाका साझेदार संस्थाहरुसँगको समन्वयमा संस्थाका पदाधिकारी तथा कर्मचारीहरु विभिन्न तालिम, गोष्ठी तथा अन्तरक्रियात्मक कार्यक्रमहरुमा सहभागी हुनुको साथै सो अवसरमा भएका सिकाइहरुलाई संस्था हितमा प्रयोग गर्ने प्रयास गरिएको छ ।
- गत आ.व.मा स्वीकृत कार्यक्रम अन्तर्गत मुख्यतः पूँजी वृद्धि, ऋण लगानी तथा असुली, बचत संकलन, सदस्यहरुको क्षमता अभिवृद्धि, सहकारी तथा वित्तीय साक्षरता तालिम, समिक्षा वैठक, निरीक्षण अनुगमन, आन्तरिक तथा वार्षिक लेखा परीक्षण जस्ता कार्यहरु संचालन भई सन्तोषजनक दरमा प्रगति हाँसिल गरिएको छ ।
- साथै, दिवस समारोह मनाउने क्रममा संस्था स्थापना दिवस, सहकारी दिवस, शुभकामना आदान प्रदान जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु उत्साहपूर्वक मनाईएको थियो ।
- त्यस्तै, संचालक समिति र उपसमितिका वैठकहरु आवश्यकता अनुसार निरन्तर रुपमा भएका थिए । उक्त आ.व.मा संचालक समितिको बैठक १३ पटक, ऋण कमिटीको बैठक ११६३ पटक र अन्य उपसमितिहरुको बैठक २८ पटक बसेका थिए ।
- त्यस्तै दुग्धशाला व्यवसायबाट ५०० भन्दा बढी कृषक एवं सदस्यहरु प्रत्यक्ष लाभांवित भएका छन् ।

**सहयात्री शेयर सदस्य मित्रहरु,**

अब संस्थाको वर्तमान अवस्थाको बारेमा यथार्थ सार संक्षेप चित्रण गर्ने अनुमति चाहन्छौं ।

- हाल संस्थाले २०८२ भाद्रसम्म आईपुग्दा ३१७१६ सदस्यहरुसँग हातेमालो गरी सहकार्य गर्दै आईरहेको छ ।
- संस्थाका सेवालाई व्यवस्थित गर्नका लागि सुर्खेत जिल्लाको विभिन्न क्षेत्रहरुमा ७ वटा, दैलेखमा ४ वटा र सल्यान जिल्लामा २ वटा गरी जम्मा १३ वटा सेवाकेन्द्रहरु समेत स्थापना भई संचालनमा आएका छन् ।
- सदस्यहरुमा पुऱ्याउने सेवालाई प्रभावकारी किसिमले प्रवाह गर्न कार्यकारी अधिकार सहितको व्यवस्थापकीय कर्मचारी टिम संलग्न हुँदै आएको छ । जसमा हाल ११० जना कर्मचारी एवं प्रशिक्षार्थीहरु संलगन रहेका छन् ।
- सदस्यसँग हाल २०८२ भाद्र मसान्तसम्मको लगानीमा बाँकी ऋण रकम रु.२,०८,०६,९९,२१८।- रहेको छ ।
- त्यस्तै संस्थासँग सदस्यहरुको जम्मा बचत रु.१,८०,०३,९३,८९४।७१ र शेयर रु.२८,८०,२४,३००।- रहेको छ ।
- त्यसैगरी यस संस्थाले बाह्य बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी ऋण रु.४,३४,४०,६४२।७४ रहेको छ ।
- त्यस्तै भाद्र मसान्तसम्मको मोटामोटी बचत रु.३३,३१,४८१।३९ रहेको छ ।

**शेयर सदस्य महानुभावहरु,**

वर्तमान अवस्थाका साथै चालु एवं आगामी आ.व. का लागि समेत प्रस्तावित नीति तथा कार्यक्रमहरुको विस्तृत विवरण यसै मन्तव्यको अनुसूचीहरुमा समावेश गरिएकाले यहाँ प्रस्तुत नगरिएको ब्यहोरा अनुरोध छ । विशेषगरी संस्था संचालनका लागि आवश्यक पर्ने नियम तथा कार्यनीतिहरुको सम्बन्धमा संस्थाका शेयर तथा बचत नीति २०५९, ऋण नीति २०५९, कर्मचारी दरबन्दी तथा सेवा सुविधा सम्बन्धी नीति २०५९ र लघुवित्त कार्यक्रम संचालन सम्बन्धी नीति २०६८ का साथै संस्था संचालन नियमावली अन्तर्गत कर्मचारी प्रशासन नियमहरू २०५९ र संस्थाको विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० मा समेत समय सापेक्ष संशोधन, परिमार्जन तथा थप गरी स्वीकृतिका लागि यसै प्रतिवेदन पुस्तिकाको **अनुसूची २ मा** समावेश गरिएको छ । त्यस्तै संस्थाको उद्देश्य अनुसार सेवामा विविधिकरण ल्याउने उद्देश्यले वीरेन्द्रनगरस्थित औद्योगिक क्षेत्रमा खाद्य उद्योग संचालन गर्नेगरी उच्च महत्व दिई चालु आ.व.मा सोही अनुसार गर्नेगरी लक्ष्य निर्धारण गरिएको छ । साथै संस्था, सदस्य तथा समुदायको आवश्यकतालाई समेत मध्यनजर गर्दै विगतदेखि संचालन गर्दै आईरहेका अन्य कार्यक्रमहरुलाई पनि आवश्यकताको आधारमा आगामी आ.व.को लागि आवश्यक संख्या र रकममा लक्ष्य निर्धारण गरी प्रस्तावित गरिएको छ ।

यस संस्थाको अहिलेसम्मको विकासक्रम र वर्तमान अवस्थालाई नियालेर विश्लेषण गर्ने हो भने संस्था प्रगतिपथमा लम्किरहेको देखिन्छ । यो हामी सबैको योगदानको प्रतिफल हो । जस्तोसुकै संकट र समस्याको समयमा पनि संस्था नडगमगाई आफ्नो कर्तव्य र सेवा क्रियाकलापहरु पुरा गर्दै आइरहेको छ । त्यसैले संस्थालाई आगामी दिनमा अझ उचाईमा पुऱ्याउन हामी सबैको भूमिका सँधै झैं अझ महत्वपूर्ण रहिरहनेछ भन्ने अपेक्षा गर्दै सोही अनुसारको निरन्तर सक्रियता, तदरुकता र योगदानको लागि अनुरोध गरिएको ब्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

अन्तमा, संस्था संचालक समितिको अनुमतिबाट सदस्यज्यूहरु समक्ष हामीबाट प्रस्तुत कार्यक्रम, गत आ.व.को प्रगति समिक्षा, आगामी आ.व.को लागि प्रस्तावित कार्यक्रम तथा बजेट र नीति नियम जस्ता सस्थाका विविध पक्षहरु यस प्रतिवेदन पुस्तिकामा राखिएको छ । सम्पूर्ण शेयर सदस्यज्यूहरुले सोको पूर्ण अध्ययन गरी संस्थालाई सँधै झैं सृजनात्मक र रचनात्मक सुझाव दिनुहुनेछ भन्ने आशा लिएका छौं । यस संस्थालाई जन्माई हुर्काइ यस अवस्थासम्म ल्याइपुऱ्याउन प्रत्यक्ष एवं अप्रत्यक्ष रुपबाट सहयोग गर्ने सहकारीसँग सम्बन्धित विभिन्न सरकारी निकायहरु, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरु, प्राज्ञिक वर्ग, नागरिक समाज, संचार माध्यम, विभिन्न पेशा, वर्ग तथा समुदायका व्यक्तित्वहरु, संस्थाका अग्रज एवम् अन्य शुभेच्छुक सबैमा यस अवसरमा हार्दिक धन्यवाद समेत दिन चाहन्छौं ।

*जय सहकारी !*

अनुसूची- १

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

(वातावरण भवन)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## आ.व. २०८१/०८२ को यथार्थ प्रगति, २०८२/०८३ को लागि स्वीकृतिमा आवश्यक संशोधन तथा आगामी
## आ.व. २०८३/०८४ का लागि प्रस्तावित वार्षिक कार्यक्रम

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८१/०८२ को | | | चालु आ.व. २०८२/०८३ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८३/०८४ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| १ | शेयर बिक्री | कित्ता | ४९०००० | २६३१७२ | ५३.७१ | ५६०००० | -२००००० | ३६०००० | ० | ४५०००० | ० | |
| २ | शेयर सदस्य वृद्धि | जना | ३१०० | ९४६ | ३०.५२ | ३३०० | -१३०० | २००० | ० | २५०० | ० | |
| ३ | बहुउद्देश्यीय सेवा थप र संचालन | वटा | निरन्तरता दिने | १ | १०० | निरन्तरता दिने | ० | निरन्तरता दिने | निर्णय अनुसार | निरन्तरता दिने | निर्णय अनुसार | आन्तरिक |
| ४ | सेवाकेन्द्र विस्तार | वटा | २ | ० | ० | २ | -१ | १ | ४००००० | १ | ४००००० | आन्तरिक |
| ५ | फिल्ड प्रशिक्षार्थी/कर्मचारी नियुक्ति | जना | १० | ४ | ४० | १० | ० | १० | ५०००० | १० | ५०००० | आन्तरिक |
| ६ | पि.जि.टी. सञ्चालन | वटा | ११० | १३ | ११.८२ | ११५ | ० | ११५ | ११५००० | ११५ | ११५००० | आन्तरिक/बाह्य |
| ७ | कुल ऋणी संख्या | जना | १८००० | १३३६७ | ७४.२६ | २०००० | -५००० | १५००० | ० | १६५०० | ० | |
| ८ | ऋण सदुपयोगिता निरिक्षण | पटक | १८००० | १०९०६ | ६०.५९ | २०००० | -५००० | १५००० | ० | १६५०० | ० | |
| ९ | ऋण लगानी | रु | २१५००००००० | ११९८४२५७०० | ५५.७४ | २४१५०००००० | -२१०००००० | २२०५०००००० | ० | २७५००००००० | ० | |
| १० | ऋण असुली | रु | १९८००००००० | १२५८७०१७७४ | ६३.५७ | २२५००००००० | -२५०००००० | २०००००००० | ० | २५०००००००० | ० | |
| ११ | लगानीमा बाँकी ऋण | रु. | २२९०४९४५२५ | २०६२६२६५०६ | ९०.०५ | २४५५४९४५२५ | -१८७८६८०१९ | २२६७६२६५०६ | ० | २५१७६२६५०६ | ० | |
| १२ | सदस्यको बचत प्राप्त | रु. | १०१५०००००० | ७५२०९५६७२ | ७४.१० | १२००००००० | -१५००००००० | १०५००००००० | ० | १३००००००० | ० | |
| १३ | सदस्यको बचत फिर्ता | रु. | ७४५०००००० | ५६१७७५७६५ | ७५.४१ | ८६५०००००० | -१००००००० | ७६५०००००० | ० | ९४५०००००० | ० | |
| १४ | बाँकी बचत | रु | १८६९८५८६५६ | १७८५१७८५६५ | ९५.४७ | २२०४८५८६५६ | -१३४६८००९१ | २०७०१७८५६५ | ० | २४२५१७८५६५ | ० | |
| १५ | ऋण लिने | रू | १२००००००० | १००००००० | ८.३३ | १५००००००० | ० | १५००००००० | ० | २००००००० | नियमानुसार | आन्तरिक |
| १६ | केन्द्र/सामाजिक आर्थिक सहयोग | वटा | आवश्यक्तानुसार | २१ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| १७ | पुनर्ताजगी तालिम | वटा | आवश्यक्तानुसार | १६१ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक/बाह्य |
| १८ | अध्ययन अवलोकन/भ्रमण | पटक | आवश्यक्तानुसार | ८ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| १९ | बाह्य अध्ययन अवलोकन (सदस्य/संचालक/कर्मचारी) | पटक | २ | २ | १०० | २ | ० | २ | ६००००० | २ | ६००००० | आन्तरिक/बाह्य |
| २० | अन्तर्राष्ट्रिय भ्रमण कार्यक्रम (संचालक/कर्मचारी) | जना | ६ | ० | ० | ६ | ० | ६ | ११००००० | ६ | ११००००० | आन्तरिक/बाह्य |
| २१ | शाखा प्रबन्धकबाट केन्द्र निरिक्षण | पटक | २९०० | २७८१ | ९५.९० | ३००० | ० | ३००० | ० | ३००० | ० | |
| २२ | के. कार्यालयबाट शाखा/केन्द्र निरिक्षण | पटक | २८० | ११३ | ४०.३६ | २८० | ० | २८० | नियमानुसार दै.भ्र.भ. | २८० | नियमानुसार दै.भ्र.भ. | आन्तरिक |
| २३ | कर्मचारी बैठक (प्रति शाखा/के.का. मासिक १) | पटक | ४०० | २६९ | ६७.२५ | ४०० | ० | ४०० | नियमानुसार | ४०० | नियमानुसार | आन्तरिक |
| २४ | सेवाकेन्द्र प्रमुखहरुको बैठक | पटक | १२ | १२ | १०० | १२ | ० | १२ | नियमानुसार | १२ | नियमानुसार | आन्तरिक |
| २५ | लघुवित्त उप-समिति बैठक | पटक | १२ | १२ | १०० | १२ | ० | १२ | नियमानुसार | १२ | नियमानुसार | आन्तरिक |
| २६ | आन्तरीक समिक्षा बैठक (त्रैमासिक) | पटक | ४ | ४ | १०० | ४ | ० | ४ | ३००००० | ४ | ३००००० | आन्तरिक |
| २७ | केन्द्र प्रमुखहरुको गोष्ठी | वटा | ३५ | ० | ० | ४० | -५ | ३५ | २६२५००० | ४० | ३०००००० | आन्तरिक |

क्रमश:

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८१/०८२ को | | | चालु आ.व. २०८२/०८३ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८३/०८४ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| २८ | संचालक/सदस्य/कर्मचारी क्षमता अभिवृद्धि तालिम | पटक | २० | १४ | ७० | २० | -५ | १५ | ७५०००० | १५ | ७५०००० | आन्तरिक |
| २९ | समन्वयात्मक/विविध गोष्ठी | वटा | १५ | ६ | ४० | १५ | ० | १५ | ११२५००० | १५ | ११२५००० | आन्तरिक |
| ३० | सदस्यलाई सहकारी शिक्षा/वित्तीय साक्षरता/क्षमता अभिवृद्धि/उद्यमशीलता विकास तालिम कार्यक्रम | वटा | २५ | १४ | ५६ | २५ | -५ | २० | १०००००० | २५ | १२५०००० | आन्तरिक/बाह्य |
| ३१ | तीन शुन्य कार्यक्रम व्यवस्थापन/संचालन | वटा | १४ | ० | ० | १४ | ० | १४ | १००००० | १४ | १२०००० | आन्तरिक |
| ३२ | वातावरणमैत्री गाउँ तथा टोल निर्माण | वटा | २ | ० | ० | २ | ० | २ | १००००० | २ | १००००० | आन्तरिक |
| ३३ | अति विपन्न समूह सहयोग कार्यक्रम | वटा | ३ | ० | ० | ४ | -२ | २ | १५०००० | २ | २००००० | आन्तरिक |
| ३४ | सूचना प्रविधि विकास तथा व्यवस्थापन कार्यक्रम | पटक | निरन्तर | १ | १०० | निरन्तर | निरन्तर | निरन्तर | नियमानुसार | निरन्तर | नियमानुसार | आन्तरिक |
| ३५ | भुल्के परियोजना (कृषि उपज प्रशोधन, खरिद, बिक्री आदि) | वटा | निरन्तर | १ | १०० | निरन्तर | ० | निरन्तर | ५०००००० | निरन्तर | आवश्यक्तानुसार | आन्तरिक |
| ३६ | वातावरण Agro Mart सम्भाव्यता अध्ययन/संचालन | वटा | निरन्तर | ० | ० | निरन्तर | ० | निरन्तर | १००००००० | निरन्तर | आवश्यक्तानुसार | आन्तरिक |
| ३७ | ❋खाद्य उद्योग तथा प्रशोधन केन्द्रको लागि जग्गा खरिद/भाडामा लिने | वटा | ० | ० | ० | ० | १ | १ | ६०००००० | ० | ० | आन्तरिक |
| ३८ | ❋खाद्य उद्योगको लागि भवन निर्माण | वटा | ० | ० | ० | ० | १ | १ | ७५००००० | ० | ० | आन्तरिक |
| ३९ | ❋खाद्य उद्योगको लागि मेसिनरी औजार/सामाग्री खरिद | रु. | ० | ० | ० | ० | ६५००००० | ६५००००० | ६५००००० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| ४० | ❋उद्योग संचालन पूँजी | रु. | ० | ० | ० | ० | १००००००० | १००००००० | १००००००० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| ४१ | औषधी उपचार तथा राहत सहयोग | जना | माग/निर्णय अनुसार | ८ | १०० | माग/निर्णय अनुसार | ० | माग/निर्णय अनुसार | ० | माग/निर्णय अनुसार | ० | आन्तरिक |
| ४२ | विद्युतीय चुलो प्रवर्द्धन कार्यक्रम | जना | आवश्यक्तानुसार | ४७५ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | नियमानुसार | आवश्यक्तानुसार | नियमानुसार | आन्तरिक/बाह्य |
| ४३ | सदस्यका छोराछोरी तथा विद्यार्थीका लागि वित्तीय शिक्षा | जना | ३०० | ० | ० | ३०० | ० | ३०० | १५०००० | ३०० | १५०००० | आन्तरिक |
| ४४ | विद्यालयमा सहकारी शिक्षा कार्यक्रम (पढ्दै कमाउँदै) | वटा | १ | ० | ० | १ | ० | १ | १००००० | १ | १००००० | आन्तरिक |
| ४५ | विभिन्न दिवस, उत्सव, कार्यक्रम तथा प्रतियोगिताहरु | वटा | २० | २६ | १३० | २० | ५ | २५ | ५००००० | २५ | ५००००० | आन्तरिक |
| ४६ | संस्थागत स्वमूल्यांकन गोष्ठी | वटा | १ | १ | १०० | १ | ० | १ | १००००० | १ | १००००० | आन्तरिक |
| ४७ | समिति उपसमितिबाट सेवाकेन्द्र अनुगमन निरीक्षण | वटा | १५ | १३ | ८६.६७ | १५ | ० | १५ | नियमानुसार | १५ | नियमानुसार | आन्तरिक |
| ४८ | संचालक कर्मचारी मिलन कार्यक्रम | वटा | १ | ० | ० | १ | ० | १ | २००००० | १ | २००००० | आन्तरिक |
| ४९ | संचालक समिति बैठक | पटक | १६ | १३ | ८१.२५ | १६ | ० | १६ | नियमानुसार | १६ | नियमानुसार | आन्तरिक |
| ५० | लेखा समितिको बैठक | पटक | ४ | ३ | ७५ | ४ | ० | ४ | नियमानुसार | ४ | नियमानुसार | आन्तरिक |
| ५१ | ऋण कमिटीको बैठक | पटक | आवश्यक्तानुसार | ११६३ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | नियमानुसार | आवश्यक्तानुसार | नियमानुसार | आन्तरिक |
| ५२ | ऋणी भेटघाट, सम्पर्क, अनुगमन निरीक्षण | जना | १५०० | १३२४ | ८८.२७ | १५०० | ५०० | २००० | नियमानुसार | २००० | नियमानुसार | आन्तरिक |
| ५३ | अन्य समिति उप समिति बैठक (त्रैमासिक) | पटक | १० | १६ | १६० | १० | ५५ | ६५ | नियमानुसार | ६५ | नियमानुसार | आन्तरिक |
| ५४ | कार्यक्रम योजना निर्माण (रातो किताब) | वटा | २ | १ | ५० | २ | ० | २ | ५००० | २ | ५००० | आन्तरिक |
| ५५ | ❋दुग्धशालामा चिस्यान केन्द्र निर्माण | वटा | ० | ० | ० | ० | १ | १ | १५००००० | ० | ० | आन्तरिक |
| ५६ | दुग्ध उत्पादन पकेट क्षेत्र सम्भाव्यता अध्ययन | वटा | ५ | ४ | ८० | ५ | ० | ५ | १००००० | ५ | १००००० | आन्तरिक |
| ५७ | कृषक भेला तथा संकलन केन्द्र संचालन समिति गठन | वटा | ३ | ४ | १३३.३३ | ३ | १ | ४ | ० | ४ | ० | |
| ५८ | दुग्ध कृषक तथा संकलन केन्द्र समिति अभिमूखिकरण | पटक | २ | १ | ५० | २ | ० | २ | ५०००० | २ | ५०००० | आन्तरिक |
| ५९ | दुग्ध उत्पादक कृषक तथा संकलन केन्द्रसँग सम्झौता | वटा | ३ | ३ | १०० | ३ | ० | ३ | ० | ३ | ० | |
| ६० | दुग्ध संकलन केन्द्र/सहकारीको क्षमता अभिवृद्धि/सहयोग | पटक | २ | ० | ० | २ | ० | २ | ४०००० | २ | ४०००० | आन्तरिक |
| ६१ | दुग्ध संकलन केन्द्र निरीक्षण | पटक | २५ | १३ | ५२ | २५ | -५ | २० | नियमानुसार | २५ | नियमानुसार | आन्तरिक |

क्रमशः

| क्र.सं. | कार्यक्रम शिर्षक र विवरण | इकाई | आ.व. २०८१/०८२ को | | | चालु आ.व. २०८२/०८३ को स्वीकृति तथा संशोधन | | | | आ.व. २०८३/०८४ को लागि प्रस्तावित लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत लक्ष्य | यथार्थ प्रगति | प्रगति प्रतिशत | स्वीकृत लक्ष्य | संशोधन थप/घट | जम्मा स्वीकृति लक्ष्य | बजेट | प्रस्तावित लक्ष्य | बजेट | स्रोत |
| ६२ | संकलन केन्द्रसँग समन्वय बैठक | पटक | ३ | ३ | १०० | ३ | ० | ३ | ६०००० | ३ | ६०००० | आन्तरिक |
| ६३ | दुग्ध उत्पादक कृषक घर दैलो भेटभाट | पटक | १० | ५ | ५० | १० | ० | १० | नियमानुसार | १० | नियमानुसार | आन्तरिक |
| ६४ | दुग्ध उत्पादक कृषक बैठक | पटक | १० | ३ | ३० | १० | ० | १० | १००००० | १० | १००००० | आन्तरिक |
| ६५ | दुग्ध उत्पादक कृषकको क्षमता अभिबृद्धि | वटा | २ | ० | ० | २ | ० | २ | १००००० | २ | १००००० | आन्तरिक |
| ६६ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र छनौट तथा सम्झौता | वटा | १५ | ५ | ३३.३३ | १५ | -५ | १० | ० | १५ | ० | |
| ६७ | दुग्ध विक्रि केन्द्र संचालकहरुलाई अभिमूखिकरण | वटा | आवश्यक्तानुसार | ० | ० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक |
| ६८ | दुग्ध जन्य पदार्थ विक्रि केन्द्र निरीक्षण | पटक | १५ | २० | १३३.३३ | १५ | ५ | २० | नियमानुसार | २० | नियमानुसार | आन्तरिक |
| ६९ | दुग्ध पदार्थ विक्रि केन्द्र संचालकसँग समन्वय बैठक | पटक | १५ | १० | ६६.६७ | १५ | ० | १५ | ३००००० | १५ | ३००००० | आन्तरिक |
| ७० | कृषकलाई घाँसको बेर्ना, बिउँबिजन सहयोग | जना | आवश्यक्तानुसार | ० | ० | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आवश्यक्तानुसार | आन्तरिक/बाह्य |
| ७१ | उत्कृष्ट दुग्ध संकलन केन्द्र पुरस्कार | वटा | २ | ० | ० | २ | ० | २ | १५००० | २ | १५००० | आन्तरिक |
| ७२ | उत्कृष्ट दुग्ध जन्य पदार्थ विक्रि केन्द्र पुरस्कार | वटा | १ | ० | ० | १ | ० | १ | १५००० | १ | १५००० | आन्तरिक |
| ७३ | उत्कृष्ट कृषक पुरस्कार | वटा | ५ | ० | ० | ५ | ० | ५ | ६०००० | ५ | ६०००० | आन्तरिक |
| ७४ | लघुवित्त सामाजिक सम्मान | जना | निर्णय अनुसार | ४ | १०० | निर्णय अनुसार | ० | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | निर्णय अनुसार | आन्तरिक |
| ७५ | उत्कृष्ट केन्द्र पुरस्कार (प्रति शाखा ५ केन्द्र) | वटा | ६५ | ६५ | १०० | ७० | -५ | ६५ | १३००००० | ७० | १४००००० | आन्तरिक |
| ७६ | सदस्यको परिवारका सदस्यहरुलाई व्यवसाय प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण कार्यक्रम | वटा | ६ | ० | ० | ६ | ० | ६ | ३००००० | ६ | ३००००० | आन्तरिक |
| ७७ | साझेदारीमा साना उद्योग तथा व्यवसाय संचालन | वटा | १२ | १ | ८.३३ | १२ | ० | १२ | निर्णय अनुसार | १२ | निर्णय अनुसार | आन्तरिक |
| ७८ | युवा उद्यमी छनौट र पूँजी/सीप सहयोग कार्यक्रम | जना | १० | ० | ० | १० | ० | १० | १००००० | १० | १००००० | आन्तरिक |
| ७९ | BASUCOL छात्र वृत्ति प्रदान (प्रा. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | १५००० | २ | २०००० | आन्तरिक |
| ८० | BASUCOL छात्र वृत्ति प्रदान (मा.वि. स्तर) | जना | २ | २ | १०० | २ | ० | २ | २५००० | २ | ३५००० | आन्तरिक |
| ८१ | उत्कृष्ट ऋणी सदस्य सम्मान/पुरस्कार | जना | ६ | ४५ | ७५० | ६ | ३९ | ४५ | १३५००० | ५० | १५०००० | आन्तरिक |
| ८२ | उत्कृष्ट वचतकर्ता सदस्य सम्मान/पुरस्कार | जना | ६ | ३२ | ५३३.३३ | ६ | २९ | ३५ | १०५००० | ४० | १२०००० | आन्तरिक |
| ८३ | उत्कृष्ट कर्मचारी पुरस्कार | जना | ६ | ५ | ८३.३३ | ६ | ० | ६ | १२०००० | ६ | १५०००० | आन्तरिक |
| ८४ | स्वास्थ्य शिविर | वटा | १ | ० | ० | १ | २ | ३ | ३००००० | २ | २००००० | आन्तरिक |
| ८५ | मृत सदस्य श्रद्धान्जली/परिवार सहयोग कार्यक्रम | वटा | आवश्यक्तानुसार | १२७ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | रु.५५०० बराबर | आवश्यक्तानुसार | रु.५५०० बराबर | आन्तरिक |
| ८६ | सुत्केरी पोषण सहयोग कार्यक्रम | वटा | आवश्यक्तानुसार | १२७ | १०० | आवश्यक्तानुसार | ० | आवश्यक्तानुसार | रु.२५०० बराबर | आवश्यक्तानुसार | रु.२५०० बराबर | आन्तरिक |
| ८७ | व्यवसायिक योजना निर्माण | वटा | २ | १ | ५० | २ | ० | २ | २५००० | २ | २५००० | आन्तरिक |
| ८८ | ऋण धितो लिलाम कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | १ | आवश्यक्तानुसार | १ | आवश्यक्तानुसार | आन्तरिक |
| ८९ | आन्तरिक लेखापरीक्षण (त्रैमासिक) | पटक | ६५ | ५४ | ८३.०८ | ७० | -५ | ६५ | नियमानुसार | ७० | नियमानुसार | आन्तरिक |
| ९० | वार्षिक लेखा परिक्षण | पटक | १ | १ | १०० | १ | ० | १ | निर्णय अनुसार | १ | निर्णय अनुसार | आन्तरिक |
| ९१ | साधारण सभा (एकाई बैठक/एकाई प्रतिनिधिको सभा) | वटा | ८ | ८ | १०० | ८ | ० | ८ | ५५५०००० | ८ | ६०५०००० | आन्तरिक |
| ९२ | संचालन स्वक्षमता (OSS) | % | १११ | १२१ | १०९.०१ | १११ | १ | ११२ | ० | ११२ | ० | |
| | **सरदर उपलब्धी प्रतिशत** | | | | **७७.३५** | | | | | | | |

**नोट :**

१) नयाँ प्रस्तावित कार्यक्रमहरुको संकेत : ❋

२) पेश गरिएको प्रस्ताव स्वीकृति पश्चात संचालन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित उपसमितिको हुनेछ। व्यवस्थापनले आवश्यक सहयोग गर्नेछ।

३) स्वीकृत कार्यक्रमहरु संचालन गर्दा प्रस्ताव गरिएको बजेटमा अपुग वा बचत हुन जाने देखिएमा सोलाई संचालक समितिको निर्णय अनुसार व्यवस्थापन गर्न सकिनेछ।

४) आन्तरिक स्रोतबाट संचालन गरिने कार्यक्रमहरु सम्बन्धित कोष तथा चालु खर्चबाट प्रस्तावमा उल्लेख भएअनुसार गरिनेछ।

अनुसूची- २(क)

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

# नीतिहरुमा थप तथा संशोधन २०८२

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि.को शेयर सदस्यता प्रदान, बचत तथा ऋण परिचालन कार्यको सेवा क्षेत्रलाई बढी सक्षम, सुदृढ गरी संस्था तथा सदस्यहरू बीचको सेवा आदान-प्रदान कार्यलाई अझ प्रभावकारी बनाउन संस्थाबाट संचालनमा ल्याइएका विभिन्न नीतिहरुलाई प्रस्तुत कार्यक्रम तथा बजेटको भावना अनुरुप तथा समय सापेक्ष संशोधन र परिमार्जन गर्न वान्छनीय भएकाले संस्थाको आर्थिक, प्रशासन नियम २०५९ (संशोधन समेतको) नियम १९ को (क) १ ले दिएको अधिकार प्रयोग गरी संस्थाको २३ औं वार्षिक साधारणसभाले भइरहेको व्यवस्थामा संशोधन, नयाँ व्यवस्था थप गर्दै **तपसिल** बमोजिमका नीतिहरुको परिमार्जन तथा संशोधन प्रस्ताव गरी मूल नीतिमा समावेश गर्न प्रस्ताव गरिएको छ ।

## १) संक्षिप्त नाम र प्रारम्भ

**क) नाम :** यी नीतिहरुको नाम वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)ले कार्यान्वयनमा ल्याएका निम्न नीतिहरुमा (२०८२ सम्मको संशोधन) रहने छ ।

**ख) प्रारम्भ :** यी नीतिहरु वार्षिक साधारणसभाले स्वीकृत गरेपछि संचालक समितिको निर्णय अनुसार लागु हुनेछन् ।

| नीतिमा भएको हालको व्यवस्था | | | नीतिमा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य |
| **शेयर तथा बचत नीति २०५९** | | | | | |
| ४ | ६(क) | **बचतहरुको वार्षिक ब्याज दर :** बाल बचतको ७%, आवधिक बचत (मुद्धति)को ९%, कर्मचारी हितकोष बचतको ७% र आवास बचतको ७% रहेको । | ४ | ६(क) | **बचतहरुको वार्षिक ब्याज दर :** बाल बचतको ६%, आवधिक बचत (मुद्धति)को ७.५%, कर्मचारी हितकोष बचतको ६% र आवास बचतको ६% हुने व्यवस्था गरिएको छ । |
| **ऋण नीति २०५९** | | | | | |
| ४ | ६(क) | **ऋणहरुको वार्षिक ब्याज दर र हर्जना दर :** सदस्य जमानत ऋणको १४%, लघुउद्यम व्यवसायिक ऋणको १४.५%, मध्यम व्यवसायिक ऋणको १४.५%, वैदेशिक रोजगार ऋणको १४.५%, आवधिक स्वधन ऋणको १३%, कर्मचारी कल्याण ऋणको १४.५%, कर्मचारी सापटी ऋणको १४.५% र आवास ऋणको १४.५% ब्याज दर तथा सबै ऋणमा वार्षिक ३% हर्जना दर रहेको । | ४ | ६(क) | **ऋणहरुको वार्षिक ब्याज दर र हर्जना दर :** सदस्य जमानत ऋणको १२%, लघुउद्यम व्यवसायिक ऋणको १२.५%, मध्यम व्यवसायिक ऋणको १२.५%, वैदेशिक रोजगार ऋणको १२.५%, आवधिक स्वधन ऋणको पाउनेमा ३% थप, कर्मचारी कल्याण ऋणको १२.५%, कर्मचारी सापटी ऋणको १२.५% र आवास ऋणको १२.५% ब्याज दर तथा सबै ऋणमा वार्षिक २% हर्जना दर हुने व्यवस्था गरिएको छ । |
| **लघुवित्त कार्यक्रम संचालन सम्बन्धी नीति २०६८** | | | | | |
| ३ | ६ | **बचतहरुको वार्षिक ब्याज दर :** व्यक्तिगत बचतको ५%, केन्द्रकोष बचतको ६%, उपकार बचतको ८%, शिक्षा पेन्सन बचतको १५%, आवास बचतको ७%, बाल बचतको ७% र विशेष (पर्व) बचतको ७% रहेको । | ३ | ६ | **बचतहरुको वार्षिक ब्याज दर :** व्यक्तिगत बचतको ४%, केन्द्रकोष बचतको ५%, उपकार बचतको ७%, शिक्षा पेन्सन बचतको १४%, आवास बचतको ६%, बाल बचतको ६% र विशेष (पर्व) बचतको ६% हुने व्यवस्था गरिएको छ । |
| ४ | १० | **ऋणहरुको वार्षिक ब्याज दर र हर्जना दर :** साधारण ऋणको १५%, मौसमी ऋणको १५%, आवास ऋणको १४%, नविकरणीय उर्जा ऋणको १४% र दुग्ध व्यवसाय प्रवर्द्धन ऋणको ८% ब्याज दर तथा सबै ऋणमा वार्षिक ३% हर्जना दर रहेको । | ४ | १० | **ऋणहरुको वार्षिक ब्याज दर र हर्जना दर :** साधारण ऋणको १३.५%, मौसमी ऋणको १३.५%, आवास ऋणको १२.५%, नविकरणीय उर्जा ऋणको १२.५% र दुग्ध व्यवसाय प्रवर्द्धन ऋणको ७% ब्याज दर तथा सबै ऋणमा वार्षिक २% हर्जना दर हुने व्यवस्था गरिएको छ । |
| **कर्मचारी दरबन्दी तथा सेवा, सुविधा सम्बन्धी नीति २०५९** | | | | | |
| २ | २ (क) | अधिकृत विशिष्ट श्रेणीको **महाप्रवन्धक पद**को दरबन्दी संख्या १ भएको । | २ | २ (क) | अधिकृत विशिष्ट श्रेणीको **महाप्रवन्धक पद**को सट्टा **प्रमुख कार्यकारी अधिकृत पद**को व्यवस्था गरी दरबन्दी संख्या १ कायम गरिएको छ । |
| २ | २ (क) | अधिकृत विशिष्ट श्रेणीको **उप-महाप्रवन्धक पद**को दरबन्दी संख्या १ भएको । | २ | २ (क) | अधिकृत विशिष्ट श्रेणीको **उप-महाप्रवन्धक पद**को सट्टा **सहायक कार्यकारी अधिकृत पद**को व्यवस्था गरी दरबन्दी संख्या १ कायम गरिएको छ । |
| - | - | - | २ | २ (क) | प्रमुख सुपरिवेक्षक (अधिकृत पाँचौं), खाद्य प्राविधिक (अधिकृत आठौं), कृषि विकास अधिकृत (अधिकृत आठौं), दुग्ध प्राविधिक (अधिकृत आठौं) र सूचना तथा प्रविधि सहायक (सहायक प्रथम) पदहरुको सिर्जना गरी प्रत्येक पदहरुको दरबन्दी संख्या १ कायम गरिएको छ । |

अनुसूची- २(ख)

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

## संस्था संचालन नियमावली २०५९ थप तथा संशोधन २०८२

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि.को संस्था संचालन नियमावली २०५९ लाई समय सापेक्ष संशोधन, थप तथा परिमार्जन गर्न वान्छनीय भएकाले स्वीकृतिका लागि संस्थाको २३ औं वार्षिक साधारणसभामा **तपसिल** बमोजिमको संशोधन तथा परिमार्जन सहित नयाँ व्यवस्था थप गरी संस्थाको संस्था संचालन नियमावली २०५९ को मूल नियमावलीमा वार्षिक साधारणसभाले स्वीकृत गरेपछि संचालक समितिको निर्णय अनुसार लागु हुनेगरी समावेश गर्न प्रस्ताव गरिएको छ ।

**प्रस्तावित संशोधन तथा थप गरिएको नयाँ व्यवस्था तपसिल बमोजिम रहेको छ :**

| नियमावलीमा भएको हालको व्यवस्था | | | नियमावलीमा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य |
| खण्ड (ख) : कर्मचारी प्रशासन नियमहरू २०५९ (२०८१ सम्मको संशोधन समेत) | | | | | |
| ४ | १६ (ञ १) | बिरामी बिदा : कर्मचारीले १ वर्षमा बढिमा १२ दिनसम्म बिरामी बिदा पाउने छ। यस्तो बिदा जति पनि संचित गर्न सकिने छ। संचित बिदाको भुक्तानी सेवाबाट अवकाश भएपछि खाईपाई आएको तलब दरले एकमुष्ठ भुक्तानी पाउन सक्नेछन् । यो बिदा एक पटकमा ७ दिनभन्दा बढी पाइने छैन । सो भन्दा बढी चाहिएमा मान्यता प्राप्त चिकित्सकको प्रमाण पेश गर्नुपर्नेछ। यो बिदा कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा समेत लिन पाउनेछन् । | ४ | १६ (ञ १) | बिरामी बिदा : कर्मचारीले १ वर्षमा बढिमा १२ दिनसम्म बिरामी बिदा पाउने छ। यस्तो बिदा जति पनि संचित गर्न सकिने छ। संचित बिरामी बिदाको रकम खाईपाई आएको तलब स्केलले हुने रकम मात्र सेवाबाट अवकाश लिँदा सम्बन्धित कर्मचारी वा निजको परिवारको निकटतम सदस्यलाई भुक्तानी दिईनेछ। तर, कर्मचारीले संचित बिरामी बिदाको रकम अग्रिम माग गरेमा न्यूनतम ३० दिन मौज्दात राखी सो भन्दा बढी संचित बिदाको रकम संस्थाको तरलताको अवस्थाको आधारमा पहिलो माग भइआउने कर्मचारीहरुलाई क्रमश: फिर्ता दिइनेछ। यो बिदा एक पटकमा ७ दिनभन्दा बढी पाइने छैन । सो भन्दा बढी चाहिएमा मान्यता प्राप्त चिकित्सकको प्रमाण पेश गर्नुपर्नेछ। यो बिदा कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा समेत लिन पाउनेछन् । |
| ४ | १६ (ञ ८) | घर बिदा : कर्मचारीलाई मासिक १ दिनका दरले घर बिदा दिईनेछ। यस्तो घर बिदा १५० दिनसम्म संचित गर्न सकिनेछ। संचित घर बिदाको रकम खाईपाई आएको तलब स्केलले हुने रकम मात्र सेवाबाट अवकाश लिँदा सम्बन्धित कर्मचारी वा निजको परिवारको निकटतम सदस्यलाई भुक्तानी दिईनेछ। तर, कर्मचारीले संचित घर बिदाको रकम अग्रिम माग गरेमा न्यूनतम ३० दिन मौज्दात राखी सो भन्दा बढी संचित बिदाको रकम संस्थाको तरलताको अवस्थाको आधारमा पहिलो माग भइआउने कर्मचारीहरुलाई क्रमश: फिर्ता दिइनेछ। रकम भुक्तानी गरिएको संचित बिदाको संख्या घर बिदाको अन्तिम संचित सीमासँग जोडिनेछ। | ४ | १६ (ञ ८) | घर बिदा : कर्मचारीलाई मासिक १ दिनका दरले घर बिदा दिईनेछ। यस्तो घर बिदा जति पनि संचित गर्न सकिनेछ। तर बढीमा १५० दिनसम्मको संचित घर बिदाको खाईपाई आएको तलब स्केलले हुने रकम मात्र सेवाबाट अवकाश लिँदा सम्बन्धित कर्मचारी वा निजको परिवारको निकटतम सदस्यलाई भुक्तानी दिईनेछ। |

अनुसूची- २(ग)

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेत*

## संस्थाको विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० लाई संशोधन गर्न बनेको पहिलो संशोधन प्रस्ताव २०८२

वातावरण सुधार वहुउद्देश्यीय सहकारी संस्था लि.को विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० लाई समय सापेक्ष संशोधन गर्न वान्छनीय भएकाले स्वीकृतिका लागि संस्थाको २३ औं वार्षिक साधारणसभामा तपसिल बमोजिमको संशोधन प्रस्ताव गरिएको छ ।

**प्रस्तावित संशोधन तथा थप गरिएको नयाँ व्यवस्था तपसिल बमोजिम रहेको छ :**

| विनियममा भएको हालको व्यवस्था | | | विनियममा थप तथा संशोधन भई कायम हुनुपर्ने व्यवस्था | | | |
|---|---|---|---|---|---|---|
| परिच्छेद | दफा | शब्द तथा वाक्य | परिच्छेद | दफा | शब्द तथा वाक्य | कारण |
| ६ | ३५ (१) | सञ्चालक समिति : संस्थाका दैनिक कार्य संचालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बाँकी सात जना सदस्य गरी जम्मा एघार जनाको सञ्चालक समिति गठन गर्नेछ । | ६ | ३५ (१) | सञ्चालक समिति : संस्थाका दैनिक कार्य संचालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बाँकी पाँच जना सदस्य गरी जम्मा नौ जनाको सञ्चालक समिति गठन गर्नेछ । | राष्ट्रिय सहकारी नियमन प्राविधिकरणले जारी गरेको नियामकीय मापदण्ड २०८२ मा सञ्चालक समिति बढीमा नौ सदस्यीय हुने व्यवस्था गरेको हुँदा । |
| ६ | ३५ (२) | उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन दफा २९ को उपदफा (९) बमोजिम साधारणसभाका लागि छनौट भएका प्रतिनिधिहरु मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३२ बमोजिम गाउँ/टोल/उपक्षेत्र कायम गरिएको अवस्थामा सोही दफाको उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट सदस्य संख्याका आधारमा कम्तिमा एक जना पर्ने गरी सम्बन्धित उपक्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिनेछ ।<br>तर, कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेद्वार बन्न सक्ने छैन । | ६ | ३५ (२) | उपदफा (१) बमोजिम समितिको गठन गर्दा दफा २९ को उपदफा (९) बमोजिम साधारणसभाका लागि छनौट भएका प्रतिनिधिहरु मध्येबाट सल्यान जिल्ला, दैलेख जिल्ला, सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका, वीरेन्द्रनगर नगरपालिका पूर्व र वीरेन्द्रनगर नगरपालिका पश्चिमबाट न्यूनतम १ गरी ५ जना र जाजरकोट जिल्लामा सेवाकेन्द्र स्थापना भएपछि खुल्लाबाट १ हट्नेगरी हाल खुल्ला ४ जनाको प्रतिनिधित्व हुनेगरी नौ सदस्यको सञ्चालक समिति गठन गरिनेछ ।<br>तर, कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेद्वार बन्न सक्ने छैन । | दफा ३५(१) अनुसार मिलान गर्नुपर्ने भएको । |
| ६ | ३५ (३) | उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तिमा ३३ प्रतिशत (अर्थात चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन वटा गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ । | ६ | ३५ (३) | उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तिमा ३३ प्रतिशत (अर्थात तीन जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन वटा गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ । | दफा ३५(१) अनुसार मिलान गर्नुपर्ने भएको । |

# संस्थाको बचत तथा ऋण र लघुवित्त कार्यक्रमतर्फ बचतमा प्रदान गरिने ब्याज दर र ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क सम्बन्धी विवरण

## बचतमा प्रदान गरिने ब्याज दर :

| क्र.सं. | बचतको शिर्षक | ब्याज दर | कैफियत |
|---|---|---|---|
| (क) बचत तथा ऋण कार्यक्रमतर्फ : | | | |
| १ | अनिवार्य मासिक बचत | ६ | |
| २ | नियमित दैनिक बचत | ५ | |
| ३ | बाल बचत | ६ | |
| ४ | स्वेच्छिक बचत | ४ | |
| ५ | आवधिक बचत (मुद्धति) | ७.५ | |
| ६ | कर्मचारी हितकोष बचत | ६ | |
| ७ | सदस्य समृद्धि बचत | १५ | |
| ८ | जेष्ठ नागरिक बचत | ६ | |
| ९ | आवाश बचत | ६ | |
| (ख) लघुवित्त कार्यक्रमतर्फ : | | | |
| १ | समूह बचत | ६ | |
| २ | व्यक्तिगत बचत | ४ | |
| ३ | केन्द्रकोष बचत | ५ | |
| ४ | उपकार बचत | ६ | |
| ५ | शिक्षा पेन्सन बचत | १४ | |
| ६ | आवाश बचत | ६ | |
| ७ | ऋण सरलीकृत दैनिक बचत | ५ | |
| ८ | बाल बचत | ६ | |
| ९ | विशेष (पर्व) बचत | ६ | |

## ऋणमा लिने ब्याज दर तथा सेवा शुल्क :

| क्र.सं. | ऋणको शिर्षक | ब्याज दर | सेवा शुल्क |
|---|---|---|---|
| (क) बचत तथा ऋण कार्यक्रमतर्फ : | | | |
| १ | सदस्य जमानत ऋण | १२ | सदस्य जमानत ऋण, उच्च व्यवसायिक ऋण र कर्मचारी कल्याण ऋणमा ०.७५ र अन्य ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत । |
| २ | लघुउद्यम व्यवसायिक ऋण | १२.५ | |
| ३ | उत्पादनमूलक कृषि तथा पशुपंक्षी पालन ऋण | १२ | |
| ४ | मध्ययम/उच्च व्यवसायिक ऋण | १२.५ | |
| ५ | वैदेशिक रोजगार ऋण | १२.५ | |
| ६ | आवधिक स्वधन ऋण | पाउनेमा ३% थप | |
| ७ | कर्मचारी कल्याण ऋण | १२.५ | |
| ८ | कर्मचारी सापटी ऋण | १२.५ | |
| ९ | सदस्य पुन:उत्थान ऋण | १२ | |
| १० | आवाश ऋण | १२.५ | |
| ११ | पशुपालन ऋण | ७ | |
| १२ | तरकारी खेती ऋण | ७ | |
| (ख) लघुवित्त कार्यक्रमतर्फ : | | | |
| १ | साधारण ऋण | १३.५ | सदस्यलाई प्रदान गर्ने ऋणमा ऋण लिदाको समयमा १ प्रतिशत । |
| २ | मौसमी ऋण | १३.५ | |
| ३ | केन्द्रकोष (आकस्मिक) ऋण | १२ | |
| ४ | आवाश ऋण | १२.५ | |
| ५ | नविकरणीय उर्जा ऋण | १२.५ | |
| ६ | दुग्ध व्यवसाय प्रवर्द्धन ऋण | ७ | |
| ७ | सदस्य पुन:उत्थान ऋण | १२ | |
| ८ | पशुपालन ऋण | ७ | |
| ९ | तरकारी खेती ऋण | ७ | |

# सञ्चालक समितिको तर्फबाट प्रस्तुत बजेट मन्तव्य



**- ताराकेशर पौडेल**
*कोषाध्यक्ष, BASUCOL*

***आदरणीय शेयर सदस्य साथीहरु,***

यस वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को २३ औं वार्षिक साधारणसभाको पावन अवसरमा संस्था सञ्चालक समिति, लेखा समिति, सल्लाहकार तथा विभिन्न उपसमितिका साथीहरु, शेयर सदस्य मित्रहरु, संस्थाको लघुवित्त समूहमा संलग्न महिला दिदीबहिनीहरु, संस्थामा संलग्न कर्मचारी तथा संस्थाका समस्त शुभेच्छुक महानुभावहरुमा हाम्रो सहकारीमय न्यानो अभिवादन व्यक्त गर्न चाहन्छौं ।

**शेयर सदस्य मित्रहरु,**

अहिलेको अवस्थासम्म आईपुग्दा विभिन्न चुनौती तथा अवसरहरुलाई आत्मसाथ गर्दै संस्था अगाडी बढिरहेको छ। यस वर्ष पनि प्रत्येक वर्ष झैं सदस्य तथा समुदाय हितलाई मध्यनजर गर्दै संस्थाले संचालन गर्ने सेवा क्रियाकलापको लागि आवश्यक पर्ने बजेट तयार पारी सम्मानित साधारणसभाहरुबाट स्वीकृति लिई कार्यक्रमहरु संचालन गर्न गइरहेका छौं। विशेषगरी संस्थाका सचिवज्यूबाट गत आ.व. २०८१/०८२ को संस्थाको व्यवस्थापकीय तथा आर्थिक सामाजिक सेवाका गतिविधिको समीक्षा गर्दै चालु आ.व. २०८२/०८३ का लागि पूर्व स्वीकृतिमा संशोधन र आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित कार्यक्रमहरु यहाँहरु समक्ष प्रस्तुत भईसकेको छ। सचिव ज्यूबाट प्रस्तुत कार्यक्रमहरुमा संस्थाबाट खर्च भएका र हुने रकमहरु अर्थात् संस्थाले संचालन गरेको र गर्ने आर्थिक क्रियाकलापहरुको लागि आवश्यक पर्ने बजेट तयार पारी संचालक समितिको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यहाँ प्रस्तुत गरिएको छ।

**शेयर सदस्य साथीहरु,**

स्थापना कालदेखि नै संस्थाको आर्थिक क्रियाकलापलाई पारदर्शी र विधिसम्मत बनाउन संस्थाले आर्थिक प्रशासनिक नियमावली तयार पारी कार्यान्वयनमा ल्याएको छ। हाल संस्थाको आर्थिक क्रियाकलापहरुको अभिलेख पारदर्शी तवरको दोहोरो लेखा प्रणालीमा आधारित खाता तथा अभिलेखहरु कम्प्यूटर सफ्टवेयर प्रविधिको प्रयोग गरी हर-हिसाब राख्ने गरिएको छ। राखिएका हिसाबहरुको नियमित रुपमा आन्तरिक लेखापरीक्षण पनि गर्ने गरिएको छ। प्रत्येक आर्थिक वर्षको अन्तमा आर्थिक क्रियाकलापहरुलाई कानुनी रुप दिन चार्टर्ड एकाउन्टेन्ट्सबाट वार्षिक लेखापरिक्षण सम्पन्न गराई लेखापरिक्षकबाट प्राप्त सुझाव र प्रतिवेदनको आधारमा संस्थाको आर्थिक, सामाजिक क्रियाकलापको प्रभाव विश्लेषण समेत गर्ने प्रचलन रहीआएको ब्यहोरा अवगत नै छ। यसरी आर्थिक विश्लेषण भइसकेपछि सोही आधारमा आगामी वर्षका लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्ने गरिएको ब्यहोरा समेत अवगत नै छ।

**सदस्य महानुभावहरु,**

संस्थाको **'सहकारी व्यवसायमूखी स्वस्थ, सुन्दर, स्वालम्बी एवं सहयोगी सहकारी समाज निर्माण गर्ने'** परिकल्पना पुरा गर्न संस्थाका सदस्य तथा समुदायबासीहरुमा रहेको आर्थिक विपन्नतालाई न्यूनिकरण गरी सदस्यहरुलाई मानसिक, सामाजिक, आर्थिक, शैक्षिक आवश्यकता पुरा गर्ने अभियानमा संलग्न हुन संस्थाको आ.व. २०८१/०८२ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र उपलब्धीहरुको विस्तृत विवरण यस प्रतिवेदनको **अनुसूची ३ मा** समावेश गरिएकोले सोही अनुसूचीबाट विस्तृत जानकारी प्राप्त गर्न अनुरोध गर्दै सोको सारसंक्षेप मात्र यहाँ प्रस्तुत गर्न चाहन्छौं।

जस अन्तर्गत उक्त आ.व. २०८१/०८२ को जम्मा स्वीकृति रकम रू.८,१७,२९,३१,२५६.२५ मा सो आ.व.को उपलब्धी तथा प्रगति रकम रू.५,७०,६३,१३,४७१.३२ को कारोबार हुँदा स्वीकृति र यथार्थको तुलनाबाट लक्ष्यको आधार मा ६९.८२ प्रतिशत प्रगति भएको देखिन्छ। संस्थाको उल्लेखित कारोबारबाट उक्त आ.व.मा रू.६,३८,१४,११३.२५ बचत भएको देखिन्छ। बचत भएको सो रकमलाई नियमानुसारको करकट्टी पछि सहकारी ऐन नियमअनुसार बिभिन्न कोषमा बाँडफाँड गरिएको छ। प्राप्त शुद्ध मुनाफाको आधारमा उक्त आ.व. २०८१/०८२ को अन्तमा कायम रहेका शेयर कित्ता संख्या २८६७३७७ लाई समान दरमा लाभांश वितरण गर्दा प्रतिकित्ता ७.५ प्रतिशतका दरले लाभांश प्रदान गरिने प्रस्ताव गरिएको छ। त्यस्तै संरक्षित पूँजी फिर्ताका सम्बन्धमा सदस्यहरुको बचत तथा निजले तिरेको ऋणको ब्याजलाई मध्यनजर

गर्दै नियमानुसारको दरले संरक्षित पूँजी फिर्ता कोषबाट वितरण गरिने प्रस्ताव पनि गरिएको छ । त्यसैगरी सदस्यलाई आकस्मिक रुपमा लाग्न सक्ने प्राणघातक रोग (क्यान्सर, गम्भिर खालको हृदयघात र दुबै मृगौला फेल भई डाइग्लोसिस गर्नुपर्ने) हरुको उपचारमा सघाउ पुग्नेगरी सदस्यले पाउने उल्लेखित शेयर लाभांसको रकमको ०.५ प्रतिशत र संरक्षित पूँजी फिर्ता कोषको विनियोजित रकमको १० प्रतिशत रकम कट्टा गरी सदस्य कल्याण तथा राहत कोषमा जम्मा गरी बिरामीको औषधी उपचार गर्दा लाग्ने खर्चलाई मध्यनजर गरी बढीमा रु.१५,०००।- सम्म सोही कोषबाट आर्थिक सहयोग प्रदान गरिने कार्यलाई निरन्तरता दिनुको साथै संस्थाको सदस्य सुत्केरी हुँदा समस्या भई टाढाको अस्पताल जानुपर्ने भएमा अवस्था हेरी यातायात खर्च स्वरुप बढीमा रु.५,०००।- सम्म पनि सोही कोषबाट आर्थिक सहयोग गर्ने प्रस्ताव गरिएको ब्यहोरा अनुरोध छ । त्यस्तै सदस्यहरुले संचालन गरेको व्यवसायमा केही कारणले असर पर्न गई समस्यामा परेका सदस्यहरुको आवश्यकतालाई मध्यनजर गर्दै सदस्य पुनःउत्थान ऋण र ऋणको पुनर्तालिकीकरण गर्ने व्यवस्थालाई समेत निरन्तरता दिइएको ब्यहोरा जानकारी गराईन्छ ।

*शेयर सदस्य मित्रहरू,*

अब चालु आ.व. २०८२/०८३ को लागि गत स्वीकृति तथा सोमा आवश्यकता अनुसार संशोधन गरी चालु आ.व.का लागि प्रस्तावित संक्षिप्त बजेट विवरण समेत यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छौं । जसको विस्तृत विवरण समेत **अनुसूची ४ मा** समावेश गरिएकाले सो सम्बन्धमा विस्तृत समिक्षा नगरी संक्षेपमा मात्र जानकारी गराउन चाहन्छौं । जस अन्तर्गत चालु आ.व. २०८२/०८३ को लागि गत स्वीकृत जम्मा रकम रू.९,२९,०३,३६,२५६.२५ रहेकोमा हालको वित्तीय अवस्थाको विश्लेषण गर्दै चालु वर्षको लागि पूर्व स्वीकृत बजेटमा संशोधन थप घट गर्दा रू.१,३८,४३,९७,०४६.०९ घटाई **चालु आ.व.को लागि रू.७,९०,५९,३९,२१०.१६ को आम्दानी र खर्चको संशोधित बजेट अनुमान** प्रस्ताव पेश गरिएको छ ।

*शेयर सदस्य महानुभावहरू,*

त्यसैगरी अब आगामी आ.व. २०८३/०८४ का लागि **अनुसूची ४ मा** नै समावेश गरिएको प्रस्तावित बजेटको संक्षिप्त विवरण समेत यहाँ पेश गर्न चाहन्छौं । उक्त **आगामी आ.व. २०८३/०८४ का लागि उल्लेखित विवरण अनुसारको कारोबार संचालन गर्न रू.९,५९,७५,७४,२१०.१६ को प्रस्तावित बजेट** स्वीकृतिका लागि पेश गरिएको ब्यहोरा सम्मानित शेयर सदस्य ज्यूहरुलाई जानकारी गराईन्छ ।

*सहकारी साथीहरू,*

यहाँ पेश गरिएको आगामी आ.व. २०८३/०८४ को प्रस्तावित बजेट विनियोजन गर्दा सचिव ज्यूबाट पेश भएको वार्षिक कार्यक्रमहरुलाई अझ समयानुकूल, यथार्थपरक र सदस्य सेवामुखी बनाउन आवश्यक पर्ने शिर्षकहरुमा संस्थाको आर्थिक स्थितिको सूचकांकको आधारमा आवश्यक पर्ने बजेट समावेश गरी विनियोजन गरिएको छ । सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, संस्थाको दिगोपना, कर्मचारी, संचालक तथा सदस्यहरूको तलव भत्ता, पारिश्रमिक तथा बैठक भत्तालाई समय सापेक्ष तुल्याई प्रतिस्पर्धात्मक बजारमा संस्थाको गुणस्तरीय सेवालाई खरो रुपमा उतार्नका लागि तलव भत्ता सुविधामा प्रयाप्त मात्रामा आवश्यक बजेटहरुको व्यवस्था गरिएको छ। त्यसैगरी संस्था, संस्थाले संचालन गर्ने खाद्य उद्योग, वातावरण एग्रो मार्ट तथा दुग्धशालाको आवश्यकतालाई समेत मध्यनजर गर्दै जग्गा तथा भवन, मेसिनरी औजार सामान तथा अन्य फर्निचर एवं सम्पत्ति सामानको लागि पनि विगत वर्षमा झैं प्रयाप्त मात्रामा आवश्यक बजेट प्रस्ताव गरिएको छ ।

यसैगरी विगतदेखि नै नियमित रुपमा संचालन गरिदै आएका र संचालन हुने अन्य संस्थागत कार्यक्रमहरुलाई पनि प्रभावकारी रुपमा संचालन गर्नेगरी उच्च महत्व दिई आवश्यकता अनुसार प्रयाप्त मात्रामा बजेट प्रस्ताव गरिएको ब्यहोरा अनुरोध गरिन्छ ।

*शेयर सदस्य साथीहरू,*

अन्तमा प्रस्तुत बजेटको पूर्ण भाग संस्थाको यसै **वार्षिक प्रतिवेदन पुस्तिकाको अनुसूचीहरुबाट** अझ विस्तृत जानकारी लिनुभई सो सम्बन्धमा संस्थाको २३ औं वार्षिक साधारणसभाको एकाई बैठक तथा एकाई प्रतिनिधिहरुको सभाको बन्द सत्रहरुमा समेत छलफल, प्रश्नोत्तर समेत गरी स्पष्ट हुनुहुन अनुरोध गर्दछौं । यो बजेट तथा कार्यक्रम निर्माण गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रुपले संलग्न हुनुहुने संचालक समिति, अन्य विभिन्न समिति/उपसमितिका पदाधिकारी, सल्लाहकार, शेयर सदस्य, बजेट तथा कार्यक्रम मस्यौदा उपसमितिका पदाधिकारी, कर्मचारी वर्ग तथा शुभेच्छुक सम्पूर्ण महानुभावहरुमा समेत हार्दिक धन्यवाद दिन चाहन्छौं ।

*जय सहकारी !*

अनुसूची- ३

# वातावरण सुधार बहुउद्धेश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट र उपलब्धी

| आम्दानी तर्फ | | | | खर्च तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) | शिर्षक | स्वीकृति (रु.) | उपलब्धी (रु.) | उपलब्धी (%) |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **७४२२३२१२५६.२५** | **५२५४४८५८१८.८६** | **७०.७९** | **जम्मा सम्पत्ति तथा दायित्व** | **७१११०५००००.००** | **४७०७१०५७२१.९५** | **६६.१९** |
| अल्या नगद मौज्दात | ७४७८९.८० | ७४७८९.८० | १०० | शेयर फिर्ता | १९००००००.०० | १२३८५३००.०० | ६५.१९ |
| अल्या बैंक मौज्दात | ३९६२९६४६६.४५ | ३९२७९६४६६.४५ | ९९.१२ | विभिन्न कोष खर्च | ६५००००००.०० | ४२५६६५४५.४६ | ६५.४९ |
| शेयर पुंजि प्राप्त | ४९००००००.०० | २६३१७२००.०० | ५३.७१ | विभिन्न निक्षेप फिर्ता | ७४५००००००.०० | ५६१७७५७६४.७५ | ७५.४१ |
| विभिन्न कोष प्राप्त | ३६००००००.०० | ३४६५६०२.२९ | ९.६३ | लिएको ऋण फिर्ता | १९०००००००.०० | ११९७७९२६१.३५ | ६३.०४ |
| विभिन्न निक्षेप प्राप्त | १०१५००००००.०० | ७५२०९५६७१.९० | ७४.१० | ब्याज मुलतवी हिसाब | १४००००००.०० | ८१४८२२१.३८ | ५८.२० |
| ऋण प्राप्त | १२०००००००.०० | १००००००००.०० | ८.३३ | भुक्तानि दिनुपर्ने दिएको | १३२००००००००.०० | ९००६३२५११.४९ | ६८.२३ |
| मुलतवी ब्याज प्राप्त | १४००००००.०० | ६२९५४२०.९३ | ४४.९७ | अन्य दायित्व फिर्ता | ६०००००००.०० | ११२६१९२.०० | १८.७७ |
| शाखागत ऋण प्राप्त (शाखाले) | २३९००००००.०० | ११३३५९२५३.७२ | ४७.४३ | शाखागत ऋण फिर्ता (शाखाले) | २५५००००००.०० | २४५९४४५४७.४२ | ९६.४५ |
| शाखागत ऋण असुली (शाखाबाट) | २५५००००००.०० | २४५९४४५४७.४२ | ९६.४५ | शाखागत ऋण लगानी (केन्द्रले) | २३९००००००.०० | ११३३५९२५३.७२ | ४७.४३ |
| भुक्तानी दिनुपर्ने प्राप्त | १२४५००००००.०० | ८९८७६१४५७.८० | ७२.१९ | व्यवसायिक लगानी | १५५०००००.०० | ४००००००.०० | २५८.०६ |
| अन्य दायित्व प्राप्त | ११५०००००.०० | २३०२४५४७.०० | २००.२१ | सदस्यहरुलाई ऋण लगानी | २१५००००००००.०० | ११९८४२५७००.०० | ५५.७४ |
| ऋण असुली | १९८००००००००.०० | १२५८७०१७७४.०० | ६३.५७ | ब्याज मु./पाउनुपर्ने गएको | २०९००००००००.०० | १४९६९७५६७९.१६ | ७१.६३ |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | २०५५००००००.०० | १५१७२५३९७५.५८ | ७३.८३ | घर, जग्गा हिसाब | ५००००००.०० | ० | ० |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | २४०००००.०० | ३०१३६५९.४० | १२५.५७ | मेसिनरी/फर्निचर/सवारी साधन | ८००००००.०० | ६४४४१९.०० | ८.०६ |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ४०५००००.०० | ३३८१४५२.५७ | ८३.४९ | अन्य सम्पत्ति सामान खरिद | ३५०००००.०० | १३४२३२६.२२ | ३८.३५ |
| **जम्मा आम्दानी** | **७५०६१००००.००** | **४५१८२७६५२.४६** | **६०.१९** | **जम्मा खर्च** | **६७४२९००००.००** | **३८८०१३५३९.२१** | **५७.५४** |
| प्रवेश शुल्क प्राप्त | ३७००००.०० | ९२२५०.०० | २४.९३ | तलव भत्ता/परामर्श खर्च | ९७५०००००.०० | ६८३७१०२५.०० | ७०.१२ |
| ऋणवाट ब्याज हर्जाना प्राप्त | ४०५००००००.०० | २८६१४८१६७.०० | ७०.६५ | दैनिक भ्रमण भत्ता खर्च | १६५००००.०० | १११९१८४.०० | ६७.८३ |
| बैंकबाट ब्याज प्राप्त | ११६०००००.०० | ६११४५०७.१९ | ५२.७१ | बैठक भत्ता खर्च | ९२००००.०० | ६०९१३०.०० | ६६.२१ |
| लगानी/कार्यक्रमवाट प्राप्त प्रतिफल | ७९८०००००.०० | ९६८७२९.०० | १.२१ | विद्युत र पानी खर्च | ९५००००.०० | ७८६३९७.५० | ८२.७८ |
| विलम्ब शुल्क प्राप्त | ३००००.०० | १७१००.०० | ५७.०० | मसलन्द/छपाई खर्च | ३५०००००.०० | २५०५६०३.३१ | ७१.५९ |
| सेवा शुल्क प्राप्त | २१५०००००.०० | १०९४६३७७.५० | ५०.९१ | मर्मत खर्च | १९५००००.०० | १०१६३३३.०० | ५२.१२ |
| फाइल शुल्क प्राप्त | ९५०००.०० | ४१३००.०० | ४३.४७ | विज्ञापन/पत्रपत्रिका/संचार/सफ्टवेयर खर्च | २००००००.०० | १०८७०७८.२८ | ५४.३५ |
| पासवुक शुल्क | ५४००००.०० | १८८०००.०० | ३४.८१ | निक्षेपमा ब्याज खर्च | १६८००००००.०० | १३३९६७५५४.०६ | ७९.७४ |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | २५५००००.०० | १२२९१२४.७४ | ४८.२० | इन्धन, यातायात, ढुवानी खर्च | १५५००००.०० | ८१४३५१.०० | ५२.५४ |
| म्यादअघि फिर्ता शुल्क | ९००००.०० | ५३६५०.०० | ५९.६१ | ह्रास कट्टी खर्च | ३५५००००.०० | २४४८८९५.२४ | ६८.९८ |
| खाताबन्दी शुल्क | २१००००.०० | ८७६००.०० | ४१.७१ | लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ५५००००.०० | ५६५०००.०० | १०२.७३ |
| अध्ययन अवलोकन/प्रतिलिपी शुल्क | ३००००.०० | १००.०० | ०.३३ | प्रो., राहत, प्रिमियम खर्च | ९०००००.०० | १९९३४२.०० | २२.१५ |
| गाडीबाट प्राप्त आम्दानी | २२००००.०० | १०१३३३.०० | ४६.०६ | ऋण शुल्क खर्च | १२५००००.०० | ० | ० |
| शाखागत ब्याज प्राप्त | ६५००००००.०० | २१३९९९८६.०० | ३२.९२ | ऋण जोखिम खर्च | ३०५०००००.०० | १८७५८७४७.४४ | ६१.५० |
| शाखागत आम्दानी | ८६५००००००.०० | ६४४६८२३२.२२ | ७४.५३ | ऋणमा ब्याज खर्च | ३४००००००.०० | १०६६१४५०.५८ | ३१.३६ |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ७५२००००००.०० | ५८९९७३९२.०२ | ७८.४५ | दुग्धजन्य पदार्थ खरिद | ६७००००००.०० | ५०४३२९७५.९४ | ७५.२७ |
| व्यापारिक छुट प्राप्त | ७५०००.०० | ० | ० | विविध व्यवस्थापन खर्च | १८००००.०० | ३६०००.०० | २०.०० |
| प्रशासनिक अनुदान प्राप्त | १००००००.०० | १९९५०६.०० | १९.९५ | तालिम, गोष्ठी, सभा खर्च | ४७५००००.०० | १५०५३२.०० | ३.१७ |
| अन्य आम्दानी | ८०००००.०० | ७७४२९७.७९ | ९६.७९ | ब्याज छुट खर्च | १३५००००.०० | ५२६६५.०० | ३.९० |
| | | | | कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन खर्च | ७०५००००.०० | २२०३६२६.०० | ३१.२६ |
| | | | | साधारणसभा खर्च | ५५५००००.०० | २२०९३४४.०० | ३९.८१ |
| | | | | घरभाडा खर्च | ३७५००००.०० | ३०४०७८८.०० | ८१.०९ |
| | | | | आर्थिक सहायता खर्च | ११०००००.०० | ० | ० |
| | | | | अतिथि सत्कार तथा चियापान खर्च | ९५००००.०० | १७५९८८.०० | १८.५३ |
| | | | | सुखनचुहन/नष्ट भएको दुध खर्च | १०००००.०० | ७६८५३.०० | ७६.८५ |
| | | | | व्यापारिक छुट खर्च | ४००००.०० | ० | ० |
| | | | | विमा प्रिमियम खर्च | ६०००००.०० | ३२८७४१.०० | ५४.७९ |
| | | | | प्रशासनिक अनुदान खर्च | १००००००.०० | २२७७५६.०० | २२.७८ |
| | | | | गाडी खर्च | ९५००००.०० | ० | ० |
| | | | | शाखागत ऋणको ब्याज खर्च | ६५००००००.०० | २१३९९९८६.०० | ३२.९२ |
| | | | | केन्द्रीय कार्यालय खर्च | ८६५००००००.०० | ६४४६८२३२.२२ | ७४.५३ |
| | | | | सहकारी के. का. खर्च | ७९००००००.०० | ० | ० |
| | | | | विविध खर्च | ६५००००.०० | २९९९६०.६४ | ४६.१५ |
| | | | | **बैंक/नगद मौज्दात** | **३८७५९१२५६.२५** | **६१११९४२१०.१६** | **१५७.६९** |
| | | | | नगद मौज्दात | ५००००.०० | १०९७३१.८० | २१९.४६ |
| | | | | बैंक मौज्दात | ३८७५४१२५६.२५ | ६११०८४४७८.३६ | १५७.६८ |
| **कूल जम्मा** | **८१७२९३१२५६.२५** | **५७०६३१३४७१.३२** | **६९.८२** | **कूल जम्मा** | **८१७२९३१२५६.२५** | **५७०६३१३४७१.३२** | **६९.८२** |

**नोट :**

१) आ.व. २०८१/०८२ को कूल कारोबार रकम स्वीकृत लक्ष्यको आधारमा ६९.८२ प्रतिशतले उपलब्धी भएको छ।

२) गत आ.व. २०८१/०८२ मा वित्तीय तथा गैर वत्तीय खर्चहरु कटाउँदा करयोग्य बचत रु.६,३८,१४,११३।२५ रहेको छ।

अनुसूची- ४

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)

*वीरेन्द्रनगर-८, सुर्खेतको*

## चालु आ.व. २०८२/०८३ को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित बजेट (आम्दानीतर्फ)

| शिर्षक | चालु आ.व. २०८२/०८३ को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०८२/०८३ मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **८४३०७९१२५६.२५** | **२४१९०२९५३.९१** | **१४१२०००००००.००** | **७२६०६९४२१०.१६** | **८७९७३५९२१०.१६** |
| अल्या नगद मौज्दात | ५००००.०० | ५९७३१.८० | ०.०० | १०९७३१.८० | १०००००.०० |
| अल्या बैंक मौज्दात | ३८७५४१२५६.२५ | २२३५४३२२२.११ | ०.०० | ६११०८४४७८.३६ | ५११९५९२१०.१६ |
| शेयर पुंजि प्राप्त | ५६००००००.०० | ०.०० | २००००००.०० | ३६००००००.०० | ४५००००००.०० |
| विभिन्न कोष प्राप्त | ४१००००००.०० | ०.०० | ३६००००००.०० | ५००००००.०० | ६००००००.०० |
| विभिन्न निक्षेप प्राप्त | १२०००००००००.०० | ०.०० | १५००००००००.०० | १०५००००००००.०० | १३०००००००००.०० |
| ऋण प्राप्त | १५००००००००.०० | ०.०० | ०.०० | १५००००००००.०० | २००००००००.०० |
| मुलतबी ब्याज प्राप्त | १६००००००.०० | ०.०० | ६००००००.०० | १००००००००.०० | १२५०००००.०० |
| शाखागत ऋण प्राप्त (शाखाले) | २७५००००००.०० | ०.०० | ०.०० | २७५००००००.०० | ३०५००००००.०० |
| शाखागत ऋण असुली (शाखाबाट) | २८५००००००.०० | २५०००००.०० | ०.०० | २८७५०००००.०० | २९७५०००००.०० |
| भुक्तानी दिनुपर्ने प्राप्त | १४०००००००००.०० | ०.०० | ४००००००००.०० | १००००००००००.०० | १३५००००००००.०० |
| अन्य दायित्व/जि.शु./अनुदान | १३००००००.०० | १५००००००.०० | ०.०० | २८००००००.०० | ३५००००००.०० |
| ऋण असुली | २२५००००००००.०० | ०.०० | २५००००००००.०० | २००००००००००.०० | २५००००००००.०० |
| पाउनुपर्ने/ब्याज मुलतवी प्राप्त | २३५००००००००.०० | ०.०० | ५५००००००००.०० | १८००००००००.०० | २२२५००००००.०० |
| अन्य सम्पत्ति सामान खर्च/मिनाह | २७०००००.०० | ८०००००.०० | ०.०० | ३५०००००.०० | ४२७५०००.०० |
| जग्गा भवन, फर्निचर सम्पत्ति ह्रास | ४५०००००.०० | ०.०० | ०.०० | ४५०००००.०० | ५०२५०००.०० |
| **जम्मा आम्दानी** | **८५९५४५०००.००** | **०.००** | **२१४३०००००.००** | **६४५२४५०००.००** | **८००२१५०००.००** |
| प्रवेश शुल्क प्राप्त | ४२५०००.०० | ०.०० | २०००००.०० | २२५०००.०० | २५००००.०० |
| ऋणबाट ब्याज हर्जाना प्राप्त | ४६५००००००.०० | ०.०० | ६०००००००.०० | ४०५००००००.०० | ५०५००००००.०० |
| बैंकबाट ब्याज प्राप्त | १२५०००००.०० | ०.०० | ०.०० | १२५०००००.०० | १५५०००००.०० |
| लगानी/कार्यक्रमबाट प्राप्त प्रतिफल | ९१५०००००.०० | ०.०० | ९००००००.०० | १५०००००.०० | १८०००००.०० |
| विलम्व शुल्क प्राप्त | ३५०००.०० | ०.०० | ०.०० | ३५०००.०० | ४००००.०० |
| सेवा शुल्क प्राप्त | २४१५००००.०० | ०.०० | २१०००००.०० | २२०५००००.०० | २७५०००००.०० |
| फाइल शुल्क प्राप्त | १०५०००.०० | ०.०० | ०.०० | १०५०००.०० | ११५०००.०० |
| पासवुक शुल्क | ६२००००.०० | ०.०० | ३०००००.०० | ३२००००.०० | ४०००००.०० |
| रेमिटान्स/रिचार्जको कमिशन प्राप्त | ३१५००००.०० | ०.०० | ११०००००.०० | २०५००००.०० | २५०००००.०० |
| म्यादअघि फिर्ता शुल्क | १०५०००.०० | ०.०० | ०.०० | १०५०००.०० | ११५०००.०० |
| खाताबन्दी शुल्क | २३५०००.०० | ०.०० | १०००००.०० | १३५०००.०० | १४५०००.०० |
| अध्ययन अवलोकन/प्रतिलिपी शुल्क | ३५०००.०० | ०.०० | ०.०० | ३५०००.०० | ४००००.०० |
| गाडीबाट प्राप्त आम्दानी | २५००००.०० | ०.०० | ०.०० | २५००००.०० | २७५०००.०० |
| शाखागत ब्याज प्राप्त | ७४५०००००.०० | ०.०० | ३००००००.०० | ४४५०००००.०० | ५५००००००.०० |
| शाखागत आम्दानी | ९८५०००००.०० | ०.०० | २००००००.०० | ७८५०००००.०० | ९५००००००.०० |
| दुध तथा दुग्धजन्य पदार्थबाट आम्दानी | ८६५०००००.०० | ०.०० | १००००००.०० | ७६५०००००.०० | ९५००००००.०० |
| व्यापारिक छुट प्राप्त | ८५०००.०० | ०.०० | ०.०० | ८५०००.०० | ८५०००.०० |
| प्रशासनिक अनुदान प्राप्त | १००००००.०० | ०.०० | ५०००००.०० | ५०००००.०० | ५०००००.०० |
| अन्य आम्दानी | ८५००००.०० | ०.०० | ०.०० | ८५००००.०० | ९५००००.०० |
| **कूल जम्मा** | **९२९०३३६२५६.२५** | **२४१९०२९५३.९१** | **१६२६३०००००.००** | **७९०५९३९२१०.१६** | **९५९७५७४२१०.१६** |

**नोट :**

१) चालु आ.व. २०८२/०८३ मा जम्मा कारोबार रु.७,९०,५९,३९,२१०।१६ र आगामी आ.व. २०८३/०८४ मा जम्मा रु.९,५९,७५,७४,२१०।१६ को कारोबारो हुने अनुमान गरिएको छ । जुन कारोबार अघिल्लो आ.व.को तुलनामा चालु. आ.व.मा ३८.५५ प्रतिशतले र आगामी आ.व.मा २१.४० प्रतिशतले वृद्धि हुनेछ ।

२) चालु आ.व. २०८२/०८३ मा रु.६,८३,६५,०००।- मोटामोटी बचत रहने संशोधित अनुमान छ ।

३) आगामी आ.व. २०८३/०८४ मा रु.८,३८,९०,०००।- मोटामोटी बचत रहने प्रस्तावित अनुमान छ ।

## चालु आ.व. २०८२/०८३ को स्वीकृतिमा आवश्यक संशोधन प्रस्ताव र आगामी आ.व. २०८३/०८४ को लागि प्रस्तावित बजेट (खर्चतर्फ)

| शिर्षक | चालु आ.व. २०८२/०८३ को लागि गत स्वीकृति | चालु आ.व.को लागि संशोधन | | चालु आ.व. २०८२/०८३ मा जम्मा स्वीकृत लक्ष्य | आगामी आ.व. २०८३/०८४ का लागि प्रस्तावित लक्ष्य |
|---|---|---|---|---|---|
| | | थप (+) | घट (–) | | |
| **जम्मा सम्पत्ति तथा दायित्व** | **८११४५००००.००** | **२३५०००००.००** | **१३२१००००००.००** | **६८१७००००००.००** | **८४६५७५००००.००** |
| शेयर फिर्ता | २१५०००००.०० | ०.०० | ५००००००.०० | १६५०००००.०० | १८५०००००.०० |
| विभिन्न कोष खर्च | ७९५०००००.०० | ०.०० | २००००००.०० | ५९५०००००.०० | ६३५०००००.०० |
| विभिन्न निक्षेप फिर्ता | ८६५००००००.०० | ०.०० | १००००००००.०० | ७६५००००००.०० | ९४५००००००.०० |
| लिएको ऋण फिर्ता | २१५००००००.०० | ०.०० | २००००००.०० | १९५००००००.०० | २३५००००००.०० |
| ब्याज मुलतवी हिसाब | १६००००००.०० | ०.०० | ६००००००.०० | १००००००.०० | १२५०००००.०० |
| भुक्तानि दिनुपर्ने दिएको | १५१००००००००.०० | ०.०० | ४१००००००००.०० | ११००००००००.०० | १५०७५०००००.०० |
| अन्य दायित्व/जि.सु. फिर्ता | ७००००००.०० | ०.०० | ०.०० | ७००००००.०० | ८७५००००.०० |
| शाखागत ऋण फिर्ता (शाखाले) | २८५००००००.०० | २५०००००.०० | ०.०० | २८७५०००००.०० | २९७५०००००.०० |
| शाखागत ऋण लगानी (केन्द्रले) | २७५००००००.०० | ०.०० | ०.०० | २७५००००००.०० | ३०५००००००.०० |
| व्यवसायिक लगानी | २००००००.०० | ८००००००.०० | ०.०० | १००००००.०० | २५०००००.०० |
| सदस्यहरुलाई ऋण लगानी | २४१५००००००.०० | ०.०० | २१००००००००.०० | २२०५००००००.०० | २७५००००००.०० |
| ब्याज मु./पाउनुपर्ने गएको | २४०५००००००.०० | ०.०० | ५५००००००००.०० | १८५५००००००.०० | २३०००००००.०० |
| घर, जग्गा हिसाब | ५५०००००.०० | १००००००.०० | ०.०० | १५५०००००.०० | ५५०००००.०० |
| मेसिनरी/फर्निचर/सवारी साधन | ९००००००.०० | ३००००००.०० | ०.०० | १२००००००.०० | ९५०००००.०० |
| अन्य सम्पत्ति सामान खरिद | ४००००००.०० | ०.०० | ०.०० | ४००००००.०० | ५००००००.०० |
| **जम्मा खर्च** | **७७३४२००००.००** | **०.००** | **१९६५४००००.००** | **५७६८८००००.००** | **७१६३२५०००.००** |
| तलव सुविधा खर्च | ११२५०००००.०० | ०.०० | १००००००.०० | १०२५०००००.०० | १३७५०००००.०० |
| दैनिक भ्रमण भत्ता खर्च | १८५००००.०० | ०.०० | ०.०० | १८५००००.०० | २२५००००.०० |
| बैठक भत्ता खर्च | १०५००००.०० | ०.०० | ०.०० | १०५००००.०० | ११५००००.०० |
| विद्युत र पानी खर्च | १०५००००.०० | ०.०० | ०.०० | १०५००००.०० | ११५००००.०० |
| मसलन्द/छपाई खर्च | ४००००००.०० | ०.०० | ०.०० | ४००००००.०० | ५००००००.०० |
| मर्मत खर्च | २२५००००.०० | ०.०० | ०.०० | २२५००००.०० | २५५००००.०० |
| पत्रपत्रिका/सूचना संचार/सफ्टवेयर खर्च | २३०००००.०० | ०.०० | ०.०० | २३०००००.०० | २५०००००.०० |
| निक्षेपमा ब्याज खर्च | १९३००००००.०० | ०.०० | ०.०० | १९३००००००.०० | २४५००००००.०० |
| इन्धन/यातायात/ढुवानी खर्च | १६९००००.०० | ०.०० | ०.०० | १६९००००.०० | २०५००००.०० |
| ह्रास कट्टी खर्च | ४०५००००.०० | ०.०० | ०.०० | ४०५००००.०० | ४५५००००.०० |
| लेखापरीक्षण पारिश्रमिक तथा अन्य खर्च | ६०००००.०० | ०.०० | ०.०० | ६०००००.०० | ६५००००.०० |
| प्रो., राहत, प्रिमियम खर्च | १००००००.०० | ०.०० | ०.०० | १००००००.०० | १००००००.०० |
| ऋण शुल्क खर्च | १५५००००.०० | ०.०० | ५००००.०० | १५०००००.०० | २००००००.०० |
| ऋण जोखिम खर्च | ३५००००००.०० | ०.०० | १००००००.०० | २५००००००.०० | २७५०००००.०० |
| ऋणमा ब्याज खर्च | ३९००००००.०० | ०.०० | १२००००००.०० | २७००००००.०० | २७५०००००.०० |
| दुग्धजन्य पदार्थ खरिद | ७७००००००.०० | ०.०० | १००००००.०० | ६७००००००.०० | ८२५०००००.०० |
| विविध व्यवस्थापन खर्च | २०००००.०० | ०.०० | ०.०० | २०००००.०० | २५००००.०० |
| तालिम, गोष्ठी, सभा खर्च | ५४१००००.०० | ०.०० | ४४१००००.०० | १००००००.०० | १२५००००.०० |
| ब्याज छुट खर्च | १५०००००.०० | ०.०० | १३०००००.०० | २०००००.०० | २५००००.०० |
| कर्मचारी सुविधा कोष तथा दिगो व्यवस्थापन | ८००००००.०० | ०.०० | ५००००००.०० | ३००००००.०० | ३५५००००.०० |
| साधारणसभा खर्च | ६०५००००.०० | ०.०० | ०.०० | ६०५००००.०० | ७५०००००.०० |
| घरभाडा खर्च | ४३०००००.०० | ०.०० | ०.०० | ४३०००००.०० | ५०५००००.०० |
| आर्थिक सहायता खर्च | १२५००००.०० | ०.०० | ९५००००.०० | ३०००००.०० | ३५००००.०० |
| अतिथि सत्कार तथा चियापान खर्च | १०९००००.०० | ०.०० | ३९००००.०० | ७०००००.०० | ८०००००.०० |
| सुखनचुहन/नष्ट भएको दुध खर्च | ११५०००.०० | ०.०० | ०.०० | ११५०००.०० | १२५०००.०० |
| व्यापारिक छुट खर्च | ४५०००.०० | ०.०० | ०.०० | ४५०००.०० | ५००००.०० |
| विमा प्रिमियम खर्च | ६८००००.०० | ०.०० | ०.०० | ६८००००.०० | ७५००००.०० |
| प्रशासनिक अनुदान खर्च | १००००००.०० | ०.०० | ५०००००.०० | ५०००००.०० | ५०००००.०० |
| गाडी खर्च | ११४००००.०० | ०.०० | ९४००००.०० | २०००००.०० | २०००००.०० |
| शाखागत ऋणको ब्याज खर्च | ७४५०००००.०० | ०.०० | ३००००००.०० | ४४५०००००.०० | ५५००००००.०० |
| केन्द्रीय कार्यालय खर्च | ९८५०००००.०० | ०.०० | २००००००.०० | ७८५०००००.०० | ९५००००००.०० |
| सहकारी के. का. खर्च | ९१००००००.०० | ०.०० | ९१००००००.०० | ०.०० | ०.०० |
| विविध खर्च | ७५००००.०० | ०.०० | ०.०० | ७५००००.०० | ८५००००.०० |
| **बैंक/नगद मौज्दात** | **४०२४१६२५६.२५** | **१०९६४२९५३.९१** | **०.००** | **५१२०५९२१०.१६** | **४१५४९९२१०.१६** |
| नगद मौज्दात | १०००००.०० | ०.०० | ०.०० | १०००००.०० | १०००००.०० |
| बैंक मौज्दात | ४०२३१६२५६.२५ | १०९६४२९५३.९१ | ०.०० | ५११९५९२१०.१६ | ४१५३९९२१०.१६ |
| **कूल जम्मा** | **९२९०३३६२५६.२५** | **१३३१४२९५३.९१** | **१५१७५४००००.००** | **७९०५९३९२१०.१६** | **९५९७५७४२१०.१६** |

# २३औं वार्षिक साधारणसभामा लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८१/०८२

**श्रीमान् अध्यक्षज्यू,**

सम्मानित शेयर सदस्यज्यूहरू,

एवं, संचालक समिति, विभिन्न उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी तथा सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा लेखा समितिको तर्फबाट सहकारीमय हार्दिक अभिवादन ।

*सम्मानित शेयर सदस्यज्यूहरू,*

संस्थाको विनियममा व्यवस्था तथा यस समितिलाई दिइएको जिम्मेवारी अनुसार आ.व. २०८१/०८२ को गतिविधिहरुको आन्तरिक लेखापरीक्षण समेत गरी आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन पेश गरेका छौं । अतः यस लेखा समितिको जिम्मेवारीलाई दायित्वबोधका साथै इमान्दारिताका साथ निर्वाह गरी यो प्रतिवेदन तयार पारिएको छ ।

संस्थाले गरेका निर्णयलाई स्पष्ट, खुल्ला, पारदर्शी, वस्तुपरक, वस्तुनिस्ठ, विश्वसनीय बनाउन नितान्त आवश्यक हुन्छ । वर्तमान समयमा सहकारी संस्थामा बचत तथा ऋणको कारोबारोमा उतारचढाव आइरहेको देखिन्छ । लघुवित्त कार्यक्रमतर्फ पनि सदस्यहरुमा भाखा नाघ्ने दर बृद्धि हुँदै गएको देखिन्छ । रोजगारी सिर्जना हुन नसक्दा सदस्यहरुको आम्दानी पनि घट्दो क्रममा रहेको छ । सदस्यहरुले लिएको ऋण उचित क्षेत्रमा लगानी गरेको देखिदैन । सदस्यहरु देखासिकी र सुविधाभोगीमा लागेको देखिन्छ । त्यसको प्रत्यक्ष असर ऋण असुलीमा परिरहेको छ । अतः संस्थाहरुले ऋण लगानी गर्दा सदस्यहरुको आम्दानी र खर्चको विश्लेषण गरेर मात्र ऋण लगानी गर्नुपर्ने अवस्था देखिन्छ । यसको लागि कर्मचारीहरुलाई वित्तीय विश्लेषण, ऋण विश्लेषण लगायतका क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरुको आयोजना निरन्तर गर्नुपर्ने हुन्छ । सदस्यलाई व्यवसायिक सँगसँगै व्यवहारिक बन्न समेत उत्प्रेरित गर्नुपर्ने अहिलेको आवश्यकता हो । कुनै पनि क्षेत्रमा लगानी मात्र ठूलो कुरा होइन, त्यसबाट प्राप्त हुने प्रतिफल महत्वपूर्ण हुन्छ । त्यसैले सदस्यहरुलाई पूर्ण रोजगारी सहित व्यवसायिक एवं उद्यमशील बन्न उत्प्रेरित गरी आर्थिक गतिविधिमा संलग्न गराउन सके सदस्यहरूको जीवनस्तर पनि माथि उठ्न सक्नेछ भन्ने यस समितिको विश्वास रहेको छ ।

उत्कृष्ट संस्थाका रुपमा पहिचान कमाएको यस संस्था आफ्ना सेवाहरु सहकारी सिद्धान्त र मूल्य मान्यतालाई आत्मसाथ गर्दै सदस्यमैत्री बनाउँदै अगाडि बढेको छ । लेखा कारोबारोको हिसाब प्रचलित दोहोरो लेखा प्रणाली अर्न्तगत सफ्टवेयरको माध्ययमबाट प्रष्टसँग राखिएको छ । समग्र रुपमा व्यवस्थापनले राखेको आर्थिक अभिलेख र हर हिसाब एवं आँकडाहरु भरपर्दा छन् । तापनि यस समितिले संस्थाको आ.व. २०८१/०८२ को सम्पूर्ण वित्तीय क्षेत्र, संचालन, व्यवस्थापन तथा सम्पतिको निरीक्षण गर्दा देखिएका कुराहरु समावेश गरी देहाय बमोजिमको प्रतिवेदन बुँदागत रुपमा प्रस्तुत गर्न चाहन्छौं ।

**१. समितिको बैठक सम्बन्धी व्यवस्था :**

संस्थाको संचालक समिति, लेखा समिति र संस्थाको विनियमले व्यवस्था गरेअनुरुप गठित अन्य उपसमितिहरुको बैठक नियमित रुपमा बसेको देखिन्छ । संचालक समितिको बैठक संस्थाको महत्वपूर्ण विषयमा निर्णय लिनुपर्ने अवस्था लगायत मासिक रुपमा अनिवार्य बसेको देखिन्छ भने लेखा समितिको बैठक चौमासिक रुपमा र अन्य उपसमितिहरुको बैठक उपसमितिको कार्य योजना अनुरुप बसेको देखिन्छ ।

**२. विगतमा दिइएका सुझाव कार्यान्वयनको अवस्था :**

संस्थाको वार्षिक साधारणसभाबाट प्राप्त सुझाव अनुरुप संस्थाले आफ्नो मार्ग निर्धारण गरी संस्थाको वार्षिक रुपमा लक्ष्य प्राप्तीका लागि लेखा समिति तथा अन्य उपसमिति मार्फत प्राप्त सुझावलाई निरन्तर कार्यान्वयन गर्दै आएको देखिन्छ । सो लगायत सुझाव कार्यान्वयनको अवस्था निम्न अनुसार उल्लेख गरिएको छ ।

क) संस्थाको २२ औं वार्षिक साधारणसभाबाट स्वीकृत कार्यक्रम नियमित रुपमा संचालन भई संस्थाको लक्ष्य अनुसारको प्रगति सन्तोषजनक रहेको देखिन्छ ।

ख) साधारणसभाको निणर्य पूर्ण पालना भएको देखिन्छ ।

ग) स्वीकृत कार्यक्रम अनुसार केही मात्र कार्यक्रमहरु संचालन हुन बाँकी देखिन्छन् ।

घ) आन्तरिक तथा वार्षिक लेखापरीक्षणबाट प्राप्त सुझाव पूर्ण रुपमा कार्यान्वयन भएको देखिन्छ ।

ङ) नियामक निकायबाट प्राप्त निर्देशन निरन्तर कार्यान्वयन भएको देखिन्छ ।

**३. अघिल्लो आ.व. र प्रतिवेदन पेश गरिएको आ.व.को तुलनात्मक आर्थिक विवरण :**

संस्थाले वार्षिक रुपमा आफ्नो लक्ष्य प्राप्तीका लागि आवश्यक कार्यक्रम तथा बजेट निर्धारण गरी काम गर्ने गरेको देखिन्छ। संस्थाले निर्धारण गरेको विगत २ आर्थिक वर्षको आर्थिक विवरणलाई संक्षेपमा निम्न अनुसार देखाइएको छ।

| क्र.सं. | शिर्षक विवरण | आ.व.२०८०/०८१ को आर्थिक विवरण | आ.व.२०८१/०८२ को आर्थिक विवरण | कैफियत |
|---|---|---|---|---|
| **पूँजी तथा दायित्व तर्फ** | | **२५९७४०७१५७.४२** | **२७५२३९०५९१.२१** | |
| १ | शेयर पूँजी | २७२८०५८०० | २८६७३७७०० | |
| २ | अनिवार्य कोषहरु | २२१११०४६१.३९ | २४२०४३९०४.०२ | |
| ३ | लिएको ऋण | १५६९१२८५९.६४ | ४८५४१६५३.२९ | |
| ४ | बचत हिसाब | १५९९८५८६५६.१८ | १७८५१७८५६५.३० | |
| ५ | चालू दायित्व | १००२५४०८५.९६ | १५३४२५०३१.४२ | |
| ६ | अन्य दायित्व | ९०८९६२०१.०४ | ६२१३५८९६.९१ | |
| ७ | कर्जा जोखिम व्यवस्था | १५५५६९०९३.२१ | १७४३२७८४०.२७ | |
| **सम्पत्ति तथा जायजेथा तर्फ** | | **२५९७४०७१५७.४२** | **२७५२३९०५९१.२१** | |
| १ | नगद मौज्दात | ७४७८९.८० | १०९७३१.८० | |
| २ | बैंक मौज्दात | ३९६२९६४६६.४५ | ६११०८४४७८.३६ | |
| ३ | मौज्दात, धरौटी तथा पाउनुपर्ने | ४०७३१७५८.४५ | ४१४८२२३५.३१ | |
| ४ | कर्जा लगानी | २१२०४९४५२५ | २०६२६२६५०६ | |
| ५ | लगानी | ४३२५२०० | ४३२५२०० | |
| ६ | स्थिर सम्पत्ति | ३५४८४४१७.७२ | ३२७६२४३९.७४ | |

**४. मुख्य-मुख्य आर्थिक उपलब्धी एवम् कारोबारका कमजोर पक्षहरू :**

संस्थाले निरन्तर रुपमा आफ्ना वित्तीय कारोबार अगाडि बढाई रहेको देखिन्छ। संस्थाले गर्ने समूह तथा धितो लगानीको व्यवसाय र दुग्ध व्यवसायले जनमानसमा संस्था प्रतिको सकारात्मक प्रभाव पारेको देखिन्छ। संस्थाले गर्ने व्यवसाय अर्न्तगत भएका नियमित एवम् नीतिगत वित्तीय कारोबारबाट अपेक्षित उपलब्धी हासिल गरेको देखिन्छ।

**५. सहकारी सिद्धान्तहरू, ऐन नियमहरू एवम् संस्थाको विनियमका व्यवस्थाहरूको पालनाको अवस्था :**

नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारले निर्माण गरेका सहकारी ऐन, नियमावली तथा मापदण्डहरुलाई पालना गर्दै संस्था अगाडि बढेको देखिन्छ। संस्थाले सहकारी विभाग तथा नियमनकारी निकायहरुको निर्देशन एवम् सुझावहरु समेत पालना गरेको देखिन्छ। संस्थाले आफ्नो कार्यालयको कामको मार्गदर्शक एवम् एकरुपताका लागि समेत नेपाल सरकारबाट पारित ऐन नियमावलीको अधिनमा रहि संस्थाको विनियम निर्माण गरी आफ्नो काम चुस्त दुरुस्त पार्दै आएको पनि देखिन्छ। त्यस्तै सम्पत्ति शुद्धिकरण निवारण निर्देशिकाको पूर्णरुपमा पालना गर्नको लागि संस्था प्रयासरत रहेको पाईयो। आगामी दिनहरुमा यसको निरन्तरताका लागि समेत सुझाव दिईन्छ।

**६. संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवम् अन्य नीतिहरूको पालनाको अवस्था :**

नियामक निकायवाट जारी गरिएका सहकारी सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकाहरुको आधारमा रहि संस्थाले आफ्ना छुट्टै बचत तथा ऋण नीतिका साथै अन्य नीतिहरु तयार बनाई साधारण सभाबाट पारित गरि लागु गरेको पाईयो। जस अन्तर्गत रहेर संस्थाले आफ्ना बचत तथा ऋण लगायतका काम संचालन गरेको पाईयो। साथै संस्थाले प्रदान गर्ने ऋणका सन्दर्भमा निम्न अनुसार रहेको देखिन्छ।

- क) संस्थाबाट गरिने ऋण लगानी प्रक्रिया संस्थाको नियमावली तथा ऋण नीति अनुरुप भए गरेको पाइयो।
- ख) ऋण लगानी पूर्व ऋणमाग गर्ने सदस्यको परियोजना, व्यवसाय, धितो निरीक्षण, घर भेटघाट, पारिवारिक सल्लाह लिने कार्य अधिकतम रुपमा गरिएको पाईयो।
- ग) ऋण लगानी गर्दा ऋण उपसमितिबाट स्वीकृत गराई लगानी गर्ने गरिएको पाईयो।
- घ) संस्थाले धितो तथा समुह सुरक्षणका आधारमा ऋण लगानी गर्ने गरिएको पाइयो।
- ङ) ऋण लगानी गरिएका कागजातहरु नियम अनुसार सुरक्षित राखिएको पाईयो।
- छ) संस्थाले ऋणको सीमाभित्र रही सदस्यको व्यवसाय र क्षमता हेरेर लगानी गरिएको पाईयो।

**७. कर्मचारी व्यवस्थापनका सवल र दुर्वल पक्षहरू :**

संस्थाले आफ्नो छुट्टै संस्था सञ्चालन नियमावली तयार बनाई सो अन्तर्गत कर्मचारी प्रशासन नियमावली समेत समावेश गरी लागु गरिएको छ । जसको आधारमा संस्थामा रहेका कर्मचारीहरुको न्यायोचित एवम् समतामूलक ढंगबाट व्यवस्थापन गर्दै आएको देखिन्छ । संस्थामा कार्यरत कर्मचारीहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि विभिन्न समयमा उनीहरुको कार्यशैली तथा क्षमतामा निखार ल्याउने हेतुले तालिम, गोष्ठी जस्ता कार्यक्रमहरुको संचालन गर्नुको साथै साझेदार संस्थाहरुले संचालन गर्ने त्यस्ता किसिमका कार्यक्रमहरुमा समेत सहभागीलाई महत्व दक्ष जनशक्तिको निर्माणका कामहरु संस्थाले गर्दै आएको पाईयो ।

**८. संस्था संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरू :**

संस्था संचालक समितिले सहकारी ऐन, निमयावली, निर्देशिका र संस्थाको विनियममा उलल्लेख भएका काम, कर्तब्य र अधिकारको सीमा भित्र रहि संस्थाको उच्चतम हितमा काम गरेको पाईयो । नीति नियम मिचेर संचालक तथा अन्य उपसमितिले कुनै पनि काम नगरेको देखिन्छ। संस्थाको संचालक समितिले संस्थाको अभिभावकत्व ग्रहण गरी संस्था संचालन मूल नीति नियम निर्माण गरी न्यायोचित तवरले कानुनको पालना गरी आफ्नो काम अगाडि बढाईरहेको देखिन्छ ।

**९. गत वर्ष सम्पन्न लेखा परीक्षणको गुणस्तर र सुधारका सुझावहरू :**

संस्थाले आफूले गर्ने सम्पूर्ण वित्तीय कारोबारोको त्रैमासिक रुपमा आन्तरीक तथा साधारणसभाको निर्णय अनुसार चालु आ.व.को चार्टर्ड एकाउन्टेन्टबाट वार्षिक लेखापरीक्षण गर्नेगराउने गरेको देखिन्छ । संस्थाले गर्ने वित्तीय कारोबारोको आन्तरिक लेखापरीक्षकबाट चेकजाँच गराई प्राप्त प्रतिवेदनका आधारमा कार्यकारी प्रवन्धक मार्फत लेखा समितिमा पेश गर्ने गरी तत् पश्चात लेखा समितिले देखिएका कैफियतको छड्के चेकजाँच गरी भईगरेका कारोबारमा सुझाव प्रदान गर्ने गरेको छ ।

संस्थाले सूचना प्रकाशित भएअनुसार पर्न आएका दरखास्तहरु मध्येबाट वार्षिक साधारणसभाले तोकेको व्यक्ति तथा फर्मबाट वार्षिक लेखापरीक्षणको काम गराउने गरिएको तथा प्राप्त सुझावको पूर्ण पालना गर्ने गरेको देखिन्छ । प्राप्त वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुसार संस्थाका हरेक हरहिसाबहरु चुस्तदुस्त हुनुका साथै प्रतिवेदन र आन्तरीक चेकजाँचको प्रक्रिया उच्च स्तरको रहेको देखिन्छ । आगामी दिनहरुमा पनि भईगरेका वित्तीय कारोबारोको गुणस्तरयुक्त चेकजाँचको व्यवस्थालाई चुस्तदुरुस्त राखि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाईराख्न कटिबद्ध रहन सुझाब प्रदान गरिन्छ ।

**१०. नियामक निकायले संस्थाको अनुगमन गर्दा देखिएका कैफियत, दिइएका सुझावको पालनाको अवस्था :**

संस्थाको नियमित रुपमा नियामक निकायहरुबाट अनुगमन तथा चेकजाँच भएको देखिन्छ । सहकारी विभाग, कर्णाली प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, गुणस्तर नापतौल कार्यालय तथा संस्थाका ऋण प्रदायक एवम् साझेदार वित्तीय संस्थाहरुबाट संस्थाको वित्तीय कारोबारको नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने गरेको देखिन्छ । हालसम्म संस्थाको अनुगमनबाट प्राप्त सुझावहरु पूर्ण कार्यान्वयनको अवस्थामा देखिन्छन् ।

**११. संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्याङ्कन :**

संस्थाले गरेको विभिन्न कार्यक्रमहरु र सो सम्बन्धमा रहेको वित्तीय कारोबारोको अवस्था संस्थाको नीति नियममको परिधिभित्र समेटिएको छ। संस्थाले आफूले गर्ने हरेक काम सदस्यमैत्री देखिन्छ। सदस्यहरुको मनोभावना अनुरुप संस्थाले आफ्नो आर्थिक, सामाजिक, सांस्कृतिक एवम् नैतिक कार्यक्षेत्र बलियो बनाउँदै लगेको छ। संस्थाको कार्यक्षेत्र नै कर्णाली प्रदेश अर्न्तगतका जिल्लाहरु रहेकाले यस क्षेत्रको समुन्तमा संस्थाले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको देखिन्छ । संस्थाले आफ्नो लक्ष्यअनुरुप प्रयाप्त उपलब्धी हासिल गरिरहेको देखिन्छ । संस्थाले सदस्यहरुलाई वित्तीय सेवा प्रवाह गर्दै सदस्यहरुको जिवनस्तर उकास्ने काममा दत्तचित्त भई लागेको देखिन्छ ।

साथै संस्थाले प्रचलित कानुन अनुसार आफ्नो उद्देश्य अनुरुप काम गरिरहेको पनि छ। संस्थाले हाल वित्तीय कारोबारो सँगसँगै अन्य व्यवसायिक कामलाई पनि अगाडि बढाएको छ। दक्ष जनशक्ति र यिनीहरुले गर्ने संस्थागत क्रियाकलापबाट नै संस्थाले यो उचाई प्राप्त गरेको देखिन्छ ।

अन्तमा, संस्थामा संस्था संचालन तथा लेखा सम्बन्धी क्षेत्रमा लामो अनुभव हाँसिल गर्नुभएका कर्मचारीहरुको कार्यशैलीलाई हेर्दा संस्थाले अझै प्रगति गर्दै जाने अवस्था रहेको देखिन्छ। आगामी दिनमा समेत व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीमा स्वच्छ र पारदर्शिता कायम राखि सदस्यहरुलाई धेरै भन्दा धेरै सेवा प्रदान गरी सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवसायिक विकास गर्न संस्था लागिरहने छ भन्ने विश्वास राख्दै यस लेखा समितिलाई सहयोग गर्नुहुने सुभेच्छुक सबैमा पुनः धन्यवाद ज्ञापन गर्दछौं ।

जय सहकारी !

**प्रतिवेदक**

**संयोजक : हेमलाल पन्त**

**सदस्यहरु : हरिमाया पुलामी, तिलक खनाल**

# २३औं वार्षिक साधारणसभामा ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८१/०८२

**श्रीमान् अध्यक्ष ज्यू,**

संस्थाका आदरणीय सम्पूर्ण शेयर सदस्य ज्यूहरु,

संचालक समिति, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य एवं शुभेच्छुक महानुभावहरुमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को ऋण लगानी तथा असुली उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

"सबैका लागि एक, एकका लागि सबै" भन्ने भावना नै सहकारीको मूल मर्म हो । सहकारिता, स्वावलम्वन र पारस्परिकताको आधारमा मद्दत गरी आपसी सहयोगको विकास गर्ने माध्यमको रुपमा सहकारीलाई मानिन्छ । सहकारीहरुको मुख्य व्यवसाय नै सुरक्षित र भरपर्दो ऋण लगानी हो । ऋणलाई मुख्य व्यवसायिक आधार मानेर यसलाई सुरक्षित गर्ने जिम्मा संचालक र व्यवस्थापनको हो । ऋणलाई जोखिमरहित तरिकाले लगानी गर्न सकियो भने मात्र सदस्यहरुलाई वित्तीय सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न सकिन्छ । ऋण लगानी तथा असुली उपसमितिका तर्फबाट प्रदान गरिने गुणस्तरीय एवं सदस्यमैत्री सेवा प्रवाहका लागि संस्थागत क्षमता अनुसार दक्ष जनशक्ति मार्फत लक्षित वर्ग पहिचान गरी वित्तीय एवं व्यवसायिक साक्षरता लगायतका आधारभूत विषयवस्तुलाई मूल मन्त्र बनाई संस्थाको नीति नियमको परिधिभित्र रहि विगतका वर्षदेखि आफ्नो भूमिका निर्वाह गर्दै आएका छौं ।

सहकारीबाट प्रवाह हुने ऋण सदस्यहरुको आवश्यकतालाई परिपूर्ति गर्ने मात्र नभई सदस्यहरुलाई उद्यमशील बनाई उनीहरुको व्यवसायको स्तरउन्नति गर्ने तर्फ परिमार्जित गर्नुपर्ने देखिन्छ । सदस्यहरुको सम्पूर्ण आवश्यकताको परिपूर्ति गर्ने माध्यम ऋणबाट प्राप्त हुने रकम हुने गरेको परिप्रेक्ष्यमा उनीहरुलाई वित्तीय साक्षरताका माध्यमबाट ऋण भनेको के हो भन्ने कुरा बुझाई यसबाट प्राप्त हुने रकमको सहि सदुपयोग गरी उत्पादनमूलक क्षेत्रमा लगानी गरी आय आर्जन गर्नु नै हो भन्ने कुरा सिकाउँदै अघि बढ्नु आजको आवश्यकता हो । सदस्यहरुले समयानुकूल आयआर्जनका क्षेत्रमा लगानी गरी स्वयम्लाई उद्यमशील बनाई आफूलाई स्वाभिमानी एवं असल नागरिक बनाउने तर्फ हाम्रो सहकारी संस्था लागिरहेको पनि देखिन्छ ।

ऋण लगानी सँगसँगै ऋणी सदस्यले लिएको ऋण रकमको नियमित किस्ता तथा ब्याजको रकम संस्थामा भुक्तानी गर्छ या गर्दैन भन्ने कुराको चनाखोपूर्ण तरिकाले यस "ऋण लगानी तथा असुली उपसमिति"ले पछ्याउने काम गर्दै आएको छ । ऋणलाई जोखिमरहित तरिकाले लगानी गर्न सकियो भने मात्र सदस्यहरुलाई वित्तीय सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्न सकिन्छ । यस सहकारी संस्थाबाट प्रदान गरिने गुणस्तरीय एवं सदस्यमैत्री सेवा प्रवाहका लागि संस्थागत क्षमता अनुसार दक्ष जनशक्ति मार्फत लक्षित वर्ग पहिचान गरी वित्तीय एवं व्यवसायिक उद्यमशीलतालाई मूल मन्त्र बनाई संस्थाको नीति नियमको परिधिभित्र रहि ऋण प्रवाह गरिदै आएको छ ।

विगत केही वर्षदेखि वित्तीय क्षेत्रहरु विभिन्न समस्या तथा चुनौतीको अवस्थामा रहिआएका छन् । यी क्षेत्रहरुमा कहिले तरलताको कमि त कहिले अत्याधिक मौज्दातको अवस्था सृजना भए । वर्तमान अवस्थामा वित्तीय क्षेत्रहरुबाट लगानीको उच्च सम्भाव्यता रहेतापनि सदस्य उद्यमशीलताको कमि तथा सदस्यहरुको लगानी सुरक्षणका कारण ऋण लगानीमा न्यूनीकरण आएको देखिन्छ । विभिन्न समस्या तथा चुनौतीहरुलाई पन्छाउँदै देशको अर्थतन्त्रमा पनि सुधारको घाम लाग्न थालेको आभास भएको छ । मानिसहरुमा अब उत्पादनमा जोड नदिए अप्ठ्यारो अवस्था आउन सक्ने बुझाई रहेको देखिन्छ । देशको उच्च आयातको अवस्था, देशको समग्र शोधान्तर घाटाका कारण वित्तीय क्षेत्रमा परेको प्रभावले आन्तरीक आर्थिक गतिविधिहरुमा संकुचन आइरहेको छ । लगानी पश्चात प्राप्त उत्पादनको बजारीकरण नहुँदा समग्र क्षेत्र सँगै हाम्रा शेयर सदस्यहरु पनि यसको चपेटामा पर्दा हाम्रो संस्था पनि यसबाट अछुतो रहन सकेन । हाम्रा सदस्यहरुको उद्यमशीलतामा देखिएको न्यूनता पनि यसै प्रभावको उदाहरणका रुपमा लिन सकिन्छ ।

धमिलिएको सामाजिक, आर्थिक तथा राजनैतिक अवस्थामा संस्था अझ चनाखो भई उत्कृष्ट सहकारी संस्थाको रुपमा संस्थाले प्राप्त गरेको उचाई र साखलाई कायम राख्दै संस्थाले स्थापित गरेको मान्यतालाई ईमान्दारीका साथ बचाइराख्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अतः अब यहाँ गत आ.व. २०८१/०८२ को अन्तमा लगानीमा रहेको ऋणको विवरण प्रस्तुत गर्न चाहन्छौं ।

| क्र.सं. | ऋणको किसिम | कार्यक्रमगत लगानीमा बाँकी ऋण रकम रु. | | |
|---|---|---|---|---|
| | | बचत तथा ऋणतर्फ | लघुवित्ततर्फ | जम्मा |
| १ | सदस्य जमानत/साधारण ऋण | २०७८९६५.०० | १२५१३४९८७७.०० | १२५३४२८८४२.०० |
| २ | आवधिक बचत लगानी ऋण | ८१४०६७२.०० | ० | ८१४०६७२.०० |
| ३ | लघुउद्यम/व्यवसायिक ऋण | २१६३०९८५८.०० | ५३०७६७२२९.०० | ७४७०७७०८७.०० |
| ४ | कर्मचारी कल्याण ऋण | १३३४३९६४.०० | ० | १३३४३९६४.०० |
| ५ | संस्थागत ऋण लगानी | १००००००.०० | ० | १००००००.०० |
| ६ | मौसमी ऋण | ० | ३२०३५६७.०० | ३२०३५६७.०० |
| ७ | केन्द्रकोष ऋण | ० | ३६४३२३७४.०० | ३६४३२३७४.०० |
| जम्मा बाँकी ऋण | | २४०८७३४५९.०० | १८२१७५३०४७.०० | २०६२६२६५०६.०० |

आ.व. २०८१/०८२ सम्म लगानीमा रहेको ऋण रकम माथिको तालिकाबाट प्रष्ट हुन्छ । तथापी ऋण रकममध्ये समयमा किस्ता भुक्तान नहुने ऋण पनि बढिरहेको ब्यहोरा समेत सम्मानित शेयर सदस्यहरुलाई जानकारी गराउन चाहन्छौं । आर्थिक मन्दी तथा वित्तीय क्षेत्रमा देखिएका विभिन्न चुनौतीका कारण धरासायी भएका व्यवसायले गति नलिएका कारण लगानीको रुपमा रहेको ऋणको नियमित ब्याज तथा किस्ता भुक्तानीमा सदस्यहरुलाई गाह्रो पर्न गई यस वर्ष भाका नाघेको ऋण प्रक्षेपण भन्दा केही बढी रहेको छ ।

**आदरणीय शेयर सदस्य महानुभावहरु,**

संस्थालाई सदस्यमैत्री सेवा प्रवाहका साथै सक्षम र सबल बनाउँदै लैजानुपर्छ भन्ने मूल मर्मका साथ संस्थाका नीति तथा नियमहरुको अधिनमा रही ऋण लगानी एवं असुलीका सम्वन्धमा निम्नअनुसार कार्य गरेको ब्यहोरासमेत यस अवसरमा जानकारी गराउन चाहन्छौं ।

**१. ऋण लगानी तथा असुली सम्बन्धी अवस्था :**

- ऋण नीति २०५९ तथा त्यसमा भएको संशोधनलाई विगतका वार्षिक साधारणसभाबाट स्वीकृति भए अनुसार निरन्तर रुपमा लागु गर्ने गरी स्वीकृति गरिए अनुसारका प्रावधानहरु लागु गरिएको छ ।
- ऋण लगानी गर्दा सदस्यहरुबाट योजना प्रस्तावनामा उल्लेख गरिएको ब्यहोरा अनुसार धितो निरीक्षण, मूल्यांकन, पूर्व कारोवारोकर्ता भए व्यवहारिक मूल्यांकनका आधारमा रहि ऋण लगानी तथा असुली उपसमितिको निर्णय अनुसार सीमा निर्धारण गरी गर्ने गरिएको छ ।
- ऋणी भेटघाट, ऋण सदुपयोगिता निरीक्षण, व्यवसायको निरीक्षण गरी ऋण भुक्तानी गराउने समेत गरिएको छ ।
- लघुवित्ततर्फ कर्जा विश्लेषण गरी प्राप्त रिपोर्टको सीमाभित्र रहि समूहको निर्णय पश्चात मात्र ऋण लगानी गरिएको छ ।
- ऋण लगानी पूर्व पारिवारिक प्रमाणिकरण, व्यवसायिक तस्वीर र ठूला व्यवसायको हकमा एकल परिवारको कुनै सदस्यको ३ महिनाको बैंकिङ रिपोर्ट (आय-व्यय) अनिवार्य गरिएको छ ।
- गत आ.व.मा ऋण लगानी तथा असुलीको अवस्था हेर्दा लगानी ५५.७४% र असुली ६३.५७% उपलब्धी हासिल भएको छ ।

**२. ऋण परिचालन तथा असुली उपसमितिको बैठक संख्या र यसका निर्णयको अवस्था :**

- गत आ.व. २०८१/०८२ मा ११६३ (बचत तथा ऋणतर्फ २३ र लघुवित्ततर्फ ११४०) पटक बैठक संचालन भएको देखिन्छ ।
- सदस्यले ऋण माग गर्दा अपनाउने विधि र माग गर्दा पेश गर्ने कागजातहरु पुगनपुगको अवस्था हेरी प्रमाणिकरण गर्ने र आवश्यकता अनुसार परिमार्जन सहित ऋणको सुरक्षणको व्यवस्था मिलाउने गरिएको छ ।
- ऋणी सदस्यहरुको व्यवसाय अनुगमन गरी ऋण असुली सम्बन्धी नीति निर्माण र योजना बनाउने गरिएको छ ।
- यस उपसमिति अन्तर्गत बसेका बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भएको देखिन्छ ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण र धितो अवस्था :**

- संस्थाबाट प्रवाह हुने ऋण लगानी संस्थाको ऋण नीति २०५९ (संशोधन समेत) अनुसार भएको ।
- संस्था नियमनकारी निकायबाट जारी ऐन, नियम, निर्देशिका तथा मापदण्डको अधिनमा रहि लगानी प्रवाह गरिएको ।
- ऋण लगानी पूर्व सदस्यको परियोजना तथा धितो निरीक्षण, व्यवसायको अवस्था, घर भेटघाट अनि पारिवारीक छलफल गर्ने गरिएको ।
- संस्थाको कार्यक्षेत्र भित्र रहेका संस्था सदस्यहरुको व्यवसायमा बृद्धि विकासका आधारमा ऋण कारोवार संचालन गरिएको ।

**४. आ.व. २०८१/०८२ को अन्तसम्ममा ऋण कारोबारको अवस्था :**

| क्र.सं. | बिवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | ऋणी संख्या | १३३६७ | |
| २ | ऋण लगानी रकम रु. | ११९८४२५७०० | |
| ३ | ऋण असुली रकम रु. | १२५८७०१७७४ | |
| ४ | लगानीमा बाँकी ऋण रकम रु. | २०६२६२६५०६ | |
| ५ | भाखा नाघेको ऋण रकम रु. | २५३९९९५४४.३३ | |
| ६ | असुली प्रतिशत | ८७.६९ | |
| ७ | ऋण जोखिम कोषमा रहेको रकम रु. | १७४३२७८४०.२७ | |
| ८ | ऋण ताकेता तथा घर भेटघाट | १३२४ | |
| ९ | ऋण सदुपयोगिता तथा धितो निरीक्षण | १०९०६ | |

**५. ऋण परिचालन तथा असुली उपसमितिको तर्फबाट दिइएका सुझाव :**

- मालपोत कार्यालयबाट कायम गरिएको सरकारी दररेट अनुसार धितो मूल्यांकन गर्ने गरेतापनि ऋण उपसमितिले क्षेत्र अनुगमन गरेर कायम गरेको रकम मात्र ऋण लगानी गर्ने व्यवस्था गर्नुपर्ने ।
- ऋण रकमको न्यूनतम ३% शेयर खरिद गरेको हुनुपर्ने प्रावधानलाई अझ प्रभावकारी रुपमा निरन्तरता दिनुपर्ने ।
- ऋण भुक्तानी समस्यामा रहेका सदस्यहरुसँग नियमित सम्पर्क, समन्वय तथा अनुगमन गरी पृष्ठपोषण गर्नुपर्ने ।
- सदस्यहरुको आय व्यय विश्लेषण गरी पुनरभूक्तानीको अवस्था मापन गरेर मात्र लगानीको व्यवस्था गर्नुपर्ने ।
- रु.१० लाख भन्दा माथिको ऋण लगानीका सन्दर्भमा धितो मूल्यांकन रजिष्टर्ड फर्ममार्फत गरी लगानी गर्ने व्यवस्था मिलाउने ।
- ऋण माग गर्ने सदस्यको स्वतन्त्र तवरले नैतिक, सामाजिक, आर्थिक र भौगोलिक धितो पहिचान गरी पहाडीभेगमा रहेका जग्गाको मूल्यांकन गर्दा न्यूनतम दर राखेर मात्र लगानी गर्ने व्यवस्था गर्नुपर्ने ।

अन्तमा, हामीलाई सुम्पिएको जिम्मेवारीलाई बहन गर्दै ऋण लगानी तथा असुली उपसमितिका तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हामीलाई खुशी लागेको छ । आगामी दिनमा अझ राम्रो गर्न यहाँहरुको सुझावको अपेक्षा सहित हामीलाई सहयोग गर्नुहुने शेयर सदस्य लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद प्रकट गर्दछौं ।

**जय सहकारी !**

**प्रतिवेदक**

**संयोजक : ताराकेशर पौडेल**

**सदस्यहरु : ऋषि भट्टराई, वेदनिधि रेग्मी**

# २३औं वार्षिक साधारणसभामा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट प्रस्तुत प्रतिवेदन २०८१/०८२

**श्रीमान् अध्यक्ष ज्यू,**

आदरणीय शेयर सदस्य ज्यूहरु, संचालक समिति, सल्लाहकार, विभिन्न समिति/उपसमितिका पदाधिकारी, सदस्य, कर्मचारी एवं शुभेच्छुक महानुभावहरुमा शिक्षा तथा तालिम उपसमितिको तर्फबाट सहकारीमय न्यानो अभिवादन ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

संस्थाका सदस्यहरुलाई सहकारी तथा व्यवसायिक क्षमता अभिवृद्धिका लागि सो सम्बन्धी ज्ञान, सीप तथा धारणाको विकास हुन अत्यन्त महत्वपूर्ण हुन्छ । सो पक्षलाई सवल र प्रभावकारी बनाउन संस्था संचालक समितिले सहकारी ऐन, नियम तथा संस्था विनियम बमोजिम हामीलाई शिक्षा तथा तालिम उपसमितिको महत्वपूर्ण पदहरुमा मनोनयन गरेकोमा हामीले प्राप्त जिम्मेवारीलाई आत्मसात गर्दै आफ्ना गतिविधिहरु संचालन गरिएका छौं । अतः यस उपसमितिबाट जिम्मेवारी बहन गर्ने क्रममा दक्षता र सीपले भ्याएसम्म गरिएका क्रियाकलापहरु सम्मानित वार्षिक साधारणसभा समक्ष प्रतिवेदनको रुपमा प्रस्तुत गरिएको ब्यहोरा अनुरोध छ ।

सहकारी संस्थाका सदस्यहरु, संचालक समिति र कर्मचारीहरुलाई आवश्यकता अनुसार सहकारीको ज्ञान, सीप, धारणा र संस्कारको विकास र संस्था तथा व्यवसाय प्रवर्द्धन र व्यवस्थापनमा रचनात्मक सोचको विकास गर्न तालिम, गोष्ठी, शिक्षा शिविर तथा अन्तरक्रिया जस्ता शैक्षिक क्रियाकलाप हुनु नितान्त आवश्यक हुन्छ । यस संस्थामा पनि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तालिम, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रमहरु संचालन हुँदै आएका छन् । अतः आ.व. २०८१/०८२ मा संस्थाले सम्पन्न गरेका यस उपसमितिको कार्यक्षेत्र भित्रका क्रियाकलापहरुको स्वीकृति लक्ष्य र उपलव्धी मूल कार्यक्रममा समावेश गरिएको हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गरी सदस्य महानुभावहरुमा सुसूचित गर्न यो प्रतिवेदन प्रस्तुत गरिएको ब्यहोरा अनुरोध छ ।

**१. गत साधारणसभाबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनको अवस्था :**

- उद्यमी सदस्यहरुको सहजताका लागि आवश्यक नीति नियमहरु तयार तथा परिमार्जन गरी लागु गरिएको छ ।
- आवश्यकता अनुसार आकस्मिक/सामाजिक राहत सहयोगका कार्यक्रमहरु संचालन गरिएको छ ।
- समन्वय एवं सम्पर्क भेला, पुनर्ताजगी तालिम, सदस्य सीप विकास तालिम लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् ।
- सहकारी शिक्षा तथा सचेतना, सामुदायिक समन्वयात्मक गोष्ठी, वित्तीय साक्षरता जस्ता कार्यक्रमहरु संचालन गरिएको छ ।
- सम्पत्ति शुद्धिकरण तथा कोपोमिस प्रणालीमा सदस्यता आवद्ध गराउने कार्य निरन्तर चलिरहेको छ ।
- संचालक समिति तथा उप-समितिका वैठकहरु नियमित रुपमा संचालन भएका छन् ।
- यस संस्थाका साझेदार संघ संस्थाहरुबाट संचालन भएका तालिम, गोष्ठी, अन्तरक्रिया, अध्ययन अवलोकन जस्ता कार्यक्रमहरुमा संस्थाका संचालक तथा कर्मचारीहरुको आवश्यकता अनुसार सहभागिता रहेको छ ।
- अन्य स्वीकृत कार्यक्रमहरु संस्था स्थापना दिवस, सहकारी दिवस, छात्रवृत्ति वितरण, शुभकामना आदान प्रदान, विभिन्न दिवस उत्सव, सदस्य सम्मान कार्यक्रम जस्ता विभिन्न दिवस तथा कार्यक्रमहरु संचालन गरिएको छ ।
- वार्षिक कार्यक्रम प्रगतिलाई विश्लेषण गर्दा आ.व. २०८१/०८२ मा सन्तोषजनक रुपमा प्रगति हाँसिल गरिएको छ ।

**२. आगामी वर्षका लागि थप कार्यक्रम तथा सुझावहरु :**

- सम्पत्ति सुद्धिकरण तथा कोपोमिस प्रणाली मा आवद्ध हुन बाँकी रहेका सदस्यहरुलाई अविलम्व आवद्ध गर्ने र सदस्यहरुलाई एक सहकारी एक सदस्यताको अवधारणा लागु गर्न प्रभावकारी रुपमा सहजीकरण गर्नुपर्ने ।
- संस्थागत सन्देशमूलक कार्यक्रम तथा गतिविधिहरुको भिडियो क्लीप तयार गरी सदस्य तथा समुदायमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- सहकारी सहकारीबीच स्वस्थ प्रतिस्पर्धाका लागि अन्तर-सहकारी अध्ययन अवलोकन, अन्तरक्रिया लगायतका कार्यक्रम राख्नुपर्ने ।
| ८९ | धना योगी | करार निक्षेप संकलक | श्रेणीविहीन | सहायक | लघुवित्त कार्यक्रम | २०८२/०७/११ | |
| ९० | वलबहादुर थापा | पहरेदार | श्रेणीविहीन | सहयोगी | बचत तथा ऋण | २०६३/०२/१० | |
| ९१ | तारा पौडेल | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | बचत तथा ऋण | २०७०/०५/१३ | |
| ९२ | रम्मा गौतम | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७१/०७/०१ | |
| ९३ | वीरबहादुर चौधरी | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७२/०७/०१ | |
| ९४ | दिलकुमारी गरंजा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७३/०६/०१ | |
| ९५ | वलबहादुर भुषाल | पहरेदार | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७३/०६/१२ | |
| ९६ | ज्योति थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/११/०६ | |
| ९७ | अमृता खत्री | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७४/०१/०१ | |
| ९८ | तेजकुमारी थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०४/०१ | |
| ९९ | उर्मिला थारु | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७४/०९/०१ | |
| १०० | रोमा आचार्य | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०३/१३ | |
| १०१ | लक्ष्मण वली | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७५/०६/१० | |
| १०२ | गणेशबहादुर थापा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७६/११/२५ | |
| १०३ | ईश्वरी सापकोटा | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७७/०८/१७ | |
| १०४ | नैनसरा वि.सी. | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७७/०९/२२ | |
| १०५ | सुरेन्द्र रावत | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७८/०९/०४ | |
| १०६ | दिपक श्रीष | पहरेदार | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७९/०३/१२ | |
| १०७ | सरिता जि.सी. | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०७९/१०/०८ | |
| १०८ | शान्ता राना | दुग्धशाला सहयोगी | श्रेणीविहीन | सहयोगी | वातावरण दुग्धशाला | २०७९/१०/१८ | |
| १०९ | धनसरा थापा (बुढा) | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०८०/०१/२० | |
| ११० | गणेशबहादुर गुरुङ्ग | कार्यालय सहयोगी | श्रेणीविहीन | सहयोगी | लघुवित्त कार्यक्रम | २०८०/०३/०५ | |

# बाख्राको बथानमा फक्रिएको आशाको बिउँ

श्रावण महिनाको शितल बिहान थियो । भिरपाखाले ओगटिएको सुर्खेतको गुर्भाकोट नगरपालिका वडा नं. ३, धारापानीमा एउटा सानी छोरीले आँखा खोलिन् । वि.सं. २०२७ साल श्रावण १४ गतेका दिन ती आँखा खोल्ने सानी छोरी थिईन् बुबा नर सिं बुढाथोकी र आमा भद्रकली बुढाथोकीको पहिलो सन्तान विर्मि बुढाथोकी । सानैदेखि चञ्चल स्वभाव भएकी उहाँ एकातिर पढाइप्रति मोह, अर्कोतिर गाउँको माटोसँग आत्मीय सम्बन्ध । उहाँले गाउँकै विद्यालयमा कक्षा ५ सम्मको यात्रा सहजै पार गर्नुभयो । तर त्यसपछि जीवनले किताबको भन्दा गाह्रो पाठ दिन थाल्यो । २० वर्षको उमेरमा उहाँले गुर्भाकोटकै वडा नं. ११ निबासी हस्तविर बोटेसँग भागी विवाह गर्नुभयो । त्यसपछि तीन सन्तानको आमा बनेपछि अझ सुरु भयो उहाँको जीवनको नयाँ पाठशाला ।

चुलोचौको, बाबु नानीहरूको स्याहार र दिनदिनैको खर्चले उहाँको जीवनमा भिन्नै रंग भर्‍यो । घरमा आयस्रोत कम थियो । कहिलेकाँही चामल र नुनको जोहो गर्नसमेत कठिन हुन्थ्यो । नानीबाबुहरूको पढाइ, लुगाफाटो, बिरामी पर्दाको औषधि सबै चुनौती बनेर उठ्थे । तर, विर्मिको मन भित्र कतै गहिराइमा एउटा सोच थियो न झुक्ने, न रोकिने । त्यो सोचले उहाँलाई भन्यो, यस्तो जीवन सधैंभरी किन सहने ? किन केही नगर्ने ? यही सोच्दासोच्दै उहाँले व्यवसाय गर्ने सोच बनाउनुभयो र धेरै सपना बुन्न थाल्नुभयो । तर, ती सपना पैसाको अभावमा अधुरा हुन थाले । साहुहरूको ढोका ढक्ढक्याउनुभयो तर साथ पाउनुभएन । उहाँले धेरै हिम्मत देखाउनुभयो र हार नखाने स्थितिमा पुग्नुभयो । दिनहरु बित्दै थिए, एक दिन उहाँको कानमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा जानकारी आयो । उहाँको मनले भन्यो, यो नै त हो सपना साकार बनाउने मौका । त्यसपछि वि.सं. २०६६ सालमा उहाँ संस्थाको मेहेलकुना सेवाकेन्द्र अन्तर्गत श्रीकृष्ण वातावरण महिला केन्द्र, केन्द्र नं. ३८ मा आबद्ध हुनुभयो ।



*बाख्राको हेरचाह गर्दै विर्मि बुढाथोकी*

सुरुमा डर लाग्थ्यो किस्ता तिर्न नसकिए के होला भनेर ? तर, मनले फेरि भन्यो केही नगरी बस्नु नै त सबैभन्दा ठूलो जोखिम हो । केही गर्ने हो भने त त्यो ठूलो अवसर हो । यही सोचेर उहाँले पहिलो पटक रु.१२,०००। ऋण लिएर बाख्रा पालन व्यवसाय सुरु गर्नुभयो । बाख्राहरू हुर्कंदै गए । उहाँको आत्मविश्वास पनि बढ्दै गयो । व्यवसाय फस्टाउँदै गयो । उस्तै साथमा आम्दानी पनि बृद्धि हुँदै गयो । किस्ताहरू पनि सजिलै तिर्न सक्ने हुनुभयो । त्यसपछि ऋण क्रमशः बढ्दै गयो रु.१८,०००।, रु.३५,०००।, रु.५०,०००। हुँदै हाल रु.३,००,०००। ऋण लिएर व्यवसायमा लगानी गर्नुभएको छ । सँगसँगै आम्दानी पनि बढ्दै गएको छ । विर्मि बुढाथोकीसँग अहिले ३४ वटा बाख्राहरू छन् । ती सबै बाख्राहरूले उहाँका सपना बाँधेर राखेका छन् ।

**बाख्राका बथानसँगै अहिले उहाँका आशा र सपनाहरु पनि फक्रिएका छन् । यी सपनाले घर चलाउँछन्, छोराछोरीको पढाइ सम्हाल्छन् र उहाँलाई समाजमा आत्मनिर्भर महिलाको रूपमा चिनाउँछन् ।** अहिले उहाँको मासिक आम्दानी रु.५०,०००। सम्म छ । कहिलेकाहीँ उहाँ एक्लै बाख्राको बथानतिर हेरेर मुस्कुराउनु हुन्छ । त्यो मुस्कानमा गर्व छ, आँट छ, अनि गहिरो अनुभूति छ । **साँच्चै जीवनमा असम्भव भन्ने केही हुँदैन, जबसम्म आत्मबल सँगै हुन्छ । उहाँ भन्नुहुन्छ लगनशील र इमान्दार भएर अघि बढ्दा सहयोग आफैँ आइपुग्छ ।** संस्थालाई सम्झँदै थप्नुहुन्छ, जीवनसाथी पछि मैले पाएको अर्को भरपर्दो साथी हो वातावरण सहकारी । आज उहाँ आफूजस्ता कैयौं महिलाहरूलाई सन्देश दिनुहुन्छ- **सपना सानो नठान्नुस, आँट गर्नुस अनि आफ्नो संघर्षमा गर्व गर्नुस । सफलताको बाटो यहीँबाट सुरु हुन्छ ।**

*(लेखन/संकलन : खगेन्द्र पौडेल)*

# सफलताको सारथी वातावरण

सुर्खेत जिल्लाको बराहताल गाउँपालिका ५, चेपाङ्ग निवासी बुवा बलबहादुर रोकाय र आमा अस्मीता रोकायको कोखबाट वि.सं. २०४९ साल असोज १७ गते माहिली छोरीको रुपमा जन्मनुभएको पवित्रा बुढाको बाल्यकाल सामान्य रुपमा बित्यो। पढाई लेखाई पनि सामान्य नै रह्यो। उहाँले उच्च शिक्षा हासिल गर्ने अवसर पाउनुभएन। उमेर बढ्दै गएपछि उहाँको २०७४ सालमा बराहताल गाउँपालिका वडा नं. ४, तरंगा निबासी मिनबहादुर बुढासँग परम्परागत रुपमा मागी बिवाह गर्नुभयो।

माईतीमा धेरै भाइबहिनी भएकोले पढाई लेखाई पनि धेरै हुन पाएन। त्यसैले उहाँले कुनै नोकरी गरौं भन्ने अवस्था पनि थिएन। व्यापार व्यवसाय गरौं भने लगानी गर्ने रकम नभएका कारण अगाडीको भविश्यलाई लिएर उहाँ निकै चिन्तित हुनु हुन्थ्यो। सासूससुराको कमाई कृषि तथा पशुपालन व्यवसायबाट घर खर्च मात्र सिमित रहेकोले थप प्रगति नहुने देखिएकाले आफुले पनि केहि गर्नुपर्छ भन्ने सोचेर आर्थिक समस्या र भौगोलिक कठिनाई हुँदाहुँदै पनि दुई छोरा र श्रीमानको साथ लिई उहाँ बराहताल गाउँपालिका ४, माथिल्लो तरंगामा आउनुभयो। यहाँ आएपछि श्रीमानले कपडा पसलमा काम सिक्ने मौका पाउनु भयो। पसलको कामबाट भएको आम्दानीलाई मध्यनजर गर्दै त्यसपछि उहाँले सिलाइ कटाईसँगै फेन्सी पसलको व्यवसाय गर्ने सोच बनाउनुभयो। तर, आर्थिक समस्याका कारण व्यापार व्यवसाय गर्ने आँट भने आएन। यसै बेला वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको लघुवित्त कार्यक्रमले सदस्यलाई समुह जमानतमाा बिनाधितो ऋण लगानी गर्छ भन्ने थाहा पाएपछि २०७० जेष्ठ २४ गते उहाँ वातावण सुधार बहुउद्देश्यीय सहकारी संस्थाको बड्डीचौर सेवाकेन्द अन्तरगत भैरब वातावरण महिला केन्द्र, केन्द्र नं. ४८ मा आवद्ध हुनुभयो।



*आफ्नो फेन्सी तथा सिलाई कटाई पसलमा व्यस्त पवित्रा बुढा*

सुरुमा संस्थामा बसेर बचत तथा ऋणको कारोबार गर्दा किस्ता तिर्न सकिदैन कि भन्ने डरले सताएता पनि आफु र श्रीमानको सल्लाह अनुसार सानो व्यापार व्यवसाय संचालन गर्ने निधो गरेर २०७० असार ९ गते रु.१५,०००। ऋण लिई व्यापारको सुरुवात गर्नुभयो। त्यसपछि उहाँमा पनि केही आँट आयो। व्यापार संचालन गर्दै पटक अनुसार ऋण पनि बृद्धि गर्दै, बचत गर्दै जाँदा किस्ता तिर्न सहज भएकाले आफ्नो व्यवसाय पनि बृद्धि गर्दै जानुभयो। व्यापार पनि राम्रो हुँदै गयो। ईमानदारीता र लगनशिलताका कारण सोही ब्यापार व्यवसायबाट छोराहरुलाई राम्रो शिक्षादिक्षा प्रदान गर्न सफल हुनुभएको छ अहिले। हाल उहाँले रु.५,००,०००। ऋण लिई सोही ब्यवसायमा लगानी गर्नुभएको छ। अहिले मासिक रु.१५ हजार देखि रु.२० हजारसम्म शुद्ध आम्दानी हुने गरेको उहाँ बताउनु हुन्छ। उहाँले भन्नुभयो, **मेरो आँट र सफलताको बाटोलाई सहज बनाइदिने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।**

मेरो ब्यापार ब्यवसायलाई यहाँसम्म पुऱ्याउने बातावरणलाई कहिल्लै नबिर्सने साथीको रुपमा लिन चाहन्छु, उहाँले खुशी हुँदै भन्नुभयो। उहाँ अहिले **ईमान्दारिता र लगनशिलताका साथ काम गर्ने दिदी बहिनीहरुलाई वातावरण संस्थाले पूर्ण रुपमा सहयोग र साथ दिन्छ** भन्ने सन्देश दिने गर्नुहुन्छ। आफ्नो सफलतामा वातावरण संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउने उहाँले **केहि व्यवसाय गर्ने सोच भएका तर व्यवसायमा लगानी गर्ने पूँजी नभएका दिदी बहिनीहरुलाई वातावरण संस्थामा आवद्ध हुन** सल्लाह समेत दिने गर्नुभएको छ।

*(लेखन/संकलन : जगतबहादुर थापा)*

# संघर्षले सफल व्यवसायी बनायो

सुर्खेत जिल्लाको पूर्वी क्षेत्र बजेडीचौर निबासी बुवा नरेन्द्रकुमार बस्नेत र आमा लिला बस्नेतको कोखबाट वि.सं. २०३९ साल असार ७ गते तेस्रो सन्तानको रुपमा हिरा रावलको जन्म भएको थियो । सामान्य परिवारमा जन्मनु भएको हिरा रावलको बाल्यकाल सुखमा नै बित्यो । परिवारको एक्लो छोरी भएकाले उहाँले जीवनमा धेरै कठिनाई भोग्नुपरेन । गाउँघरमा घाँस दाउरा, मेलापात गर्दै प्राथमिक तहसम्मको मात्र शिक्षा अध्ययन गर्न पाउनुभयो । उमेर बढ्दै गएपछि उहाँको २०५८ सालमा सिम्ता गाउँपालिका वडा नं. २ मा बस्ने जयबहादुर रावलसँग भागी विवाह गर्नुभयो । सो सँगै नयाँ घरको थप जिम्मेवारी पनि बहन गर्नुपऱ्यो । घरकी कान्छी बुहारी भएकाले घरको सम्पूर्ण जिम्मेवारी उहाँका काँधमा थपियो । उहाँको श्रीमानको कुनै जागिर तथा पेशा व्यवसाय नभएकाले घर व्यवहार चलाउन पनि कठिन हुन थाल्यो ।



*आफ्नो पसलमा व्यस्त हिरा रावल*

पारिवारिक आम्दानीको स्रोत नभएपछि उहाँको श्रीमान घर व्यवहार चलाउनको लागि भारततिर जानु भयो । भारतमा एक/दुई वर्ष बसेर उहाँले भने अनुसारको कामकाज नपाएपछि श्रीमानलाई पुनः नेपालमा बोलाउनु भयो । नेपालमा पनि भने अनुसार काम नपाइएकोले दिन प्रतिदिन आर्थिक अवस्था कमजोर हुँदै समस्या बढ्दै गयो । दुईवटा सन्तानको पढाइ लेखाइ गर्न पनि गाह्रो हुन थाल्यो । यही समयमा उहाँले घर भाडा लिएर जामुने बजारमा नास्ता पसल गर्ने योजना गर्नुभयो । नास्ता पसल सुरु गरेसँगै नास्ता पसल व्यवसायलाई व्यवस्थित र राम्रो बनाउनको लागि चाहिने आर्थिक नभएका कारण उहाँ जामुने बजारमा बिना धितो ऋण दिने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुबित्त कार्यक्रममा आवद्ध हुनुभयो ।

संस्थाको राकम सेवाकेन्द्र स्थित केन्द्र नं. २, हिमचुली वातावरण महिला केन्द्रमा मिति २०६६ साल पौष २७ गतेबाट आबद्ध भएपछि ऋण कारोवारो पनि गर्न थाल्नुभयो । संस्थाबाट ऋण लिएर नास्ता पसललाई बढाउदै जानुभयो । नास्ता पसल पनि राम्रोसँग चल्न थालेपछि आर्थिक अवस्था बलियो हुँदै गयो । व्यापार व्यवसायबाट राम्रो आम्दानी भएपछि बालबच्चालाई राम्रो शिक्षा दिन थाल्नुभयो भने जामुने बजारमा घडेरी समेत खरिद गरी घर बनाएर व्यवसायलाई नै परिर्वतन गर्नु भयो । पारिवारिक सल्लाह अनुसार उहाँले कस्मेटिक व्यापार संचालन गर्ने निधो गर्नुभयो । त्यसपछि आफ्नै घरमा कस्मेटिक पसल सुरु गर्नुभयो । अहिले श्रीमानको साथ सहयोग र आफ्नो लगनशिलताले कस्मेटिक पसलको सँगसँगै फेन्सी पसल पनि सुरु गर्नुभएको छ । उहाँले यी व्यवसायहरुलाई सफल बनाउन संस्थाबाट पटक पटक गरेर क्रमशः रु.१२,०००।, रु.२०,०००।, रु.५०,०००।, रु.१,००,०००।, रु.१,५०,०००।, रु.१,८०,०००।, रु.२,००,०००।, रु.३,००,०००।, रु.४,००,०००। र पछिल्लो पटक रु.४,५०,०००। ऋण लिनुभएको छ ।

सानो लगानीबाट सुरु गरेको व्यवसायलाई निरन्तरता दिदै र संघर्ष गर्दै आएकोले अहिले उहाँ एक सफल व्यवसायी बन्नुभएको छ । उहाँले कस्मेटिक र फेन्सी पसलबाट मासिक ५० देखि ६० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो । उहाँको परिवार सोही पेशामा सन्तुष्ट छ । **यही व्यवसायले गर्दा अहिले श्रीमान भारत तथा विदेश जानबाट रोकिनुभएको छ । सबै परिवार व्यवसायमा ब्यस्त भएकोले घर परिवारमा कलह नभई खुशी जिन्दगी बिताउन पाइएको उहाँ बताउनु हुन्छ । यसरी निरन्तर रुपमा संस्थाले हरेक समयमा आवश्यकता अनुसार नै आफूलाई आर्थिक सहयोग गरेकाले आज एक सफल व्यवसायी बनेको उहाँको भनाई रहेको छ ।** ग्रामीण भेगका दिदीबहिनीहरुलाई संस्थाले दिएको स-सानो ऋणबाट उत्पादनमुखी व्यवसाय गरेमा स्वयम् आफु मात्र नभएर समाज नै परिवर्तन हुन सक्ने उहाँको बुझाई समेत रहेको छ ।

*(लेखन/संकलन : वीरेन्द्रकुमार नेपाली)*

# व्यवसायिक सफलतामा वातावरणको साथ

सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका, वडा नं. ५ स्थित तिखाकुनामा बुवा बलबहादुर खत्री र आमा भुमिका खत्रीको सात सन्तानमध्ये पहिलो सन्तानको रुपमा वि.सं. २०४९ साल पौष १७ गतेका दिन सुनिता राम्जालीको जन्म भएको थियो । उहाँको बाल्यकालको धेरैजसो समय घरायसी कामकाजमै बित्यो । त्यसपछि उहाँ सत्र बर्षको कलिलो उमेर मै वि.सं. २०६६ सालमा पञ्चपुरी नगरपालिका, वडा नं. ५ निवासी होमबहादुर रामजालीसँग विवाह बन्धनमा बाँधिनु भयो । विवाह बन्धनमा बाँधिसकेपछि उहाँलाई घरपरिवारको जिम्मेबारीले च्याप्दै गयो ।

सानै उमेर, आम्दानीको स्रोत पनि राम्रो थिएन । के गरौं, कसो गरौं भनेर सोच्दासोच्दै उहाँले श्रीमानसँग सल्लाह गरेर कुनै व्यवसाय नै सुरु गर्ने निधोमा पुग्नुभयो । त्यसपछि श्रीमान श्रीमती मिलेर पञ्चपुरी ५, बाबियाचौर बजारमा कोठा भाडामा लिएर स्टेशनरी पसल पनि सुरु गर्नुभयो । तर व्यवसायमा लगानी बृद्धि गर्ने पूँजीको अभाव भएका कारण व्यापार राम्रोसँग चलिरहेको थिएन । त्यसै समयमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले संचालन गरेको लघुवित्त कार्यक्रमले बिनाधितो कर्जा लगानी गर्ने र थोरै थोरै गरेर किस्ता तिर्नुपर्छ भन्ने कुरा थाहा पाएपछि उहाँ २०६९ साल कात्तिक २७ गतेका दिन संस्थाको बाबियाचौर सेवाकेन्द्र अन्तर्गत केन्द्र नं. १, प्रगतिशील वातावरण महिला केन्द्रमा आबद्ध हुनुभयो ।



*ग्राहकसँग आफ्नो पसलमा सुनिता राम्जाली*

समूहमा आवद्ध भएपछि उहाँले सुरुमा रु.२०,०००।- कर्जा लिई आफ्नो व्यवसायमा लगाउनु भयो । सानो सानो किस्ता पर्ने, कर्जा भुक्तानी गर्न सहज भएका कारण उहाँले कर्जा र कम पनि बृद्धि गर्दै व्यवसायमा लगाउदै जानुभयो । व्यवसाय संचालन गर्दै गर्दा स्टेशनरी पसल भन्दा फेन्सी पसल संचालन गर्न उपयुक्त ठानेर उहाँले आफ्नै घरमा फेन्सी पसल सुरु गर्नुभयो । व्यापार व्यवसाय पनि राम्रो हुँदै गयो । त्यसपछि उहाँले संस्थाबाट क्रमशः रु.५०,०००।-, रु.७०,०००।-, रु.१,००,०००।- हुँदै पछिल्लो पटक रु.५,००,०००।- कर्जा लिई सोही व्यवसायमा लगाउनु भएको छ । अहिले श्रीमान श्रीमती दुबै जनाले सोही व्यवसायमा आफ्नो पुरा समय दिनुभएको छ । लगानी बृद्धिसँगै व्यापार पनि राम्रो हुँदै गएको छ । अहिले दैनिक रु.१,५००।- देखी रु.२,०००।- सम्म यसै संस्थामा रहेको आफ्नो दैनिक बचत खातामा जम्मा समेत गर्ने गरेको र सोही बचतबाट किस्ता तिर्ने गर्नुभएको छ ।

आफ्नो उद्देश्यप्रति लगनशील र इमान्दार भएर लाग्ने हो भने जीवनमा सफलता हात पार्न सकिने उहाँको भनाई छ । **सुरुमा व्यवसायमा लगानी गर्ने रकम थिएन, त्यस्तो अबस्थामा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले कर्जा लगानी गरेर अहिलेको व्यवसायिक सफलतामा ठूलो सहयोग गरेको** उहाँ बताउनु हुन्छ । आफ्नो सफलतामा वातावरण संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउदै **केही गर्ने सोच भएका दिदी बहिनीहरुको लागि वातावरण संस्था सधैं भरपर्दो साथी रहने** उहाँको बुझाई रहेको छ ।

*(लेखन/संकलन : गंगाराम सापकोटा)*

# प्रेरणा र सफलताको सारथी वातावरण

सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका १४, जर्बुटा निवासी बुवा पुरी बठायत र आमा नन्दकली कठायतको कोखबाट २०४८ साल मंसिर ४ गते सामान्य परिवारमा गंगा बुढाको जन्म भएको थियो । उहाँको बाल्यकाल घाँस, दाउरा, चुलोचौको र सामान्य रुपमा निम्न माध्यमिक तहसम्मको लेखपढ गर्दैमा बित्यो । बाल्यकाल पनि राम्रोसँग बित्न नपाउँदै २०६१ सालमा सुर्खेत वीरेन्द्रनगर १४ मा बस्ने गंगबहादुर बुढासँग १३ बर्षको कलिलै उमेरमा उहाँको सामाजिक परम्परा अनुसार मागी विवाह भयो । विवाह पश्चात कलिलो काँधमा जिम्मेवारीको भारी थपियो ।

कलिलो उमेरमा बिहे भएकाले घर ब्यबहार कसरी चलाउने भन्ने जानकारी पनि थिएन । यस्तो अवस्थामा सबै जिम्मेवारी काँधमा आयो । घर परिवारको आर्थिक अवस्था पनि त्यति राम्रो थिएन । परिवार तथा श्रीमानको कमाईबाट जीबन निर्वाह गर्न उहाँलाई धौ-धौ हुन थाल्यो । यसै क्रममा उहाँको परिवारमा १ छोरा र १ छोरीको जन्म भयो । गाउँघरमा सामान्य खेती र ज्याला मजदुरी गरी जसोतसो दैनिकी चल्दै थियो । तर, दिन प्रति दिन महंगीले गर्दा घर व्यवहार धान्न मुस्कील परेपछी उहाँले व्यापार व्यवसाय गर्ने सोच बनाउनु भयो । तर उहाँसँग लगानी गर्ने पैसा थिएन । पैसाको लागि धेरै पटक गाउँ धाउनु भयो तर कसैले पनि विश्वास गर्नु भएन । उहाँको आशा निरासामा बदलियो । उहाँ निरास भएकै बेला २०६९ सालमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.ले केही व्यवसाय गर्नेहरुका लागि सामुहिक जमानतमा बिना धितो ऋण लगानी गर्ने लघुबित्त कार्यक्रम संचालन गरेको कुरा थाह पाउनुभयो । यो थाह पाएपछि उहाँले आफ्नै पहलमा संस्थाको मेहेली धरमपोखरा सेवाकेन्द्र अन्तरगत कोपिला वातावरण महिला केन्द्र, केन्द्र नं. ७२ गठन गरी सदस्यता लिनु भयो ।



*बारीमा तरकारी टिपेर विक्रीको तयारीमा गंगा बुढा र उहाँले पालेका बाख्रा*

संस्थामा आवद्ध भएपछि उहाँले रु.२०,०००। मा रातानाङ्लामा चिया नास्ता पसल सुरु गर्नु भयो । केही समयसम्म ब्यापार सन्तोषजनक भए पनि उधारोले गर्दा अवस्था नाजुक हुन थाल्यो र केही उपाय नलागे पछि श्रीमानलाई विदेश पठाउनु भयो । अनि आफु खाली बस्नु भन्दा कृषि तथा बाख्रा पालन व्यवसाय सुरु गर्ने सोच बनाउनुभयो । यस कृषि तथा बाख्रा पालन व्यवसाय राम्रो भएपछि उहाँले श्रीमानलाई विदेशबाट बोलाउनु भयो र अहिले यही व्यवसायमा दुबैजना लाग्नु भएको छ । यो व्यवसायको लागि चाहिने रकम प्रयाप्त मात्रामा नहुँदा उहाँले संस्थाबाट क्रमशः रु.२०,०००।, रु.५०,०००।, रु.१,००,०००।, रु.२,००,०००।, रु.३,००,०००। गर्दै पछिल्लो पटक रु.५,००,०००। सम्म ऋण लिएर सोही व्यवसायमा लगानी गर्नुभएको छ । व्यसायबाट प्रगति पनि गरिरहनु भएको छ । हाल उहाँले आफ्नो व्यवसायबाट बार्षिक रु.८ देखि १० लाख सम्म किस्ता तिरेर पनि शुद्ध कमाउने गर्नु भएको छ । यही व्यवसायबाटको आम्दानीले सुर्खेतमा घडेरी पनि खरिद गर्नुभएको छ भने अहिले पनि ४७ वटा बाख्रा पालिरहनु भएको छ ।

लगनशील र इमान्दार भएर निरन्तर रुपमा आफ्नो व्यवसायमा लाग्ने हो र कसैको भरपर्दो साथ हुने हो भने जीवन सफल हुन कुनै कठिनाई नपर्ने उहाँले बताउनुभयो । **मसँग केही व्यवसाय गर्ने सोच र आँट थियो तर, लगानी गर्ने रकम थिएन । यस्तो अवस्थामा वातावरण संस्थाको ठूलो सहयोग र साथ पाएँ** उहाँले बताउनुभयो । **केही गर्ने सोच भएका दिदीबहिनीहरुको लागि यो वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. सधैं भरपर्दो साथी मात्र नभएर प्रेरणा र सहयोग सारथी पनि हुने गरेको** उहाँको बुझाई छ ।

*(लेखन/संकलन : लिलबहादुर सिजापती मगर)*

# वातावरणको साथले सफल व्यवसायी

कमला वि.क.को जन्म दैलेख जिल्ला, गुराँस गाउँपालिका वडा नं. ५, गोगनपानी निवासी बुबा नन्दे विश्वकर्मा र आमा पबित्रा विश्वकर्माको कोखबाट वि.सं. २०४८ मंसिर ८ गतेका दिन पहिलो सन्तानको रुपमा भएको थियो । घरायसी समस्याका कारण उच्च शिक्षा हासिल गर्न नपाए पनि साधारण लेखपढ सम्म गर्नु भएको उहाँको बाल्यकाल धेरैजसो समय घरायसी काममा नै बित्यो । उहाँको विवाह १९ बर्षको कलिलो उमेरमा २०६८ सालमा डुङ्गेश्वर गाउँपालिका वडा नं. ५, डाँडापराजुल निबासी डिल्लीबहादुर वि.क.सँग भयो । कलिलै उमेरमा विवाह भएपछि उहाँले वास्तविक जीवनको अर्थ बुझ्न थाल्नु भयो ।

समयसँगै दुई सन्तानकी आमा भएपछी उहाँले आमाको महत्व र जिम्वेवारी समेत बुझ्न थाल्नु भयो । घर व्यवरमा समेत उहाँ व्यवहारिक बन्दै जानुभयो । घरमा परम्परागत कृषि र पशुपालन व्यवसाय बाहेक अन्य आम्दानीको श्रोत केही पनि थिएन । पारिवारीक जिम्वेवारी थपिदै जानु र छोराछोरी बढ्दै गएपछि उहाँमा आर्थिक भार पनि बढ्दै गयो । यसै क्रममा २०७१ साल असार महिनामा उहाँ वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले संचालन गरेको डाँडापराजुल वातावरण महिला केन्द्र, केन्द्र नं. ४२ मा आवद्ध हुने मौका पाउनुभयो ।



*आफ्नो कुखुरा फार्म र खुद्रा पसलमा कमला वि.क.*

संस्थामा आबद्ध भएपछि उहाँले पहिलो पटक रु.१०,०००।- कर्जा लिई कुखुरा पालन व्यवसाय सुरु गर्नु भयो । व्यवसाय राम्रो हुँदै गएपछि पुनः रु.२५,०००।- कर्जा लिई कुखुरा पालन सँगसँगै खुद्रा ब्यापार पनि सुरु गर्नु भयो । व्यवसायहरु राम्रो हुँदै गएपछि उहाँले कुखुरा पालन, खुद्रा व्यापार सँगसँगै बाखा पालन व्यवसायलाई पनि बृद्धि गर्नुभयो। यसरी तीनवटा व्यवसायलाई सँगसँगै लैजान उहाँलाई रकमको अभाव भएका कारण पछिलो पटक संस्थाबाट रु.१५,००,०००।- कर्जा लिई सोही व्यवसायहरुमा लगानी लगाउनुभएको छ। व्यापार व्यवसायहरु पनि भने जसरी नै चलेका छन्। कमाई पनि राम्रो छ। व्यवसायको कमाईबाट नै उहाँले अहिले सुर्खेतको वीरेन्द्रनगरमा घडेरी समेत जोड्न सफल हुनुभएको छ । हाल उहाँको व्यवसायिक कुखुरा पालन तथा बाखा पालन गर्ने क्रममा १२ वटा उन्नत जातका बाखा पाल्नु भएको छ। पसल पनि निरन्तर चलाई रहनु भएको छ।

व्यवसाय सफल हुनुमा श्रीमानको पनि राम्रो साथ सहयोग भएकाले सहज भएको उहाँ बताउनु हुन्छ। व्यवसायिक आम्दानीबाट छोराछोरीको शिक्षा दिक्षा, लालन पालन तथा घर खर्च गरेर राम्रो बचत समेत गर्ने गरेको उहाँले बताउनु भयो । **लगनशील, इमान्दार र निरन्तरता सँगसँगै वातावरण जस्तो संस्था र श्रीमानको साथ भएमा जीवनमा सफल हुन कुनै कठिनाई नहुने** उहाँ बताउनु हुन्छ । **शुरुमा व्यवसाय सुरु गर्ने लगानीको रकम र भरपर्दो साथ दिने कोही थिएन । यस्तो अवश्थामा वातावरणले आर्थिक रुपमा बलियो साथ दिएको उहाँको भनाई छ । आफ्नो सफलतामा वातावरण संस्थाको प्रत्यक्ष रुपमा सहयोग रहेको बताउँदै उहाँ केही गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण संस्था सँधै भरपर्दो साथी हुने** बताउनु हुन्छ ।

*(लेखन/संकलन : ललित जि.सी.)*

# सुख दुःखको भरपर्दो साथी हो वातावरण

सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका, वडा नं. ६ चत्तुरेमा बस्ने बुबा मोहन सिं सार्की र आमा गंगा सार्कीको कोखबाट वि.सं. २०३५ साल बैशाख ८ गतेका दिन दोस्रो सन्तानको रुपमा ईश्वरी सार्कीको जन्म भएको थियो। सामान्य अवस्थाको परिवार भएकोले उहाँले राम्रोसँग पढाई गर्न पनि पाउनुभएन। त्यस समयमा छोरीले घर व्यबहार सम्हालनु पर्ने, घाँस दाउरा गर्नुपर्ने चलन पनि बढि थियो। त्यसैले उहाँले औपचारिक शिक्षा लिन पाउनुभएन। त्यसै सिलसिलामा गाउँघरको सानै उमेरमा विवाह गरिदिने चलनचल्तीका कारण उहाँले कलिलै उमेरमा २०५४ सालमा गाउँकै नवल सिं सार्कीसँग विवाह गर्नुभयो।

विवाह गरेपछि उहाँलाई थप घरायसी जिम्मेवारी पनि थपियो। उहाँको परिवारको आयस्रोत कम भएको कारण घर व्यवहार चलाउन गाह्रो हुन थाल्यो। अभाबमा दिनहरु बित्दै थिए २०५८ सालमा पहिलो सन्तान र २०६२ सालमा दोस्रो सन्तानको जन्म भएपछि उहाँको परिवारको संख्या पनि र जिम्मेवारी पनि बढ्यो। घरायसी समस्या सँगसँगै बच्चाहरुलाई उचित शिक्षादिक्षामा समेत समस्या पर्न थाल्यो। उहाँहरु आफु जति पनि दुःखकष्ट झेल्न तयार तर, आफ्ना सन्तानहरुको उचित शिक्षा चाँहि अनिवार्य हुनुपर्छ भन्ने सोचमा हुनुहुन्थ्यो। पढ्ने इच्छा चाहान हुँदाहुँदै पनि पढ्न नपाउनुको पिडा उहाँहरुमा थियो। छोराछोरीको भबिष्यका लागि गाउँमा बस्न उचित नलागे पछि उहाँहरु गाउँबाट वीरेन्द्रनगर आउनुभयो। कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा पनि बाहिरबाट आउँदा सोचेजस्तो हुँदैन। केहि दिन त उहाँहरुलाई बजारमा के गर्ने ? के नगर्ने ? भन्ने सोच्दासोच्दै बित्यो। व्यापार व्यवसाय थालनी गरौं त आफुसँग प्रयाप्त पैसा पनि छैन। ज्याला मजदुरी गरौं त खासै चिनजानका नि कोहि छैनन्। यस्तै गर्दै दिनहरु बितिरहेका थिए। यत्तिकैमा आफु बसेको नजिकै बस्ने एक जना दिदीले समुहमा आबद्ध भएपछि व्यवसाय गर्न ऋण पाइने जानकारी उहाँलाई दिनुभयो। अनि उहाँ अचम्मित हुनुभयो र बिना धितो ऋण दिने संस्था खोज्दै जाने क्रममा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., लघुवित्त कार्यक्रमको यरीचोक सेवाकेन्द्रमा जानुभयो। त्यसपछि सल्लाह अनुसार उहाँ यरिचोक सेवाकेन्द्र अन्तर्गत केन्द्र नं. ११४ को समुहमा आबद्ध हुनुभयो।



*आफ्नो पसलमा ईश्वरी सार्की*

समुहमा आवद्ध भएपनि उहाँले संस्थाको नियम अनुसार नै पहिलो पटकमा रु.५०,०००।- ऋण लिई बजारमा कोठा लिई जुता चप्पलको व्यवसाय गर्नेगरी सुज सेन्टरको सुरुवात गर्नुभयो। व्यवसायबाट केही आम्दानी हुन थालेपछि उहाँलाई नियमित किस्ता तिर्न पनि सहज हुँदै गयो। व्यवसाय पनि राम्रो हुँदै गयो। त्यसपछि उहाँले संस्थाबाट क्रमशः दोस्रो पटकमा रु.७५,०००।-, तेस्रो पटकमा रु.१,००,०००।- हुँदै हाल उहाँले पछिल्लो पटक रु.५,००,०००।- बिनाधितो ऋण कारोबार गर्नुभएको छ। उहाँको व्यापार दैनिक रु.१५,०००।- देखि रु.५०,०००।- सम्म हुन्छ। उहाँलाई किस्ता तिर्नमा कुनै समस्या छैन। संस्थाको साथ र सहयोगले उहाँको जीवनमा ठूलो परिवर्तन भएपछि उहाँ अहिले सबै दिदीबहिनीहरुलाई बजारमा चलिरहेका हल्लाका पछाडी कोही नलाग्नुहोला भन्नुहुन्छ। हामीले बिनाधितो लिने ऋणको रकम पनि हामी जस्तै दिदीबहीनीहरुले जम्मा गरेको बचत हो, दुःख पर्दा लिएको ऋण दुःखै गरेर तिरौं अरुको हल्लाका पछाडी लागेर आफ्नो समय बर्बाद नगरौ उहाँ भन्नुहुन्छ।

**आफ्नो मनमा आँट र साहस हुँदा पनि रकम अभावका कारण केही गर्न नसक्ने मेहनति र इमानदार व्यक्तिहरुका लागि वातावरण संस्था सुख दुःखको भरपर्दो साथी हो,** उहाँले भन्नुभयो। आफु जुन उद्देश्यले वीरेन्द्रनगर आएको थिए, त्यो सार्थक हुँदै गएको र यो सम्भव गर्न सहयोग गर्ने वातावरण संस्था भएको उहाँले बताउनुभयो। उहाँ भन्नुहुन्छ **संस्थाको सहयोगका साथसाथै मेहनत र लगनशील भएर लागिपरे सफलता अवश्य पाउन सकिन्छ।**

*(लेखन/संकलन : छविकुमारी आचार्य)*

# सफल व्यवसायी बन्न वातावरणको साथ

कन्चनपुर जिल्लाको दोधारा चाँदनी नगरपालिका, वडा नं. ७ बस्ने बुबा राजेन्द्र थापा मगर र आमा कमलादेवीको कोखबाट २०४९ साल भाद्र ६ गतेका दिन दोस्रो सन्तानको रुपमा हिमांसुकुमारी थापाको जन्म भएको थियो। गाउँघरमा घाँस दाउरा, मेलापात गर्दै उहाँले उच्च शिक्षा समेत हासिल गर्ने अवसर प्राप्त गर्नुभएको थियो। माईतीघरमा उहाँको बाल्यकाल सामान्य अवस्थामा नै बित्दै थियो, त्यसै अवस्थामा १९ बर्षको कलिलै उमेरमा सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. ११ बस्ने कमल थापासँग मागी विवाह भयो। कलिलै उमेरमा विवाह भएसँगै उहाँको काँधमा थप जिम्मेवारी थपिएको महशुस हुन थाल्यो। त्यसपछि उहाँको संघर्षका दिनहरु सुरु भए। उहाँलाई सँधै एउटै कुरा मैले जसरी आफ्नो बाल्यकाल बिताए पनि मेरा सन्तानको त्यो भन्दा राम्रो होस् भन्ने लाग्थ्यो।



*ग्राहकसँग व्यस्त हिमांसुकुमारी थापा*

सुरुमा घरको जेठी बुहारी भएको नाताले घरायसी कामधन्दा बाहेक अन्य व्यवसाय गर्ने योजना भएन। विवाह पछि दुई सन्तानकी आमा बनेपछि पैसाको महत्व बढ्न थाल्यो। बालबच्चा हुर्काउँदै गर्दा उनीहरुका विभिन्न आवश्यकता पनि बढ्दै गए। घरमा श्रीमान र आफ्नो कृषि बाहेक अन्य आम्दानीको स्रोत थिएन। व्यवसायिक रुपमा कृषि गर्नलाई प्रसस्त जग्गा जमिन पनि नभएकाले परिवारमा झन आर्थिक भार बढ्दै गएको थियो। घर व्यवहार चलाउन उहाँसँग सामान्य कृषि पेशा भन्दा अन्य कुनै आम्दानीको स्रोत नै भएन। व्यवसाय गरौं भने आफुसँग पैसा नहुने। गाउँघरतिर ऋण गर्दा चर्को ब्याजदर र गरगहना धितो राख्नुपर्ने अवस्था थियो भने धितोको लागि गहना समेत थिएन। जसले गर्दा ऋण पाउन गाह्रो भइरहेको थियो। यस्तै क्रममा वातावरणले समुह निर्माण गर्दै र ऋण लगानी गर्ने गरेको थाह पाउनुभयो। त्यसपछि उहाँले आफ्नै पहलमा गाउँका दिदीबहिनीहरुलाई जम्मा गरेर २०६९ साल कार्तिकमा समुह निर्माण गर्नुभयो। जुन रामघाट सेवाकेन्द्र अन्तर्गत पशुपति वातावरण महिला केन्द्र, केन्द्र नं. २६ मा आवद्ध छ। यस कार्यक्रममा समुह जमानतमा बिना धितो ऋण प्रवाह हुने भएपछि उहाँमा केहि व्यवसाय गर्ने आँट पनि आयो।

संस्थामा आवद्ध भएपछि घरपरिवारको सल्लाह अनुसार उहाँले कस्मेटिक पसल व्यवसाय सुरु गर्ने मनसायले पहिलो पटक ऋण रु.१०,०००।- ऋण लिई कस्मेटिक पसल सुरु गर्नुभयो। पछिल्लो पटक रु.५०,०००।- र रु.३,५०,०००।- ऋण लिई सोहि व्यवसायमा लगाउनु भएको छ। श्रीमान र आफु सोहि व्यवसायमा पुरा समय दिई संचालन गर्नुभएको छ। हाल उहाँको पसलमा रु.८,००,०००।- बराबर जतिको सामान रहेको छ। उहाँले आफ्नो व्यवसायबाट मासिक रुपमा रु.३५,०००।- सम्म शुद्ध बचत गर्न सफल भएको बताउनु भयो। जसले गर्दा छोराछोरीलाई समेत राम्रो स्कुलमा पढाउनु भएको छ।

**सुरुमा व्यवसाय गर्दा यति ठुलो सफलता प्राप्त होला भन्ने सोचेकै थिइन, लगनशिल, इमान्दार र निरन्तर तासँगै कसैको साथ भएमा जीवनमा सफल हुन कुनै कठिनाई नपर्ने रहेछ उहाँले बनाउनुभयो।** व्यवसाय सुरु गर्ने लगानीको रकम र भरपर्दो साथ दिने कोहि थिएन, यस्तो अवस्थामा **वातावरणले आर्थिक साथ दिएको उहाँको भनाई छ।** अहिले घर परिवारको खर्च चलाउन एकदमै सहज भएको साथै ऋण कसरी चलाउने ? बचत किन र कसको लागि गर्ने ? भन्ने धेरै कुराको ज्ञान समेत भएको उहाँले जानकारी दिनुभयो। **आफ्नो सफलतामा संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउँदै केहि गर्ने सोच भएका दिदीबहिनीको लागि वातावरण संस्था सधैं भरपर्दो साथी हुने समेत उहाँ भन्नुहुन्छ।**

*(लेखन/संकलन : लक्ष्मी खत्री)*

# वातावरणको सहयोगले सफल व्यवसायी बनें

सल्यान जिल्लाको कुमाख गाउँपालिका २, सुईकोट निवासी बुवा मानसिं कामी र आमा ललिता कामीको चार भाइ छोरा र पाँच दिदीबहिनीमध्ये कान्छी छोरीको रुपमा वि.सं. २०२५ साल श्रावण १० गते पार्बती कामीको जन्म भएको थियो। उहाँले गाउँमै घाँसदाउरा गर्दै र सामान्य पढलेख गर्दै २१ वर्षको उमेरमा सिद्धकुमाख गाउँपालिका ४, सागिने निबी ददिराम कामीसँग मागी विवाह गर्नुभयो। विवाह पछि पनि उहाँको जीवनमा उत्तारचढावहरु आइरहे तर उहाँले आफ्नो जीवनदेखि कहिल्लै हार खानु भएन।

विवाह गरेको छोटो समयमा नै दुई छोरा र एक छोरीको आमा बने पछि जीवन चलाउन पार्बती कामी र श्रीमान ददिराम कामी नयाँ नयाँ उपाय खोज्न थाल्नु भयो। उपायहरुको खोजी गर्दै जाँदा २०६७ सालमा फर्निचर व्यवसाय गर्ने सोचले उहाँ सल्लीबजार आउनु भयो। सल्लीबजार आएपछि पनि उहाँहरुको जीवनमा खास्सै परिवर्तन आउन सकेको थिएन। श्रीमानको कमाइले मात्र घर व्यवहार चलाउन निकै कठिनाई भइरहेको थियो। त्यसपछि पार्बती कामीले तरकारी पसल शुरु गर्ने सोच बनाउनुभयो र व्यवसाय बढाउन आर्थिक समस्या परेकाले उहाँ वातावरण संस्थाको देवस्थल सेवाकेन्द्र अन्तरगत केन्द्र नं. २, कर्णाली वातावरण महिला केन्द्रमा वि.सं. २०६९ साल श्रावणमा आवद्ध हुनुभयो।



*पसलमा ग्राहकसँग व्यस्त पार्वती कामी*

वातावरण सस्थामा आवद्ध भएपछि उहाले शुरुमा रु.२०,०००। ऋण लिएर तरकारी पसलमा लगानी गर्नुभयो। व्यापार राम्रै चलिरहेको थियो। त्यसपछि उहाँले क्रमस: रु.७५,०००।, रु.१,००,०००।, रु.१,५०,०००।, रु.३,२०,०००। हुँदै अहिले सातौं पटकमा रु.४,००,०००। ऋण लिइ फर्निचर व्यवसाय र तरकारी पसल गरिरहनु भएको छ। **सस्थाबाट भनेको समयमा निरन्तर ऋण पाउँदा आफुले सोचे अनुसारको व्यवसाय गर्न सहज भएको** उहाँको भनाइ छ।

हाल दैनिक रुपमा रु.२,०००। सम्मको शुद्ध आम्दानी गर्दै आउनु भएको छ। जसबाट घरव्यवहार चलाउन निकै सहज मात्र नभइ दैनिक बचत गर्न समेत सहज भएको उहाँ बताउनु हुन्छ। **वातावरणले एउटा सफल व्यवसायी बन्ने सपना पुरा गरिदिएकोमा निकै खुसी हुनुहुन्छ उहाँ। सस्थाको साथले आफूलाई अनुशासित, लगनशिल र इमान्दार भइ निरन्तर आफ्नो पेशा व्यवसायमा लागिरहने सिकाइ भएको र सोही अनुसार व्यवहारमा** लागु गरेकोले अहिले सफल व्यवसायी भएको उहाँ गर्वका साथ बताउनुहुन्छ।

*(लेखन/संकलन : ठुम्राकुमारी गिरी)*

# जीवन रूपान्तरणमा वातावरणको योगदान

निर्मलादेवी भण्डारीको जन्म दैलेख जिल्ला, दुल्लु नगरपालिका ५ बस्ने उदयराम कार्की र आमा धनसरा कार्कीको कोखबाट माहिली छोरीको रुपमा वि.सं. २०३८ साल मंसिर १६ गतेका दिन भएको थियो । उहाँको बाल्यकाल पढाई सँगसँगै घरायसी कामकाज र घाँस दाउरा गर्दैमा बित्यो । समयसँगै १९ वर्षको उमेरमा २०५७ सालमा चामुण्डा विन्द्रासैनी नगरपालिका, वडा नं. ८ बस्ने गोपिचन्द्र भण्डारीसँग उहाँको सामाजिक परम्परा अनुसार बिबाह भयो । विवाह पश्चात एक त सानै उमेरमा बिबाह, त्यसमाथि घरको जिम्मेवारीले उहाँलाई सताउन थाल्यो । उहाँको परिवारको आर्थिक अबस्था कमजोर भएकाले सामान्य घर ब्यबहार चलाउन पनि समस्या पर्थ्यो । समस्या समाधान गर्न केहि ब्यबसाय गर्ने सोच गर्दा पनि आर्थिक अभावका कारणले सफल हुन सकेन । श्रीमानको पनि कमाईकाज केही थिएन । घर ब्यबहार, चुलोचौको तथा छोराछोरीको शिक्षादिक्षाका साथसाथै घरपरिवारको जिम्मेवारी पनि उहाँमाथि थियो । केही व्यवसाय गर्ने सोचले साहुहरुकोमा जाँदापनि साहुहरुले उहाँलाई ऋण दिन पत्याएनन् ।



*भैंसीलाई घाँस खुवाउँदै निर्मलादेवी भण्डारी*

समस्याहरुलाई कसरी समाधान गर्ने होला भनेर सोच्दै जाँदा, भगवानले तँ आँट म पुऱ्याउँछु भनै झैं बिनाधितो ऋण प्रवाह गर्ने वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को लघुवित्त कार्यक्रमको बारेमा थाहा पाउनुभयो । कार्यक्रमको बारेमा राम्रोसँग बुझेपछि उहाँले संस्थामा आवद्ध हुने सोच पनि गर्नुभयो । त्यसपछि आफ्नै पहलमा संस्थाको चामुण्डा सेवाकेन्द्र अर्न्तगत केन्द्र नं. ४ मा २०७६ सालमा आफुसँगै अन्य दिदीबहिनीलाई पनि आबद्ध गराउनु भयो । कार्यक्रममा आबद्ध भएपछि सुरुमा उहाँलाई बचत तथा ऋण कारोबार गर्दा कस्तो होला ? किस्ता तिर्न नसक्ने हो कि ? भन्ने चिन्ताले सतायो । तर, उहाँले आफुले ब्यबसाय गरेमा पक्कै पनि किस्ता तिर्न सकिन्छ भन्ने आत्मबल र केही योजना थियो । त्यही योजनाका साथ उहाँले सुरुमा रु.२०,०००। ऋण लगेर भैंसी पालन व्यवसायको सुरुवात गिर्नुभयो । नभन्दै उहाँले सोचेजस्तै भैंसी पालन व्यवसायबाट राम्रो आम्दानी हुँदै गयो । उहाँलाई किस्ता तिर्न पनि कुनै समस्या भएन ।

व्यवसायको सफलताले उहाँले दिनप्रतिदिन प्रगति गर्दै जानुभयो । उहाँको आत्मबल समेत बृद्धि हुँदै गयो । उहाँले वातावरण संस्थाबाट कृषि व्यवसाय गर्ने भनेर पटक पटक गरेर क्रमश: रु.१,००,०००।, रु.१,५०,०००।, रु.२,५०,०००।, रु.३,५०,०००। र हाल पछिल्लो पटक पनि रु.३,५०,०००। पशुपालन व्यवसाय गर्नुभएको छ। संस्थाबाट ऋण लगेर गरेको ब्यबसायबाट प्राप्त आम्दानीले उहाँले अहिले दुईवटा भैंसी तथा ११ वटा बाखा पनि थप गरेर व्यवसायिक पशुपालनलाई निरन्तरता दिदै आउनु भएको छ। साथै सोहि आम्दानीबाट आफ्नो श्रीमानलाई समेत स्वरोजगार बनाउनु भएको छ । हाल उहाँले आफ्नो व्यवसायबाट मासिक रु.३०,०००। सम्म शुद्ध बचत गर्न सफल हुनुभएको छ। उहाँले सोही व्यवसायको आम्दानीबाट कोहलपुर र सुर्खेतमा केही जग्गा पनि खरिद गर्नुभएको छ ।

**लगनशील, इमान्दार र व्यवसायमा निरन्तरतासँगै परिवार र वातावरण जस्तो संस्थाको राम्रो साथ पाएमा जीबनमा सफल हुन जस्तोसुकै कठिनाई भएपनि सहज हुने रहेछ,** उहाँले भन्नुभयो । किनकि उहाँसँग लगनशीलता र इमान्दारिता थियो तर व्यवसाय सुरु गर्ने रकम थिएन। यस्तो अवस्थामा वातावरण संस्थाले बलियो आर्थिक साथ दिएको उहाँको भनाई छ । आफ्नो पछिल्लो **सफलता र जीवन रुपान्तरणमा वातावरण संस्थाको प्रत्यक्ष रुपमा योगदान रहेको बताउने उहाँ केही गर्ने सोच भएका दिदीबहिनीहरुका लागि वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सँधै भरपर्दो साथी हुने** बताउँदै संस्थामा आवद्ध हुन समेत सल्लाह दिनुहुन्छ ।

*(लेखन/संकलन : भिषण पुलामी मगर)*

# सानो लगानी नै दिगो व्यवसायको आधार

दैलेख जिल्ला, दुल्लु नगरपालिका वडा नं. ६ बस्ने आमा मोतीकला बिष्ट र बुवा दलबहादुर बिष्टको कोखबाट माहिली सन्तानको रुपमा वि.सं. २०५३ सालमा श्रृजनाकुमारी बिष्ट रावलको जन्म भएको थियो। सामान्य परिवारमा जन्मनु भएको श्रृजनाकुमारी बिष्ट रावलको बाल्यकाल दुःखमा नै बित्यो। उहाँले बाल्यकालमा धेरै कठिनाई भोग्नु पर्‍यो। गाउँघरमा घाँस दाउरा, मेलापात गर्दै उहाँको बाल्यकाल बित्यो। उहाँको विवाह दुल्लु नगरपालिका वडा नं. ६ बस्ने भक्तबहादुर रावलसँग सामाजिक परम्परा अनुसार भयो। विवाह पश्चात पनि उहाँका दुःख र संघर्षका दिन गएनन्। नयाँ घरको थप जिम्मेवारी पनि बहन गर्नुपर्‍यो। घरकी बुहारी भएकाले घरको सम्पूर्ण जिम्मेवारी पनि थपियो।

समयसँगै एक छोरा र एक छोरीको जन्म भएपछि सन्तानहरुको जिम्मेवारी पनि उहाँमा थपियो। घरको आर्थिक अवस्था राम्रो नभएका कारण घर व्यवहार चलाउन पनि कठिन हुन थाल्यो। छोराछोरी हुर्कदै गएपछि उहाँ र उहाँको श्रीमानले केही आम्दानी हुने खालको व्यवसाय गर्नुपर्छ भन्ने सल्लाह गर्नुभयो। त्यसपछि सल्लाह अनुसार उहाँको श्रीमानले दुल्लु नगरपालिका, वडा नं. ७ मा सामान्य मोबाईल पसल गरेर घर व्यवहार चलाउने निधो गर्नुभयो। तर, उहाँसँग लगानी गर्ने रकम थिएन। त्यसपछि व्यापार संचालन गर्नका लागि उहाँ २०७३ साल असोज ७ गते वातावरण संस्थामा आवद्ध हुनुभयो। संस्थाको लघुबित्त कार्यक्रम अन्तर्गत केन्द्र नं. ४२, कृतिखम्बा वातावरण महिला केन्द्रमा आवद्ध भएपछि उहाँले पहिलो पटक रु.५०,०००।- ऋण कारोबार गरेर व्यापार सुरु गर्नुभयो। व्यापार पनि राम्रो हुँदै जान थाल्यो। त्यसपछि क्रमशः ऋण लिदै व्यवसायमा लगानी थप्दै जानुभयो र हाल पछिल्लो पटक रु.४,३०,०००।- ऋण लिएर एउटा फेन्सी पसल पनि संचालनमा ल्याउनुभएको छ।





*आफ्नो मोवाईल तथा फेन्सी पसलमा श्रृजनाकुमारी बिष्ट रावल*

अहिले उहाँ र श्रीमान दुबैजना व्यापारमा संलग्न हुनुहुन्छ। मोबाईल पसल र फेन्सी पसल दुबै संचालन गर्नुभएको छ। मासिक रुपमा उहाँले व्यापार व्यवसायबाट मात्र ३० देखि ४० हजारसम्म शुद्ध आम्दानी हुने गरेको बताउनुभयो। अहिले **उहाँले व्यापारमा सहयोग गर्न एक जनालाई रोजगारी समेत दिनुभएको छ।** व्यापारबाटै उहाँले अहिले दुल्लु बजारमा १ वटा र सुर्खेतमा १ वटा घडेरी जोड्नु भएको छ। **उहाँको परिवार सोही पेशा व्यवसायमा सन्तुष्ट छ।** अहिले छोरीलाई सुर्खेतमा बोर्डिङ स्कुलमा पढाइरहनु भएको छ। छोराछोरीको शिक्षादिक्षा, घर व्यवहार चलाउन अहिले कुनै समस्या नभएको उहाँले बताउनु भयो।

उहाँले अहिले आफ्नो तथा परिवारको आयस्तरलाई माथि उठाई एक कुशल व्यवसायी बनेर नमुनाको रुपमा पहिचान बनाउनु भएको छ। सोही अनुसारको मेहेनत पनि गर्नुभएको छ। **गाउँका अन्य दिदीबहिनीहरुलाई संस्थाले दिएको लगानी उत्पादनमुखी व्यवसायमा लगानी गर्नुपर्ने** उहाँको सुझाव रहेको छ। **इमान्दार भएर व्यवसाय गरेमा सानो लगानीबाट नै दिगो व्यवसाय हुन्छ भन्ने उहाँको बुझाई रहेको छ।** समाजमा केही बन्नु छ भने, स्वयम् आफु परिवर्तन हुनुपर्ने रहेछ उहाँले बताउनुभयो। **वातावरण संस्थाको साथ र सहयोगले आफ्नो गाउँमा एक सफल व्यवसायीको रुपमा पहिचान निर्माण भएको** उहाँ बताउनुहुन्छ। **वातावरण संस्थाले स्वयम् आफ्नो मात्र नभई समग्र ग्रामीण समुदायको जीवनस्तर परिवर्तन गरेको उहाँको बुझाई रहेको छ।**

*(लेखन/संकलन : लोकबहादुर वली)*

# मेरो सफलतामा वातावरणको साथ

सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका वडा नं. २ बस्ने बुबा परमल राजी र आमा तुल्सी राजीको कोखबाट वि.सं. २०४३ साल भाद्र ९ गतेका दिन जन्मनुभएकी देवकुमारी रानाको कालिमाटी गाउँपालिका वडा नं. ४ बस्ने जुनराज रानासँग १३ बर्षको सानै उमेरमा विवाह भएको थियो । सानै उमेरमा विवाह भएका कारण उहाँले पढाइलाई निरन्तरता दिन सक्नुभएन । कक्षा ५ सम्मको पढाईलाई रोकेर घर ब्यबहारमै ब्यस्त हुनुपर्ने भयो ।

विवाह पश्चान उहाँको काँधमा ठूलो जिम्मेवारी आयो। घर व्यवहार चलाउनुपर्ने भयो। घरको आर्थिक अवस्था पनि त्यति राम्रो थिएन । श्रीमानको पनि पढाई धेरै थिएन । दुबैजनाको पढाई धेरै नभएको कारण भनेजस्तो काम पनि नपाउने अवस्था थियो। त्यसपछि दुबैजनाको घर सल्लाह अनुसार कृषि पेशालाई नै व्यवसायिक रुपमा सुरु गर्ने सोच बनाउनु भयो। किनकी आम्दानीको स्रोत केही नहुँदा परिवारमा दिन प्रतिदिन आर्थिक संकट बढ्दै जान थालेको थियो। बालबच्चाहरु पनि हुर्कन थाले। घरमा छोराछोरीहरुको पढाई लेखाई, विवाहब्रतुन सबै कुराले दिन प्रतिदिन पिरोल्दै गएको थियो । घर खर्च बढ्दै थियो, मनमा अनेक थरिका कुराहरु खेल्दै थिए । के गर्ने र कसो गर्ने ? कृषि पेशालाई कसरी व्यसायिक बनाउन सकिन्छ ? त्यो पनि कुनै मेलोमेसो थिएन । त्यसपछि श्रीमानले स्कुलमा सहयोगीको रुपमा काम गर्न सुरु गर्नुभएको थियो । तर श्रीमानको कमाईबाट मात्र घर व्यवहार चलाउन नसकिने अवस्था थियो ।


आफ्नो बंगुर फार्ममा देवकुमारी राना

अरु कुनै व्यवसाय गर्नको लागि उहाँसँग पैसा पनि थिएन । गाउँमा सापटी रुपैयाँ खोजेर पाईदैन, पाईहाले पनि मासिक रुपमा चर्को ब्याज र साँवा एकमुष्ट भुक्तान गर्नुपर्ने । साँवा एकमुष्ट भुक्तान गर्न पनि सम्भव थिएन । तर त्यसैबेला गाउँघरमा उखान छ “तँ आँट म पुऱ्याउँछु” भने जस्तै” भयो । त्यस समयमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्थाले समुह बनाएर व्यवसाय गर्ने समुहका महिला दिदीबहिनीहरुलाई किस्ता किस्तामा तिर्नेगरी ऋण प्रवाह गर्ने लघुवित्त कार्यक्रम सुरु गरेको थाह पाउनुभयो । त्यो थाह पाएपछि उहाँले गाउँमा समुह बनाएर पहिला सानो ऋण लिएर सानो रकमबाट बंगुर पालन व्यवसाय सुरुवात गर्नुभयो । व्यवसाय पनि राम्रो हुँदै गयो । उहाँले संस्थाबाट पनि समय समयमा ऋण थप्दै गएर सोही व्यवसायलाई व्यवसायिकरण गर्दै जानुभयो । व्यवसाय बढाउदै जाने क्रममा हाल पछिल्लो चरणमा संस्थाबाट रु.३,००,०००।- ऋण थप गरी सोही बंगुर पालन व्यवसायलाई निरन्तरता दिदै सोही व्यवसायमा व्यस्त हुनुभएको छ । आम्दानी पनि राम्रै छ । घर व्यवहार पनि राम्रोसँग चलाउनुभएको छ ।

व्यवसाय संचालन गर्न उहाँले श्रीमानको पनि राम्रो साथ पाउनुभएको छ । **वातावरण संस्थाको व्यवसायमा लगानी गर्ने आर्थिक सहयोगका कारण आफू अहिले एक सफल उद्यमी बनेको उहाँको बुझाई रहेको छ ।** अहिले उहाँले बीसवटा बंगुर पालन गर्नुभएको छ । **संस्थाबाट भनेको समयमा निरन्तर ऋण पाउँदा र आफुले सोचेअनुसारको व्यवसाय गर्न पाउँदा अहिले उहाँ निकै खुशी हुनुहुन्छ । वातावरण संस्थाले आफ्नो सफल कृषि व्यवसायी बन्ने सपना पुरा गरिदिएकोमा खुशी भएको बताउँदै आफ्नो अहिलेको सफलतामा संस्थाको महत्वपूर्ण योगदान रहेको उहाँ निर्धक्कका साथ भन्नुहुन्छ ।** कुनै व्यवसाय गर्न चाहने अन्य दिदीबहिनीहरुलाई पनि उहाँ अहिले वातावरण संस्थाको सदस्य बन्न उत्प्रेरित गर्नुहुन । उहाँ **भन्नुहुन्छ, कुनै व्यवसाय सुरु गर्ने सोच छ तर लगानी गर्ने रकम छैन भने वातावरण संस्थामा आवद्ध हुनुहोस् अवश्य पनि तपाई हाम्रो सपना पुरा हुनेछ ।**

*(लेखन/संकलन : वालानन्द ज्ञवाली)*

## शुद्ध दुग्धजन्य पदार्थ खाऔं, स्वस्थ बनौं



सदस्य, उपभोक्ता तथा कृषकको माग बमोजिम यस वातावरण सुधार बहुद्देश्यीय सहकारी संस्था लि. ले वातावरण दुग्धशाला सञ्चालनमा ल्याएको वातावरण दुग्धशालाबाट उत्पादित दुध, दही, घ्यू, पनिर, खुवा, छुर्पी र क्रिम उपभोग गर्नुहुन अनुरोध छ ।

"हाम्रो प्रतिवद्धता, दुग्ध पदार्थमा शुद्धता"

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

### वातावरण दुग्धशाला

**वीरेन्द्रनगर ८, वातावरण भवन, सुर्खेत**

सम्पर्क नं.: ०८३-५२३०९३, मोवाईल नं.: ९८०१३६९९४२





# सबै रेमिटान्स सेवाहरू अब वातावरणबाट

सदस्यहरूको सेवा सुविधालाई मध्यनजर गर्दै यस संस्थाका सुर्खेत, दैलेख र सल्यान जिल्लामा रहेका सबै सेवाकेन्द्रहरुबाट आई.एम.ई. लगायतका सबै रेमिटान्स कम्पनीहरूको एजेन्सी लिई सहज तथा प्रभावकारी किसिमले रेमिटान्स सेवा शुरु भएको ब्यहोरा सबैमा जानकारी गराईन्छ ।

## संस्थाले प्रदान गर्ने रेमिटान्स सेवाहरू :

- आई.एम.ई.
- सिटी एक्सप्रेस रेमिट
- रिलायवल रेमिट
- हिमाल रेमिट
- प्रभु मनि ट्रान्सफर
- मुक्तिनाथ रेमिट
- वुम रेमिट
- आईपे रेमिट

# टिप्पणीका लागि

# संस्थाको वर्तमान सञ्चालक समिति, सल्लाहकार, लेखा समिति तथा उप-समितिहरूका पदाधिकारी एवम् सदस्यहरू

## सञ्चालक समिति



चन्द्रलाल आचार्य
अध्यक्ष



| प्रेमप्रसाद चालिसे | राधाकुमारी ढकाल | ताराकेशर पौडेल | चित्रा वली | खगिकुमारी बास्तोला |
|---|---|---|---|---|
| उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | सदस्य | सदस्य |



| हिरा बुढा मगर | डिले वली | काँशीमाया राना | यामकुमारी हमाल |
|---|---|---|---|
| सदस्य | सदस्य | सदस्य | सदस्य |

## सल्लाहकारहरू



| कमलराज रेग्मी | कृष्णप्रसाद पौडेल | डम्वरप्रसाद अर्याल | देवकुमार सुवेदी | उत्तमप्रसाद आचार्य |
|---|---|---|---|---|
| संस्थापक सल्लाहकार | सल्लाहकार | सल्लाहकार | सल्लाहकार | कानुनी सल्लाहकार |

## लेखा समिति



| हेमलाल पन्त | हरिमाया पुलामी | तिलक खनाल |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |

## शिक्षा तथा तालिम उप-समिति



| राधाकुमारी ढकाल | गणेश बस्नेत | उमा आचार्य | बालकृष्ण खरेल | अम्बिका खनाल |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |

## ऋण लगानी तथा असुली उप-समिति



| ताराकेशर पौडेल | ऋषि भट्टराई | वेदनिधि रेग्मी |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य |

## महिला, युवा तथा बालबालिका उप-समिति



| खगिकुमारी बास्तोला | दुर्गा खत्री गिरी | हिमकुमारी पौडेल | देवीकुमारी शाही | शोभा ढकाल |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |

## रोजगार प्रवर्द्धन, व्यवसायिक सम्भाव्यता अध्ययन तथा वातावरण संरक्षण उप-समिति



| ताराकेशर पौडेल | टंकप्रसाद आचार्य | घनबहादुर जि.सी. | सरस्वती पन्त | किरण बस्नेत |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |

## लघुवित्त प्रवर्द्धन तथा व्यवस्थापन उप-समिति



| हिरा बुढा मगर | अनन्तप्रसाद पौडेल | कमला नेपाली | टंकप्रसाद आचार्य | श्यामलाल न्यौपाने |
|---|---|---|---|---|
| संयोजक | सदस्य | सदस्य | सदस्य | सदस्य सचिव |

## दुग्धशाला प्रवर्द्धन तथा व्यवस्थापन उप-समिति



| प्रेमप्रसाद चालिसे | सुभाष आचार्य | यामनारायण आचार्य |
|---|---|---|
| संयोजक | सदस्य | सदस्य सचिव |






संस्थाको २२औं वार्षिक साधारणसभा अन्तर्गत एकाई बैठक नं. २ मा आफ्नो भनाई राख्नुहुँदै प्रमुख अतिथि कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय सुरेश अधिकारी तथा उपस्थित सदस्यहरू



सहकारी संस्थाहरूतर्फ उत्कृष्ट करदाताको रूपमा प्रशंसा–पत्र ग्रहण गर्दै संस्थाका अध्यक्ष श्री चन्द्रलाल आचार्य




२२औं वार्षिक साधारणसभा अन्तर्गत एकाई प्रतिनिधिहरूको सभामा उपस्थित अतिथिहरू



संस्थाको २२औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा संस्थागत प्रस्तुति प्रस्तुत गर्दै प्रबन्धक




६८औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आयोजित र्‍यालीमा संस्थाको ब्यानरसहितको सहभागिता

**CORRESPONDENCE ADDRESS:**

**Batawaran Sudhar Multipurpose Co-Operative Limited (BASUCOL)**
**Birendranagar-8, Surkhet**
**Phone No:** 977-083-523428, 524977, 523759
**Fax No:** 977-083-521359
**E-mail:** edcolmicrofinance@gmail.com
**Web Site:** https://edcolsurkhet.com

मुद्रण: विन्ध्यावासिनी प्रिन्टर्स एण्ड सप्लायर्स, वीरेन्द्रनगर-६, सुर्खेत